# जीवन को सम्पत्तिहरू

लेखक
मुहम्मद बिन अब्दुर्रहमान बिन अब्दुल्लाह असोबैहीन

# प्रस्तावना

सम्पुर्ण प्रशंसा अल्लाह को निमित्त नै हो, जसले कलम द्वार सिकाउनु भयो र मनुष्या लाई अज्ञात को ज्ञान प्रदान गर्नु भयो, र शान्ति र दरुद होस् (सन्देशवाहक माथि) जस् लाई संक्षिप्त तर अर्थमा व्यापक शब्दहरू दिइयो , र उहाँका साथीहरू (लाई पनि शान्ति होस्), जो सद्गुणी र असल छन्, र शान्ति होस् उनीहरु लाई पनि जसले तिनीहरू को दस्तुर पालन गरि त्यहि मार्ग पछयाए, र बोली र कलम बाट ज्ञान फैलाउन योगदान दिए।

त्यस पछि :

ज्ञान ले लेखकहरू, पाठकहरू र जसलाई ज्ञान पुग्छ, तब मात्र फाइदा हुन्छ जब शब्द र लेखाइ, सरल र बुझ्न सजिलो ढाँचामा प्रस्तुत गरिन्छ, जसले ज्ञानलाई बुझ्न,याद गर्न र अरूसम्म पुर्याउन सजिलो बनाउँछ। तसर्थ, अल्लाहका रसुल (स) को पद्धति यसका शब्दहरूमा स्पष्ट थियो, अर्थमा विस्तृत थियो, र बुझ्न र याद गर्न सजिलो थियो।

र मलाई विश्वास छ कि यस किताब को नाम, विषय र सङ्कलन शैलीमा लेखकले लेखका विधि हरू मध्य दुई वटा तरिका पएछन्।

पहिलो: कर्मको गुणहरू को विषयमा मलाई थाहा भएसम्म, यो पहिले कसैले नगरेको एउटा रचना हो।

दोस्रो: लेखक ले आफ्नो पुस्तक (अरबी संस्करण) मा यस विषयमा छरिएका ज्ञानलाई संयोजन र संगठित गर्दै विभिन्न रंगहरू प्रयोग गरेका छन्, र रंगहरूको प्रयोगले तिनीहरूलाई बुझ्न र पाठकको मन मा ज्ञान लाई पक्का पार्न धेरै सहयोग हुन्छ भन्ने कुरामा कुनै शंका छैन। मेरो जानकारी अनुसार, यस पुस्तकको विषय सम्बन्ध मा लेखिएको कुनै आर्क किताब यस किताब को लेखशैली मा लेखिएको छैन।

यस पुस्तकको विशेषताहरू मध्ये एक यो हो कि लेखकले सहिह वा हसन श्रेणि का हदीसहरू उल्लेख गर्न धेरै ध्यान दिए, जुन एक सराहनीय कुरा हो, किनकि फजाएल-आमल बारे  धेरै जसो लेख्न र बोल्न हरू ले जइफ र मनगढन्त हदीसहरूको स्रोत बाट कुरा उल्लेख गर्छन्, ।

हुन सक्छ कि केही मुहद्दीसीन को विधि अनुसार जइफ हदीसबाट प्रमाण लिनहरूको कुरा खपाउन सकिन्छ,  तर उत्तम र सावधानी को कुरा भनेको सही हदीसहरू बाट मात्र प्रमाणित गर्नु हो। इमाम र मुहद्दिथ अब्दुल्लाह बिन मुबारक (रह) ले धेरै राम्रो कुरा भन्नुभयो: " प्रामाणित सही हदीसले जइफ लाई अनावश्यक बनाउँछ "।

यस पुस्तकको खुलासा निम्नानुसार छ :

पुस्तकमा मुख्य तर्क हरू र निष्कर्षहरू प्रामाण सहित सामेल छन्, र प्रमाण हरू लाई बुझ्न र सम्झन सजिलो बनाउन विभिन्न रंगहरूले सजाइएको छ,यो पुस्तकको बारेमा थियो ।

पुस्तक को लेखक भने प्रो डा. मुहम्मद बिन अब्दुररहमान अस- सुबैहिन हुनुहुन्छ । मैले भाषा र व्याकरणमा उहाँको ठूलो ज्ञान ले फाइदा उठाएँ, तर त्यो भन्दा पहिले मैले उहाँको राम्रो राम्रो व्यावहार बानीबाट लाभ उठाएँ। उहाँ मेरो लागि प्रस्तावना लेख्नको लागि बढी हकदार हुनुहुन्छ, र म विश्वास गर्छु कि उहाँको लागि मेरो यो प्रस्तावना गुरुका सन्तानहरू प्रति छात्र तर्फ बाट पुण्य कार्यजस्तै हो, किनभने उहाँका बुबा मेरा शिक्षकहरू मध्ये एक हुनुहुन्थ्यो, माहद अर-रियाज अल- इल्मी मा मैले उहाँको ज्ञान र सल्लाह को धेरै लाभ उठाए, अल्लाहले उहाँलाई अल- फिरदौस अल- अलामा स्थान प्रदान गरून् र उहाँका छोराछोरी र नाति नातिनि हरूलाई आशिष् दिउन्। आमिन ।

निष्कर्षमा पुग्नु अघि, म प्रो. मुहम्मद लाई यसै किताबको शैलीमा नमाज, जकात, सउम र हज,  यी चार आधारसँग सम्बन्धित हदीसहरू संकलन गर्न सुझाव दिन्छु; र त्यस कर्म हरू को पुण्य हरू र त्यसका प्रतिफल हरू पाप क्षमा वा  उच्च दर्जा वा आदि सित  सम्बन्धित भनेर पनि उल्लख गर्न सल्लाह दिन्छु ।

अन्तमा म सर्वशक्तिमान अल्लाहसँग प्रोफेसर मुहम्मदको यो उम्दा लेख स्वीकार गर्न प्रार्थना गर्दछु, मलाई आशा छ कि यो पुस्तक धेरै उपयोगी हुनेछ, र सर्वशक्तिमान अल्लाहको कृपाले यसको लाभ को दायरा अझ विस्तार हुनेछ, किनभने यस पुस्तकमा आस्था, भक्ति र व्यवहारिक कर्महरूको सद्गुणहरू को बारेमा साथै सर्वशक्तिमान अल्लाहले आफ्नो नियम लाई धेरै सरल बनाएको ठूलो आशिष हरूको व्याख्या गरिएको छ, यो विशेषताले मानिसहरूलाई यो पुस्तक पढेर ज्ञान प्राप्त गर्न र त्यस आधारमा कार्य गर्न आकर्षित गर्नेछ ।

मलाई विश्वास छ कि यस बहुमूल्य सम्पत्तिको संकलन मार्फत लेखकमा अल्लाहको आशीर्वाद यस धेरै स्पष्ट छ ।अल्लाहले यस पुस्तकलाई लेखकको लागि एक बहुमूल्य सम्पत्ति बनाउन्, जसले यस संसार र परलोकमा फाइदा पुऱ्याओस्, र यसलाई पढ्ने, सुन्ने र यसलाई अरू सम्म पुर्याउन हरू को पुण्य जस्तै लेखक ले पाओस् ।

सबै प्रशंसा अल्लाहको लागि हो जसको कृपाले राम्रो कामहरू समाप्त हुन्छ।
अब्दुल अजिज बिन मुहम्मद बिन अब्दुल्ला अस्सदहान

# यस किताब मा मेरो विधि

**पहिलो:** मैले जीवनका ती सद्गुणहरू मात्र उल्लेख गरेको छु जुन कुरान र हदीसले पुष्टि गरेको छ, चाहे त्यो सहिह होस् वा हसन।

यो ज्ञात छ कि विद्वानहरू हदीसलाई सहिह , हसन वा दाइफ सँग नियमीत गर्नमा भिन्न छन् , किनकि तिनीहरूको सनद हरूको उपाधि जाँच गर्ने विधिहरू एकअर्काबाट भिन्न छन्। तसर्थ, तपाईले एउटा हदीस भेट्टाउन सक्नुहुन्छ जुन एक विद्वानको अनुसार हसन हो भने अर्कोले यसलाई दाईफको भनेको हुन्छ। यसमा केही गलत छैन, किनभने हदीसको दर्जा को निर्णयमा विद्वानहरू बीचको मतभेद एक प्रसिद्ध मुद्दा हो। हाम्रो लागि महत्त्वपूर्ण कुरा यो हो कि हदीसलाई सहिह , हसन वा दाइफको साथ नियमीत गर्ने विद्वान हदीसको विज्ञान मा योग्य होस्।

**दोस्रो:** मैले सम्पत्तिहरूलाई केही प्रमुख अध्यायहरूमा विभाजन गरेको छु, जस्तै

१- अल्लाहको निकटता बारे

२- मन नपर्ने चीजहरू हटाउने बारे

३- उद्देश्य हासिल गर्ने बारे

मुस्लिमको पहिलो उद्देश्य सर्वशक्तिमान अल्लाहको नजिक हुनु हो, त्यसपछि मन नपर्ने चीजहरूबाट उसले आफूलाई शुद्ध गर्नु हो, र यो उद्देश्य अरू उद्देश्यको प्राप्ति भन्दा पहिलै हुन्छ।
र प्रत्येक अध्यायमा धेरै खण्डहरू छन्।

**तेस्रो:** हरेक खण्डमा मैले जीवनका सम्पत्तिहरूलाई तिनीहरूको गुण अनुसार व्यवस्थित गरेको छु, ताकि यदि तपाईंलाई ती सबै कर्म गर्न गाह्रो भयो भने, सबैभन्दा ठूलो पुण्य प्राप्त गर्न क्रमबद्ध रूपमा सुरु गर्नुहोस्।

**चौथो:** मैले प्रत्येक सम्पत्तिको छेउमा एउटा गोलो आकार बनाएको छु ताकि कर्म गरेपछि यसलाई चिन्ह लगाइयोस्।

**पाँचौं:** मैले सम्पत्ति, यसको उत्कृष्टता, र यसका प्रमाणहरू प्रत्येक खण्डमा छुट्टाछुट्टै उल्लेख गरेको छु।

**छैटौं:** मैले सम्पत्तिहरू कालो रङले लेखेको छु, र कर्महरू को उत्कृष्टता हरियो रगँ ले, जुन स्वर्गवासीहरूको लुगाको रंग हो, र प्रमाण हरू नीलो रङ्ग ले  जुन समुद्रको रंग हो र त्यसमा साक्षीलाई रातो रंगले भिन्न गरेको छु।

**सातौं:** हदीसको सन्दर्भलाई संक्षिप्त रूपमा यसरी उल्लेख गरिएको छ कि हदीस नम्बर यसको मूल स्रोतबाट हदीसहरू दुई सहिह र चार सुनन को किताब , आदिबाट लिइएका। र हदीसको प्रमाणीकरण, हदीसका विद्वानहरू, विशेष गरी अहमद शाकिर , अल्बानी , शोएब अल- अरनौत (रह), आदिमा निर्भर छ।

**आठौं:** जहाँ आवश्यक छ त्यहाँ मैले कठिन शब्दहरू पनि व्याख्या गरेको छु।

सायद यो सर्वशक्तिमान अल्लाहको कृपा हो कि यी सबै "जीवनको सम्पत्ति" (कर्मका गुणहरू) को कुल संख्या ३६० जमा भएछ  जुन एक वर्षको दिनहरूको संख्या बरबार छ, यदि एक मुस्लिमले दैनिक रूपले एउटा उल्लेखित कर्म  (सम्पत्ति)  भएपनि त्यस्लाई गर्दछ भने वर्षको अन्त्यमा उसले यति धेरै कर्म गरिसकेको हुन्छ जति कुनै निष्कर्म ले आफ्नो सम्पूर्ण जीवनमा पनि गर्न सक्दैन।

सफल त्यो हो जसलाई अल्लाहले आफ्नो आशिषले सफलता दिनुहुन्छ।

म सर्वशक्तिमान् अल्लाहसँग प्रार्थना गर्दछु कि यो पुस्तक पढ्ने, सुन्ने वा अरूसम्म पुर्याउने र त्यसमा कार्य गर्ने सबैका लागि उपयोगी बनाउन्। म सर्वशक्तिमान् अल्लाहमा भरोसा गर्छु र मेरो सबै मामिलाहरू उहाँलाई सुम्पन्छु, अल्लाह सर्वशक्तिमान बाहेक कुनै शक्ति छैन।

मोहम्मद बिन अब्दुररहमान बिन अब्दुल्लाह असोबैहिन

# जीवन को सम्पत्तिहरू
## (३६० सम्पत्तिहरू)

**अल्लाहको आदेश पूरा गर्न र उनी बाट नजिक हुन मद्दत गर्ने सरल लाभदायक कार्यहरू (59 सम्पत्ति)**

- अल्लाहको आदेश पूरा गर्न मद्दत गर्ने कार्यहरू (25) सम्पत्तिहरू
- अल्लाहको निकटता प्राप्त गर्न मद्दत गर्ने कार्यहरू (१३) सम्पत्तिहरू
- अल्लाहको अनुग्रह कमाउन मद्दत गर्ने कार्यहरू (21) सम्पत्तिहरू

**यस दुनिया र मरे पछिको संसारमा आइपरिने विपत्ति लाई खत्तम पार्ने कार्य हरु (91 सम्पत्तिहरु)**

- धर्मलाई हानी पुर्याउने कुरा हटाउन मद्दत गर्ने कार्य हरू (53) सम्पत्तिहरू
- अल्लाहको आदेश पूरा गर्न मद्दत गर्ने कार्यहरू (17) सम्पत्तिहरू
- अल्लाहको आदेश पूरा गर्न मद्दत गर्ने कार्यहरू (21) सम्पत्तिहरू

**(मरणोपरान्त) यस संसार र आखेरत को जीवनको उद्देश्यहरू पूरा गर्न मद्दत गर्ने सम्पत्तिहरू (210 सम्पत्तिहरू)**

- धार्मिक उद्देश्य पूरा गर्न सहयोग गर्ने कार्य हरू (5) सम्पत्तिहरू
- व्यावहारिक उद्देश्य पूरा गर्न मद्दत गर्ने कार्य हरू (14) सम्पत्तिहरू
- आखेरत को उद्देश्यहरू पूरा गर्न कार्य हरू (146) सम्पत्तिहरू
- स्वयम् आत्मिक उद्देश्यहरू पूरा गर्न कार्य हरू (31) सम्पत्तिहरू
- यस संसारको उद्देश्य पूरा गर्न मद्दत गर्ने कार्य हरू (10) सम्पत्तिहरू
- अल्लाहको आदेश पूरा गर्न मद्दत गर्ने कार्यहरू (4) सम्पत्तिहरू

## पहिलो अध्याय:

अल्लाहको आदेश पूरा गर्न र उनी बाट नजिक हुन मद्दत गर्ने सरल लाभदायक कार्यहरू (59 सम्पत्ति) :

यस अध्याय मा तीन खण्ड हरू छन् :

**खण्ड 1:** अल्लाहको आदेश पूरा गर्न मद्दत गर्ने कार्यहरू (25) सम्पत्तिहरू

**खण्ड २:** अल्लाहको निकटता प्राप्त गर्न मद्दत गर्ने कार्यहरू (१३) सम्पत्तिहरू

**खण्ड 3:** अल्लाहको अनुग्रह कमाउन मद्दत गर्ने कार्यहरू (21) सम्पत्तिहरू

# खण्ड 1:

## अल्लाहको आदेश पूरा गर्न मद्दत गर्ने कार्यहरू

## (25) सम्पत्तिहरू

سرمایہ پر عمل

# सम्पत्ति-१

## १- प्रार्थना

**लाभ:** भक्तित्वको प्राप्ति

**प्रमाण:** अन-नुमान बिन बशीर (रअ) ले भन्नुभयो कि

अल्लाहको रसूल (स.) को भनाइ छ : " प्रार्थना उपासना हो" त्यसपछि उहाँले यो श्लोक पढ्नु भयो, { र तिम्रो पालनकर्ताको आदेश छ कि ‘‘तिमी मसित प्रार्थना गर, म तिम्रो प्रार्थना स्वीकार गर्नेछु । जुन मानिसहरू मेरो उपासनाबाट घमण्डले अहंकार गर्छन्, अति शीघ्र नर्कमा तिरस्कृत भई प्रवेश गर्नेछन् ( गाफिर ६०)} [गाफिर: 60]

तिर्मीजी (२९७९) ले भन्नुभयो: "यो हदीस हसन सहिह हो" र अल्बानीले यसलाई सहिहको दर्जा दिए।

سرمایہ پر عمل

# सम्पत्ति-२

## २-सत्य

लाभ : सत्यताको प्राप्ति

प्रमाण: इब्न मसुद (रअ) ले भने कि अल्लाहको रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: सत्यले सदाचारिता तर्फ डोर्याउँछ र सदाचारिता जन्नत सम्म लैजान्छ, र एक व्यक्ति सत्यवान् भइरहन्छ त ऊ सत्यवादी मध्ये लेखिन्छ ।

बुखारी (६०९४), मुस्लिम (२६०४)

سرمایہ پر عمل

## सम्पत्ति-३

### ३- अल्लाह को डर

**लाभ**: अल्लाहको नजरमा मानिसहरूमध्ये श्रेष्ठ हुनु।

**प्रमाण:** अल्लाहले भन्नुहुन्छ: {निश्चय नै अल्लाहको नजरमा मीहरूमध्ये सबैभन्दा महान व्यक्ति तिमीहरूमध्ये सबैभन्दा धर्मी हो} [अल-हुजुरात: ३]

سرمایہ پر عمل

## सम्पत्ति-४-५

### ४-५ रिसलाई दबाउनू र क्षमा गर्न

**लाभ**: पुण्य र ईशभयको प्राप्ती ।

**प्रमाण**: {(स्वर्ग) जुन अल्लाहसँग डर मान्नेहरूको निम्ति बनाइएको छ ,जसले सुख र दु:खमा (अल्लाहको मार्गमा) खर्च गर्दछन् र क्रोधलाई नियन्त्रणमा राख्दछन् र मानिसहरूका त्रुटिहरू क्षमा गरिदिन्छन्, अल्लाह ती सत्कर्म गर्नेहरूलाई प्रेम गर्दछ (आल- इमरान १३३-१३४)) [अली 'इमरान: 133-134]।

سرمایہ پر عمل

## सम्पत्ति-६

### 6- घाम निकै तापयुक्त भएपछि सलातूज्दोहा पढ्नु।

**लाभ:** अल्लाह तर्फ फर्कि फर्कि आउनूहरू मध्ये एक हुनु।

**प्रमाण:** जैद बिन अरकम (रअ) ले केही मानिसहरूलाई दिउँसो प्रार्थना गरिरहेको देखेर भन्नुभयो: तिनीहरू राम्ररी जान्दछन् कि यो भन्दा अर्को समयमा प्रार्थना गर्नु उत्तम छ! अल्लाहको रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: (सलातूज्दोहा तब पढिन्छ जब दूधछुटेका ऊँटका बच्चाहरूले सूर्यको ताप आफ्नो पैतालो मा महसुस गर्छन्) मुस्लिम (७४८)

سرمایہ پر عمل

# सम्पत्ति-७

## 7- 40 दिन सम्म नमाज को मण्डलीमा पहिलो तकबीर पक्रनु

लाभ: कपट झूटबाट मुक्ति

प्रमाण: अनस (रअ) ले भन्नुभयो कि अल्लाहको रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: (यदि कसैले अल्लाहको लागि पहिलो तकबीरको समयमै उपस्थित भई चालीस दिनसम्म प्रार्थना गर्दछ भने, उसको लागि दुईवटा प्रतिरक्षाहरू लेखिनेछन्, एउटा नरकबाट र अर्को कपट झूटबाट)।

तिरमिदी (२४१), अहमद (१२५८३) र अल्बानीले यसलाई सहिहको दर्जा दिएका छन्।

سرمایہ پر عمل

# सम्पत्ति-८

## ८-उपवास

**लाभ:** उत्तम र शुद्ध कर्म मध्ये एक।

**प्रमाण:** यो वर्णन गरिएको छ कि अबू उमामाह (रअ) ले भन्नुभयो: मैले भने: 'हे अल्लाहको रसूल, मलाई एउटा कामको लागि निर्देशन दिनुहोस् जसले मलाई जन्नतमा प्रवेश गराउन सक्छ। उहाँले भन्नुभयो: (रोजा बस्नु, किनकि यसको बराबर केहि छैन) वा उहाँले भन्नुभयो: (यस जस्तो केहि छैन)

अहमद (22707) र अल्बानीले यसलाई सहिह दर्जा दिए।

سرمایہ پر عمل

# सम्पत्ति-९

## 9- अल्लाह को सम्झना:

**लाभ:** सबै भन्दा राम्रो र शुद्ध कर्म मध्ये एक।

**प्रमाण:** अबु दर्डा' (रअ) ले भन्नुभयो कि अल्लाहको रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: ("के मलै तिमीहरूलाई सबैभन्दा राम्रो कर्म बारे नसूनाऊ, जून कर्म तिम्रो ईश्वर सामून्ने अतिशुद्ध छ, र जसले तिमीहरूको स्तरलाई उच्च पार्छ, र जुन तिमीहरूको लागि सुन चाँदी खर्च गर्नु भन्दा पनि उत्तम छ, र त्यो तिमीहरूका लागि शत्रुलाई भेटेर एकअर्काको टाउको काट्नुभन्दा पनि श्रेष्ठ छ?" तिनीहरूले भने: "निस्सन्देह भन्नूहोस" उहाँले भन्नुभयो: "त्यो कर्म अल्लाहको सम्झना (जिक्र) हो")

तिरमिदी (3377) र अल्बानीले यसलाई सहिह दर्जा दिए।

سرمایہ پر عمل

## सम्पत्ति-१०

**10- "ला इलाहा इल्लाल्लाहु, वाह्दाहु ला शारिका लाहु, लाहुल-मुलकु वा लहुल-हमदु, वा हुवा 'अला कुल्ली शाय्इन कदीर" 100 पटक**

**लाभ:** उत्तम र शुद्ध कर्म मध्ये एक।

**प्रमाण:** अबू हुरैराह (रअ) ले भन्नुहून्छ कि रसूल (स.) ले भन्नुभयो: (जसले 'ला इलाहा इल्लाल्लाह, वाह्दाहु ला शारिका लाह, लहुल्ल मुल्कु व लहु'ल हमद, वा हुवा अला कुल्ली शाय्इन कदीर', " अल्लाह बाहेक कोही ईश्वर छैन, उनिएक्लै हून्, कोही साझेदार छैन। राज्य र प्रशंसा उहाँकै हो र उहाँ सबै कुरामा महाशक्तिशाली हुनुहुन्छ" दिनमा सय पटक भन्छ, उसको लागि १० दासलाई मुक्त गर्नु बराबर र एक सयवटा राम्रो कर्महरू को पूण्य लेखिन्छ र एक सय पाप उहाँबाट मेटाइन्छ, र त्यो उसको लागि दिन रातसम्म शैतानबाट सुरक्षा हूनेछ। र त्यो भन्दा उत्कृष्ट कर्म अरू कसैको हूदैन, सिवाय त्यस व्यक्तिको जसले उहि कर्म अझ बढी गरेको हून्छ

बुखारी (٣٢٩٣) र मुस्लिम (٢٦٩١)

سرمایہ پر عمل

## सम्पत्ति-११

**11- "सुब्हानल्लाहि वा बिहमदिहि" बिहान र साँझको बखत सय पटक भन्नु**

**लाभ:** उत्तम र शुद्ध कर्म मध्ये एक।

**प्रमाण :** अबु हुरैराह (रअ) ले भन्नुहून्छ कि रसूल (स.) ले भन्नुभयो: (यदि कसैले बिहान र साँझ सय पटक 'सुबहनाल्लाहि व बिहमदीह' भन्यो, "परमेश्वरको महिमा होस्, र म उहाँको प्रशंसाको साथ सुरु गर्छु", महाप्रलय को दिन त्यो भन्दा उत्कृष्ट कर्म अरू कसैको हूदैन, सिवाय त्यस व्यक्तिको जसले उहि कर्म उस्को जस्तै अथवा ऊ भन्दा अझ बढी गरेको हून्छ।

मुस्लिम (٢٦٩٢)

سرمایہ پر عمل

✓ ○

## सम्पत्ति-१२-१३

**12_13- खाना खूवाउनु र परिचित अपरिचित व्यक्ति लाई सलाम गर्नु**

**लाभ:** उत्तम र शुद्ध कर्म मध्ये एक।

**प्रमाण:** 'अब्दुल्लाह बिन 'अम्र बिन अल-आ।स (रअ) को कथन छ कि: एक व्यक्तिले अल्लाहको रसूललाई सोधे: "इस्लाममा कुन कार्य सबैभन्दा राम्रो छ?" उहाँले जवाफ दिनुभयो: (गरिब र खाँचोमा परेकाहरूलाई खुवाउन र आफूले चिनेका र नचिनेकाहरूलाई सलाम गर्नु)

बुखारी (١٢) र मुस्लिम (٣٩)

سرمایہ پر عمل

✓ ○

## सम्पत्ति-१४-१७

**14 - 17 - मुस्लिमलाई खुशी पार्नु, उसलाई संकटबाट मुक्त गर्नु, उसको ऋण तिर्नु, र उसको भोक मेटाउनु**

**लाभ:** अल्लाहको लागि सबैभन्दा मनपर्ने कार्यहरू मध्ये एक।

**प्रमाण :** इब्न उमर (रअ) ले बताउनुभयो कि अल्लाहको रसूल (स.) ले भन्नुभयो: (सर्वशक्तिमान अल्लाहलाई सबैभन्दा मनपर्ने कार्यहरू एक मुस्लिमलाई खुशी पार्नु, उसलाई संकटबाट मुक्त गर्न, उसको ऋण तिर्नु र उसको भोक हटाउनु हो)

# सम्पत्ति-१८

**18- अल्लाहको मार्गमा जिहाद गर्नु, त्यसमा एक घण्टा उभिनु, वा एक दिन रात वा एक दिन अल्लाहको मार्गमा रक्षा को निम्ति ठडिनु ।**

**लाभ:** त्यो कर्म  हजर अल-अस्वाद भएको स्थानमा लैलात-उल-कदर को समय प्रार्थना गर्नु, ६० वर्षसम्म इबादत गर्नु, ६० वर्ष एकान्तमा नमाज पढ्नु, र एक महिना उपवास र प्रार्थनामा खर्च गर्नु भन्दा उत्तम छ।

**प्रमाण:** ★अबू हुरैरा (रअ) ले भन्नुभयो: मैले सुनें
अल्लाहका रसूल (स.) ले भन्दै हुनुहुन्थ्यो : (अल्लाहको मार्गमा एक घण्टा उभिनु हजर अल-अस्वाद भएको स्थानमा लैलात-उल-कदरको प्रार्थना गर्नुभन्दा उत्तम हो)

★ इमरान बिन हुसैन (रअ) ले बताउनुभयो कि अल्लाहको रसूल (स.) ले भन्नुभयो: (अल्लाहको मार्गमा  उभिएको पंत्तिमा खडा हुनु अल्लाहको नजरमा ६० वर्षको उपासना भन्दा उत्तम छ)

★ अबू हुरैराह (रअ) ले बताउनुभयो कि रसुल (स.) भन्नुभयो: (तिमीहरूमध्ये कसैको अल्लाहको मार्गमा खडा हुनु एकान्तमा ६० वर्षको प्रार्थना भन्दा राम्रो छ)

★सलमान (रअ ले भन्नुभयो: मैले सुनें अल्लाहका रसूल (स.) ले भन्दै हुनुहुन्थ्यो: एक दिन रात अल्लाहको मार्गमा (रिबात) गर्नु एक महिनाको रोजा बस्नु र त्यसका सबै रातहरूमा नमाज पढ्नुभन्दा श्रेष्ठ हो।

★ सलमान अल-फार्सी (रअ) ले भन्नुभयो: मैले सुनें अल्लाहका रसूल (स.) ले भन्दै हुनुहुन्थ्यो: (अल्लाहको मार्गमा एक दिनको लागि बस्नु उत्तम छ – वा शायद उहाँले भन्नुभयो - एक महिना उपवास  र प्रार्थनामा बिताउनु भन्दा राम्रो छ)

तबरानी अल-मुजम अल-कबीर (١٣٦٣٦) र अल्बानीले  यसलाई सहिह दर्जा दिए

سرمایہ پر عمل

## सम्पत्ति-१९

### 19- लैलात-उल-कदरमा असल कर्महरू गर्ने

**लाभ:** यो एक हजार महिनाको कर्म भन्दा पनि श्रेष्ठ छ।

**प्रमाण:** अल्लाह भन्नुहुन्छ: { शबेकद्र एक हजार महीनाभन्दा राम्रो छ (कद्र ३)} [अल-कदर: 3]

سرمایہ پر عمل

## सम्पत्ति-२०

### 20- विवाद समाधान गर्नु

**लाभ:** यो उपवास र सदका भन्दा राम्रो छ।

**प्रमाण:** अबू दर्दा (रअ) ले बताउनुभयो कि अल्लाहका रसूल (स.) ले भन्नुभयो: (के म तिमीहरूलाई उपवास, नमाज र दान भन्दा पनि धेरै उत्कृष्ट कर्म बारे बताउँ? मानिसहरूले जवाफ दिए: हो, अल्लाहका पैगम्बर! उहाँले भन्नुभयो: एक आपस मा बिग्रेको सम्बन्ध र मैत्री लाई सुधार्नु, किनभने आपसि मेलजोल र सम्बन्ध लाई बिगार्ने चलखेल ले धर्म विनाश पार्छ।

मुस्नाद अहमद (10937) र अल्बानीले यसलाई सहिह दर्जा दिए। मुस्लिम (१९१३) तिरमिदी (१६६५) र अल्बानीले यसलाई सहिहको दर्जा दिएका छन्

سرمایہ پر عمل

## सम्पत्ति-२१

### 21- शुक्रबार फजरको नमाज मण्डली (जमाअत) मा पढ्नु।

**लाभ:** सबै भन्दा राम्रो प्रार्थना मध्ये एक हो।

**प्रमाण:** अबू ओबैदा बिन अल-जर्राह बाट कथित छ कि अल्लाहका रसूल (स.) ले भन्नुभयो: (शुक्रवारको दिन मण्डलीमा बिहानीको नमाज पढ्नु उत्तम नमाज मध्ये एक हो)

मुस्नाद अल-बज्जर (१२७९) र अल्बानीले यसलाई सहिहको दर्जा दिएका छन्।

سرمایہ پر عمل

## सम्पत्ति-२२

**22- घरमा नफिल (अनिवार्य नमाजहरू बाहेक) नमाजहरू पढ्नु ।**

**लाभ:** यो(फर्ढ) अनिवार्य नमाजहरू पछि सबैभन्दा उत्तम नमाज हो ।

**प्रमाण:** जैद बिन षाबित (रअ) बताउनुभयो : पैगम्बर (स.) ले भन्नुभयो: (हे मानिसहरू! नफिल नमाजहरू आफ्नो घरमै पढ्नुहोस् किनकि अनिवार्य नमाज बाहेक सबैभन्दा श्रेष्ठ नमाज त्यो हो जुन घरमा पढीन्छ ।

अबु दाउद (४९१९), तिर्मिधि (२५०९), अहमद (२८१५६)। अल्बानीले यसलाई सहिह दर्जा दिए,मुस्नाद अल-बज्जर (१२७९) र अल्बानीले यसलाई सहिहको दर्जा दिए।

سرمایہ پر عمل

## सम्पत्ति-२३

**23- अबेराति नमाज पढ्नु र सयवटा आयत पढ्ने जति नमाजमा खडा हुनु ।**

**लाभ:** यो(फर्ढ) अनिवार्य नमाजहरू पछि सबैभन्दा उत्तम नमाज हो, र यो कार्य गर्नुले भक्त अल्लाहको आज्ञाकारी बन्दछ ।

**प्रमाण:** ★ अबू हुरैरा (रअ) को वर्णन छ कि: अल्लाह को

अल्लाहका रसूल (स.) ले भन्नुभयो: (अनिवार्य नमाज पछि सबैभन्दा उत्कृष्ट नमाज रातको नमाज हो)

★ अब्दुल्लाह बिन अमर बिन अल-आस (रअ) ले बताउनु भयो कि अल्लाहका रसूल (स.) ले भन्नु भएको छ: (यदि कसैले नमाज पढ्छ र सय आयतहरू पढ्छ भने, उसलाई अल्लाहको आज्ञाकारीहरूमध्ये लेखिनेछ)

मुस्लिम (११६३)

अबु दाउद (१३९८), अल्बानीले यसलाई सहिहको दर्जा दिए।

سرمایہ پر عمل

## सम्पत्ति-२४

**24- मुहर्रम महिनामा उपवास**

**लाभ:** रमजान पछि उपवास को लागि उत्तम महिना

**प्रमाण:** अबू हुरैरह (रअ) भन्नुहुन्छ कि अल्लाहका रसूल (स.) ले भन्नुभयो: (रमजान पछि रोजा बस्नको लागि सबैभन्दा राम्रो महिना अल्लाहको महिना, मुहर्रम हो।

मुस्लिम (1163)

سرمایہ پر عمل

## सम्पत्ति-२५

**25- ईशाको नमाज पछि चार रकाअत बिच्चमा सलामले अलग नगरी पढ्नु।**

**लाभ:** ती चार रकाअत (पुण्यमा) लैलात-उल-कदरमा पढिएको चार रकाअत बराबर हुन्छ।

**प्रमाण:** अब्दुल्लाह बिन मसूद (रअ) ले भन्नुभयो: (जसले 'इशा' पछि चार रकत नमाज पढ्छ,र तिनीहरू लाई बीचमा  सलाम फेरी अलग गर्दैन, ति रकाअतहरू लैलात-उल-कद्रको चार रकतहरू बराबर हुनेछन्)।

मुस्लिम (1163)।

अल-मुसन्नाफ इब्न अबी शैबा (2/72/1) , र अल्बानीले यसलाई सहिह दर्जा दिए।

# खण्ड दुईः

## सर्वशक्तिमान अल्लाहको निकटता प्राप्त गर्न मद्दत गर्ने सम्पत्तिहरू

(१३ सम्पत्ति)

سرمایہ پر عمل

## सम्पत्ति-२६

**१-अल्लाह को तक्वा (अल्लाह को भय र प्रेम भाव ले आदेशपालन गर्ने कर्म)**

**लाभ:** अल्लाहको संरशक्षकत्व, साथ र प्रेमको प्राप्ति।

**प्रमाण:** ★अल्लाह ले भन्नु हुन्छ:सुनिराखः कि अल्लाहका मित्रहरूलाई न कुनै भय–त्रास हुनेछ र नत तिनीहरू दुःखी हुनेछन् ,यी तिनीहरू हुन् जसले ईमान ल्याए र आत्मसंयमी रहे (युनुस 62-63)]

★ अल्लाह ले भन्नु हुन्छ: र अल्लाह परहेजगारहरूको मित्र हो (अल जासीया १९)

★अल्लाह ले भन्नु हुन्छ: र जानिराख कि अल्लाह आत्मसंयमीहरूको साथमा छ (अल तौबा ३६

★अल्लाह ले भन्नु हुन्छ: निश्चित मान कि जो आत्मसंयमी र असल छन्, अल्लाह मात्र उनीसँग छ (अल नहल १२८)

★ (अल्लाह ले भन्नु हुन्छ: अवश्य अल्लाह ईमानदारहरूसित प्रेम गर्दछ ( आल इमरान ७६)

★अल्लाह ले भन्नु हुन्छ: निश्चय नै अल्लाह सत्यनिष्ठहरूलाई प्रेम गर्दछ (अल -तौबा ७)

سرمایہ پر عمل

## सम्पत्ति-२७

**२-दया**

**लाभ:** अल्लाह को साथ र प्रेमको प्राप्ति।

**प्रमाण:** अल्लाह भन्नुहुन्छ: ★ {निश्चय अल्लाह यिनीहरूसँग छन् जो खराबीबाट टाढा रहन्छ र जसले असल काम गर्छ [अन-नहलः १२८

★ {र अल्लाहले सत्कर्म गर्नेहरूलाई माया गर्नुहुन्छ} (अली इमरान: 134)

سرمایہ پر عمل

## सम्पत्ति-२८

### ٣- अल्लाह को जिक्र ( मनमा सम्झनु र मूखले जप्नु)

**लाभ:** अल्लाह साथ हुने भावना को प्राप्ति।

**प्रमाण:** अबू हुरैरह (रअ) ले बताउनु भयो कि : अल्लाहको रसूल (स.) ले भन्नुभयो: (अल्लाहले भन्नुहुन्छ: म मेरो दासको लागी उस्ले मसगं आशा गरेको जस्तो छु, र जब उसले मलाई सम्झन्छ म उसको साथमा हुन्छु)

बुखारी (7405) र मुस्लिम (2675)

سرمایہ پر عمل

## सम्पत्ति-२९

### ४- अल्लाह सगं माग्नु र प्राथना गर्नु

**लाभ:** अल्लाह को निकटता।

**प्रमाण:** अबू हुरैरा (रअ) बाट कथित छ कि अल्लाहका रसूल (स.) ले भन्नु भएको छ कि अल्लाहले भन्नुहून्छ: (म मेरो दासको लागि उस्ले मसगं अपेक्ष गरेको जस्तै छू, र जब उस्ले मसगं प्राथना गर्दछ म उसको साथमा हुन्छु )

मुस्लिम (2675)

سرمایہ پر عمل

## सम्पत्ति- ३०

### ५- मानिसहरू को लागि लाभदायक हुनु

**लाभ:** अल्लाह को निकटता।

**प्रमाण:** इब्न् उमर (रअ) बाट कथित छ कि अल्लाहका रसूल (स.) ले भन्नु भएको छ कि अल्लाहले भन्नुहून्छ: अल्लाह सामु प्रय व्यक्ति त्यो हो जो मानिसहरू को लागि लाभदायक हुन्छ

तबरानि अलकबिर (१३६४६) रअल्बानि ले सहिह भने

سرمایہ پر عمل

## सम्पत्ति-३१

### 6- अल्लाह माथि विश्वास राख्नु:

**लाभ:** अल्लाह आफ्नो यस्तो दासलाई माया गर्नुहुन्छ।

प्रमाण: अल्लाह भन्नुहुन्छ: {निश्चय अल्लाह उसलाई माया गर्नुहुन्छ जसले उहाँमा भरोसा राख्छ} [अली 'इमरान: 159]

मुस्लिम (२६७५)

سرمایہ پر عمل

## सम्पत्ति-३२

### 7- अल्लाहको खातिर एक अर्कालाई माया गर्ने, भेटघाट गर्ने र शुभकामना दिने

**लाभ:** अल्लाह आफ्नो यस्तो दासलाई माया गर्नुहुन्छ।

**प्रमाण:** ★अबू हुरैराह (रअ) ले वर्णन गरे की रसूल (स.) ले भन्नुभयो: एक व्यक्ति अर्को शहरमा भाइलाई भेट्न निस्क्यो, अल्लाहले उसतर्फ एउटा फरिश्ता पठाए। फरिश्ताले उसलाई सोध्यो, "तिमी कहाँ जान चाहन्छौ?" त्यो व्यक्तिले भने, "म यो सहरमा मेरो भाइलाई भेट्न चाहन्छु।" फरिश्ताले भने: "के उहाँले तिमी संगा कुनै उपकार गर्नुभएको छ?" उहाँले भन्नुभयो: "होइन, मलाई उहाँलाई भेट्न बाहेक अरू कुनै इच्छा छैन किनभने म उहाँलाई अल्लाहको लागि माया गर्छु।" तब फरिश्ताले भने: (म अल्लाहको तर्फबाट एक दूत हुँ (तपाईँलाई यो जानकारी दिनको लागि) कि अल्लाहले तपाईंलाई माया गर्नुहुन्छ जसरी तपाईं उहाँलाई अल्लाह को लागि माया गर्नुहुन्छ।

★ उबादा इब्न अस-समित (रअ) बाट वर्णन गरिएको छ की अल्लाहका रसूल (स.) ले भन्नुभयो: अल्लाहले भन्नुहुन्छ: मेरो प्रेम मेरो लागि एक अर्कालाई प्रेम गर्नेहरूका लागि हो; मेरो प्रेम मेरो लागि एक अर्काको भलाइ चाहनेहरूका लागि हो; मेरो प्रेम मेरो खातिर एकअर्कालाई सहयोग गर्नेहरूका लागि हो)

मुस्लिम (२५६७)

इब्न हिब्बान (५७७) र अल्बानीले यसलाई सहिह मानेका छन्।

سرمایہ پر عمل

## सम्पत्ति-३३

### 8- अल्लाहको लागि  नाता कायम राख्नु

**लाभ:** अल्लाह यस्तो व्यक्तिलाई माया गर्नुहुन्छ।

**प्रमाण:** उबादा इब्न अस-समित (रअ) बाट वर्णन गरिएको छ कि अल्लाहका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: (अल्लाहले भन्नुहुन्छ:) मेरो प्रेम मेरो लागि एक अर्कासँग सम्बन्ध कायम राख्नेहरूको लागि हो।

हाकिम (७४०९)

سرمایہ پر عمل

## सम्पत्ति-३४

### ९- अल्लाहको खातिर दान गर्नु

**लाभ:** अल्लाह यस्तो व्यक्तिलाई माया गर्नुहुन्छ।

**प्रमाण:** उबादा इब्न अस-समित (रअ) बाट वर्णन गरिएको छ कि अल्लाहका रसूल (स.) ले भन्नुभयो: (अल्लाहले भन्नुहुन्छ) मेरो प्रेम मेरो लागि दानमा खर्च गर्नेहरूका लागि हो)

हाकिम (७४०९)

سرمایہ پر عمل

## सम्पत्ति-३५

### 10- अन्सारलाई माया गर्ने

**लाभ:** अल्लाह यस्तो व्यक्तिलाई माया गर्नुहुन्छ।

**प्रमाण:** हारीष बिन जियाद बाट वर्णन गरिएको छ कि अल्लाहका रसूल (स.) ले भन्नुभयो: अल्लाह ले भन्नुभयो: (जसले अन्सारलाई माया गर्छ, उसले अल्लाहलाई भेट्ने दिन अल्लाहको प्रेम पाउनेछ ।

इब्न हिब्बान (७२७३), इब्न माजा (१६३), नसाई (६६२७४), अहमद (१५७८०) र यसलाई अल्बानीले सहिह दर्जा दिएका छन्।

سرمایہ پر عمل

## सम्पत्ति-३६

### 11- अल्लाहलाई भेट्न इच्छुक हूनु

**लाभ:**अल्लाह स्वयं व्यक्ति सङ्ग भेट्न मन पराउनुहुन्छ

**प्रमाण:** उबादा बिन समित (रअ) ले भन्नुहुनछ कि अल्लाहको रसूल (स.) ले भन्नुभयो: (जसले अल्लाहलाई भेट्न मन पराउँछ, अल्लाह पनि उसलाई भेट्न मन पराउनुहुन्छ)

बुखारी (6507) र मुस्लिम (2683)

سرمایہ پر عمل

## सम्पत्ति-३७

### 12-नातेदार सङ्ग सम्बन्ध कायम राख्नु

**लाभ:** अल्लाह त्यस्ता व्यक्तिहरूसँग नजिक हुनुहुन्छ

**प्रमाण:** आएशा(रअ) को भनाइ छ कि: अल्लाह को रसूल (स.) ले भन्नुभयो: (नातेदारीको बन्धन अल्लाहको सिंहासनसङ्ग बाँधिएको छ, र भन्दछ: जसले मसँग राम्रो सम्बन्ध राख्छ, अल्लाहले उससँग सम्बन्ध राख्नेछ, तर जसले मसँग सम्बन्ध तोड्छ, अल्लाहले उससँग सम्बन्ध तोड्नेछ)

मुस्लिम (२५५५)

سرمایہ پر عمل

# सम्पत्ति-३८

## १३- सज्दा गर्दा बारम्बार प्रार्थना गर्नु

**लाभ:** प्रार्थना स्वीकार गरिनेछ भन्ने आशा

**प्रमाण:** अबू हुरैराह (रअ) ले भन्नुभयो: अल्लाहका रसूल (स.) ले भन्नुभयो: (दास आफ्नो ईश्वरको सबैभन्दा नजिक हुन्छ जब ऊ सज्दामा हुन्छ, त्यसैले सजदामा अल्लाहसङ्ग धेरै प्रार्थना गर्नु)

मुस्लिम (४८२)

# खण्ड तीन:

सर्वशक्तिमान अल्लाहको अनुग्रह प्राप्त
गर्न
मद्दत गर्ने सम्पत्तिहरू
(२१ सम्पत्तिहरू)

سرمایہ پر عمل

## सम्पत्ति-३९

### १-अल्लाह को तक्ववा (प्रेम र डर को भाव)

**लाभ:** अल्लाह प्रसन्न हुन्छन

**प्रमाण:** अल्लाह ले भन्नु हुन्छ: धर्मपरायण मानिसहरूका निम्ति अल्लाहकहाँ स्वर्ग छ जहाँ बगैंचाहरू छन् जसमुनि नहरहरू बगिराखेका छन् जहाँ तिनीहरू सँधै बस्ने छन्, र पवित्र स्वास्नीहरू छिन् र अल्लाहको प्रसन्नता छ (आल-इमरान १५)

سرمایہ پر عمل

## सम्पत्ति-४०

### 2 - खानपान पछि अल्लाहको प्रशंसा गर्नु

**लाभ:** अल्लाह प्रसन्न हुन्छन।

**प्रमाण:** अनसं बिन मालिक (रअ) को कथन छ कि अल्लाहका रसूल (स.) ले भन्नु भएको छ: अल्लाह आफ्नो भक्त बाट प्रसन्न हुन्छन् जसले खानपान पछि उहाँको प्रशंसा गर्दछ।

सहिह मुस्लिम (2734)

سرمایہ پر عمل

## सम्पत्ति- ४१

### ३ – सिवाक (दाँते हाँगा को टुक्रा) प्रयोग गर्नु।

**लाभ:** अल्लाह प्रसन्न हुन्छन।

**प्रमाण:** अएशा (रअ) ले बताउनु भयो कि अल्लाहका रसूल (स.) ले भन्नु भएको छ: सिवाक मुख शुद्ध गर्ने माध्यम हो, र त्यसले अल्लाह प्रसन्न हुनुहुन्छ।

नसाईअल - कुब्रा (४), इब्न माजा (३४४९), र इब्न हिब्बान, मुन्जरी र नवावीले ले यसलाई साहिहको दर्जा दिए।

سرمایہ پر عمل

## सम्पत्ति- ४२

**४- बिहान र साँझ "रजितु बिल्लाही रब्बन्, वा बिल - इस्लामी दिनन्, वा बि-मुहम्मदीन रसूलान्" भन्नु**

**लाभ**: अल्लाहले आफ्नो भक्तलाई आफ्नो प्रसन्नता प्रदान गर्नु हुन्छ।

**प्रमाण**: अबू सल्लाम (रअ) ले बताउनु हुन्छ कि अल्लाहका रसूल (स.) ले भने: जस्ले बिहान र साँझ "रजितु बिल्लाही रब्बन्, वा बिल - इस्लामी दिनन्, वा बि-मुहम्मदीन रसूलान्", (म अल्लाह लाई ईश्वर, इस्लाम लाई धर्मको रूपमा, मुहम्मद (स.) लाई सन्देशवाहक को रूपमा, खुसीसाथ स्वीकार गर्दछु) अल्लाहले पक्कै उसलाई आफ्नो प्रसन्नता प्रदान गर्नु हुन्छ।

अबू दाऊद (5072) र अलअरनाऊतले यसलाई सहिह को दर्जा दिए।

سرمایہ پر عمل

## सम्पत्ति- ४३

**५ – पश्चात्ताप**

**लाभ**: अल्लाह बाट क्षमा प्राप्ति।

**प्रमाण**: अबू हुरैरा (रअ) ले भन्नु हुन्छ कि अल्लाहका रसूल (स.) ले भन्नु भएको छ: जसले पश्चिमबाट सूर्योदय हुनु अघि पश्चात्ताप गर्छ, अल्लाहले उसलाई क्षमा गर्नेछ। मुस्लिम(२७०३)

سرمایہ پر عمل

## सम्पत्ति-४४

**6 - पवित्र कुरान सिक्ने र सिकाउने**

**लाभ**: कुरान सिक्ने र सिकाउने व्यक्ति सबैभन्दा असल हुन्छ।

**प्रमाण**: उष्मान् (रअ) बाट कथित छ कि अल्लाहका रसूल (स.) ले भन्नु भएको छ: "तिमीहरुमध्ये सबभन्दा राम्रो व्यक्ति कुरआन सिक्ने र सिकाउने व्यक्ति हो।

बोखारि (5027)

سرمایہ پر عمل



## सम्पत्ति- ४५

**७- "सुभानल्लाह, अलहमदु लिल्लाह, र अल्लाहु अकबर" 33 पटक हरेक नमाज पछि पढ्नु ।**

**लाभ:** यो कार्य गर्ने व्यक्ति सबैभन्दा राम्रो हुन्छ ।

**प्रमाण:** अबु हुरैर ले भन्नु हुन्छ कि अल्लाहका रसूल (स.) ले भन्नु भयो , के म तिमी हरूलाई यस्तो कार्य बारे खबर गरुँ, जुन तिमीहरूले गर्यौ भने, तिमीहरूले पुण्यकार्यमा अगाडि भएका हरू सगँ पाउने छौ र त्यस पुण्य कार्यमा तिमीहरू बाट पछि आउनेहरू तिमी सम्म पुग्ने छैनन्? र तिमीहरू आफ्नो समयकाल मा मौजूद सबैजाना भन्दा श्रेष्ठ हुनेछौ सिवाय उननिहरुको जसले तिमीहरू समान कार्य गर्छन् ? (त्यो कार्य हो) तीमिहरूले हरेक नमाज पछि "सुभानल्लाह, अलहमदु लिल्लाह, र अल्लाहु अकबर पढ्ने गर, र हरेक लाई 33 पटक पढ्नु पर्छ।

बुखारी (८४३) र मुस्लिम (५९५)

سرمایہ پر عمل



## सम्पत्ति- ४६

**8 – समय हुन लगत्तै इफ्तारी गर्नु**

**लाभ:** उत्तम हूने भावको प्राप्ति ।

**प्रमाण:** सहल बिन साद (रअ) ले भन्नु हून्छ कि अल्लाहका रसूल (स.) ले भन्नु भयो: मानिसहरू निरन्तर रूप ले हित र कल्याण मा हुनेछन्, जब सम्म उनीहरू समय हुने लगत्तै इफ्तारी गर्छन ।

बुखारी (१९५७) र मुस्लिम (१०९८)

سرمایہ پر عمل

## सम्पत्ति- ४७

### ९-रसुल (स.) माथि दरूद पढ्नु।

**लाभ:** अल्लाह ले दरूद पढ्नेलाई दश पटक आशिष् दिनुहुन्छ।

**प्रमाण:** अबु हुरैर (रअ) ले बताउनु भयो कि अल्लाहका रसूल (स.) ले भन्नु हुन्छ : जसले म माथि एक चोटि दरूद पढ्छ, अल्लाह ले उसलाई दश पटक आशिष् दिनुहुन्छ.

मुस्लिम (४०८)

سرمایہ پر عمل

## सम्पत्ति- ४८

### १० -अगाडिको पङ्क्तिमा नमाज पढ्नु।

**लाभ:** भक्तले अल्लाह को आशिष् पाउन्छ।

**प्रमाण:** बरा बीन आजिब (रअ) ले बताउनु भयो कि अल्लाहका रसूल (स.) ले भन्नु हुन्छ: अगाडिको पङ्क्तिमा नमाज पढ्ने वाला हरूलाई अल्लाहले आशिष् दिनुहुन्छ र उहाँका फरिश्ताहरुले तिनीहरू को लागी क्षमा याचना गर्छन्।

बुखारी (२४६६) र मुस्लिम (२२४४)

अल - कुब्रा (3/645) मा नसाई र अल्बानीले यसलाई साहिह वर्गीकृत गरे।

سرمایہ پر عمل

## सम्पत्ति- ४९

### 11 -तिर्खाएको जनावरहरूलाई पानी खूवाउनु।

**लाभ:** अल्लाह बाट प्रतिफल को प्राप्ति।

**प्रमाण:** अबू हुरैर (रअ) ले बताउनु भयो कि अल्लाहका रसूल (स.) ले भन्नु हुन्छ: (एक मानिस आफ्नो बाटो हिंडिरहेका बेला अत्यन्तै तिर्खाए, उनीले एउटा इनार भेट्टाए र पानी पिउनका लागि उनी त्यहाँ ओर्लिए, जब उनी त्यहाँबाट हिँडे, उनले एउटा तिर्खाएको कुकुर देखे, जसको जिब्रो बाहिर निस्किरहेको थियो र चरम तिर्खाले गर्द नम्र माटो खाँदै थियो, ति मानिषले भने, 'यो कुकुर म जस्तै धेरै तिर्खाएको छ, त्यसपछि ऊ कुवामा उत्रिये, आफ्नो छालाको मोजा पानीले भरेर कुकुरलाई पानी खान दिये, अल्लाह ले ति मानिषले गरेको कार्यलाई कबुल गरि प्रतिफल प्रदान गर्नु भयो। बुखारी (२४६६) र मुस्लिम (२२४४)

سرمایہ پر عمل

# सम्पत्ति- ५०

## १२ - अल्लाहको जिक्रको ( सम्झिने र मुखले भन्ने) लागी भेला हुनु।

**लाभ:** अल्लाहले उहाँकहाँ भएकाहरू मध्ये त्यस्ता व्यक्तिलाई उल्लेख गर्नुहुन्छ र त्यस व्यक्ति माथि शान्ति उत्रिन्छ।

**प्रमाण:** ★ अबू हुरैर बाट वर्णन गरिएको छ कि अल्लाहका रसूल (स.) ले भन्नु भएको छ: जब मानिसहरूको एउटा समूह अल्लाहको जिक्रको लागि भेला हुन्छ, तब फरिशताहरूले उनीहरूलाई आफ्नो घेरेमा लिन्छन्, र अल्लाहको कृपाले उनिहरू लाई छपक्क छोप्छ, र तिनीहरू माथि शान्तिको अवतरण र अल्लाहले उहाँकहाँ भएकाहरू मध्ये त्यस्ता व्यक्तिलाई उल्लेख गर्नुहुन्छ।

★अबू हुरैर बाट वर्णन गरिएको छ कि अल्लाहका रसूल (स.) ले भन्नु भएको छ: अल्लाहले भन्नु हुन्छ, म मेरो भक्तले म सगँ अपेक्षा गरे जस्तै हुन्छु, म उ साथ हुन्छु जब उस्ले मलाई सम्झन्छ, यदि उसले मलाई मनदेखि सम्झन्छ भने, मैले उसलाई मनै बाट सम्झिन्छु, र यदि उसले मलाई मण्डलीमा सम्झन्छ भने, म उसलाई उत्कृष्ट मण्डलीमा सम्झिन्छु।

बुखारी (7405) र मुस्लिम (2675), (2700)

سرمایہ پر عمل

## सम्पत्ति- ५१

### १३- अल्लाहको जिक्र

**लाभ:** अल्लाहले यस्तो मानिसलाई सम्झनु हुन्छ।

**प्रमाण:** अल्लाह ले भन्नु हुन्छ: तसर्थ तिमीले मेरो जिक्र गर्नु, म पनि तिमीलाई याद गर्नेगर्छु (अल बकरह १५३)

سرمایہ پر عمل

## सम्पत्ति- ५२

### 14 - भित्री मनले अल्लाह को सम्झना

**लाभ:** अल्लाह उसलाई मनै बाट सम्झिनुहुन्छ

**प्रमाण:** अबू हुरैराह (रअ) बाट वर्णन गरिएको छ कि अल्लाहका रसूल (स.) ले भन्नु भएको छ: अल्लाहले भन्नुहुन्छ: म मेरो दासले मलाई आशा गरेको जस्तो हुन्छु, र जब उसले मलाई सम्झन्छ म उसको साथमा हुन्छु, यदि उसले मलाई मनदेखि सम्झन्छ भने, म उसलाई मनैले सम्झिन्छु, र यदि उसले मलाई मण्डलीमा सम्झन्छ भने, म उसलाई राम्रो मण्डलीमा सम्झिन्छु। बुखारी (7405) र मुस्लिम (2675)




## सम्पत्ति- ५३

### १५ - नम्र र शिष्ट स्वभाव

**लाभ**: कसम पुरा हुनु।

**प्रमाण:** हरेषा बिन वहब अलखुजाइ (रअ) बाट वर्णन गरिएको छ कि अल्लाहका रसूल (स.) ले भन्नु भएको छ :के स्वर्गबासी बारे तिमिहरू लाई खबर गरूँ? तिनीहरू सबै विनम्र हुन र  जसलाई कमजोर  अबल ठानिन्छ, तिनीहरू यस्तो हुन्छन कि यदि अल्लाहको नाममा शपथ खाएदिए बने त्यो पुरा हुन्छ।

बुखारी (४९१८) र मुस्लिम (२८५३)




## सम्पत्ति- ५४

### 16 -  मस्जिद मा अनिवार्य नमाज पढे पछि  घरमा नफिल नमाज पढ्नु:

**लाभ:** घर आशिषले भरिन्छ।

**प्रमाण:** जाबिर (रअ) ले बताए कि अल्लाहका रसूल (स.) ले भन्नु भएको छ: तिमीहरूले मस्जिदमा नमाज पढिसकेर, आ-आफ्नो घरमा पनि केहि नमाज पढ्नु, अल्लाहले त्यस नमाजको कारणले घरमा आशिष दिनुहुन्छ।

मुस्लिम(७७८)




## सम्पत्ति- ५५

### १७-सुरह अल - बकराहको वाचन

**लाभ:** आशिर्वादको प्राप्ति।

**प्रमाण:** अबू उमामा बाहिली (रअ) बाट वर्णन गरिएको छ कि अल्लाहका रसूल (स.) ले भन्नु भए : सुरह अल – बकराह पढ्दै गर, त्यसले आशिर्वादको प्राप्ति हुन्छ।

मुस्लिम (८०४)

سرمایہ پر عمل

## सम्पत्ति- ५६

**१८- सहेरि (बर्त बस्न निम्ति फजर अगाडि सेवन गर्ने खाना) खानु।**

**लाभ:** आशिर्वाद मिल्नेछ।

**प्रमाण:** अनसं (रअ) बाट वर्णन गरिएको छ कि अल्लाहका रसूल (स.) ले भन्नु भए : सहेरि खाने गर, त्यसमा आशिष हुन्छ।

बुखारी (१९२३) र मुस्लिम (१०९५)

سرمایہ پر عمل

## सम्पत्ति- ५७

**19- शुभकर्म गरेर नराम्रो कर्म धपाउनु।**

**लाभ:** बृहतभाग्य को कुरो हो।

**प्रमाण:** अल्लाह ले भन्नु हुन्छ: पाप र पुण्य (नेकी र बदी) समान हुन सक्दैन। खराबीलाई भलाईबाट हटाऊ। फेरि तिमीले देख्नेछौ कि जसको साथ तिम्रो शत्रुता थियो, त्यो घनिष्ट मित्र भइहाल्नेछ, र यी कुरा उनीहरूलाई मात्र प्राप्त हुन्छ, जो धैर्य गर्नेवाला छन् र उनीहरूलाई मात्र प्राप्त हुन्छ जो बढो भाग्यमानी छन्

(फुस्सिलत ३४-३५)

سرمایہ پر عمل

## सम्पत्ति- ५८

**20 -शुक्रवार सूरह अल - कहफ पढ्नु।**

**लाभ:** एक हप्तासम्म प्रकाश हुनु र पढ्ने ब्यक्ति र काबा बिच पवित्र प्रकाशको भाव हुन्छ।

**प्रमाण:**★ अबू सइद अलखुद्री बाट वर्णन गरिएको छ कि अल्लाहका रसूल (स.) ले भन्नु भए : जसले शुक्रवार सुरहअल –कहफ पढ्दछ, उस्को लागि आर्क साता को शुक्रवार सम्म पवित्र प्रकाशले उज्यालो गरिन्छ।

★ अबू सइद अलखुद्री (रअ) बाट वर्णन गरिएको छ कि अल्लाहका रसूल (स.) ले भन्नु भए : जसले शुक्रवार सुरहअल –कहफ पढ्दछ, एक हप्तासम्म पढ्ने ब्यक्ति र काबा बिच पवित्र प्रकाशको भाव हुन्छ।

हकीम (3412)। अल्बानी र सुयुतीले यसलाई साहिह श्रेणीकरण गरे।

अल - बैहकि ले अलकुब्रा मा वर्णन गरे (6078) र अल-बानिले यसलाई सहिह वर्गीकृत गरे।

سرمایہ پر عمل

# सम्पत्ति- ५९

**२१-तीन सासमा पानि पिउँनु ।**

**लाभः** पिउनुमा आशिष् प्राप्ति ।

**प्रमाणः** अनस (रअ) बाट कथित छ कि : अल्लाहको रसुल (स.) ले तीन सास मा पानि खानु हुनु हुन्थ्यो,र भन्नु हुन्थ्यो : यसरी तिर्खा रम्ररी मेटिन्छ, र अझ स्वस्थ र थप पौष्टिक हुन्छ ।

मुस्लिम (2028)

**दोस्रो अध्याय :**

यस दुनिया र मरे पछिको संसारमा आइपरिने विपत्ति लाई खत्तम पार्ने कार्य हरु (91 सम्पत्तिहरु)

यो अध्याय तीन खण्डमा विभाजित छ:

खण्ड १: धर्मलाई हानी पुर्याउने कुरा हटाउन मद्दत गर्ने कार्य हरू (५३) सम्पत्तिहरु

खण्ड २: मरणोपरांतका कठिनाइहरू बाट सुरश्क्षित गर्ने कार्याहरू (17) सम्पत्तिहरु

खण्ड ३: सांसारिक कठिनाइहरू हटाउन मद्दत गर्ने कार्यहरू(21) सम्पत्तिहरु

# खण्ड एक:
# धर्मलाई हानी पुर्याउने कुरा हटाउन मद्दत गर्ने सम्पत्तिहरू
## (५३) सम्पत्तिहरु

سرمایہ پر عمل

# सम्पत्ति- ६०

### १-सय पटक “सुभानल्लाहि वा बिहाम्दिह” भन्नु

**लाभ:** सबै पापहरू क्षमा हुनेछन् र हजारवाट कुकर्म मेटाइने छ

**प्रमाण :** अबूहुरैर (रअ) बाट कथित छ कि रसूल (स.) ले भन्नु भएको छ - "जुन मानिसले एकदिनमा एक सय पटक “सुभानल्लाहि वा बिहाम्दिह” भन्दछ, उसको गलत कार्यहरू समुद्रको फिजँ जत्तिकै प्रशस्त भए पनि मेटाइ दिइन्छ।

★ साद बिन अबू वक्कास (रअ) ले भन्नु हुन्छ कि : हामी रसूल (स.) साथ थियौं, रसूल (स.) ले भन्नुभए : "के तिमीहरूमध्ये कसैले पनि एक दिनमा हजार पुण्यकर्म हरू गर्न सक्दैन?... उनले भने : सैय पटक “सुभानल्लाह“ भन्नु ले हजार वटा पुण्य लेखिन्छ र हजार वटै कुकर्म मेटाइन्छ।

बुखारी (६४०५) र मुस्लिम (२६९१)(२६९८)

سرمایہ پر عمل

# सम्पत्ति- ६१

### 2 -कठिन परिस्थितिमा पनि, ठीक तरिकाले वजु गर्नु

**लाभ:** पाप अथवा सबै पाप क्षमा गरिन्छ।

**प्रमाण :** ★ : अबू हुरैरा (रअ) ले बाट कथित छ कि रसूल (स.) ले भन्नु भएको छ: जब एक मुस्लिम वा विश्वासीले वुज गर्ने क्रममा आफ्नो अनुहार धुन्छ, उसले आफ्नो आँखाले गरेको प्रत्येक पाप उसको अनुहारबाट पानीले वा पानीको अन्तिम थोपा सँगै बगि जान्छ। जब उसले आफ्नो हात धुन्छ, उसको हातले गरेको प्रत्येक पाप उसको हातबाट पानीले वा पानीको अन्तिम थोपाले मेटिनेछ। र जब उसले आफ्नो खुट्टा धुन्छ, उसको प्रत्येक पाप पानीले वा पानीको अन्तिम थोपा सँगै झरि जान्छ।

★ उस्मान बिन् अफ्फान बाट कथित छ कि रसूल (स.) ले भन्नु भएको छ: 'जसले रम्रारि वुजु गर्छ, उसको शरीरबाट, यहा सम्म कि उसको नङ मुनिबाट पनि पापहरू बगि जान्छ।

★ अबु हुरैर (रअ)  बाट कथित छ कि रसूल (स.) ले भन्नु भएको छ: के म तिमीहरू लाई यस्तो कार्य बारे खबर गरूँ, जसलाई गर्नु ले तिमी हरू को पाप अल्लाह ले मेटिदिनु हुन्छ, र स्वर्ग मा वर्ग उच्च हुन्छ, तिनीहरूले भने बताउनूस् हे अल्लाहका सन्देष्टा : उनी ले भने : कष्ट परिस्थितिमा पनि, ठीक तरिकाले वजु गर्नु
मुस्लिम (२४४)(२४५)(२५१)

سرمایہ پر عمل

## सम्पत्ति- ६२

### ३ -सम्भोग र अनैतिक कुरा नगरी हज गर्नु

**लाभ:** सम्पुर्ण पापहरू क्षमा गरिन्छ।

**प्रमाण :** अबू हूरैर (रअ) बाट कथित छ कि रसूल (स.) ले भन्नु भएको छ:  जसले अल्लाको लागि हज गर्छ   र सम्भोग र अनैतिक कुरा गर्दैन, उ हज देखि आमाले उहाँलाई जन्म दिनुभएको दिन  भएको रूपमा शुद्ध र पाप मुक्त फर्किन्छ।
बुखारी (१५२१) र मुस्लिम (१३५०)

سرمایہ پر عمل

## सम्पत्ति- ६३

### 4 -मस्जिद अल – अक्सा तर्फ त्यहा नमाज को निम्ती भ्रमण गर्नु

**लाभ:** हरेक पाप क्षमा गरिनेछ.

**प्रमाण:** अब्दुल्लाह बिन उमर बाट भनिएको छ कि रसुल (स.) ले भन्नुभएको छ कि: जब सुलेमान बिन दाऊद (उहाँमाथि शान्ति होस्) बैतुल मक्दिस निर्माण समाप्त गर्नु भयो, उहाँले तीन कुराहरू अल्लाह सित मागे: उन्को न्याय अल्लाहको न्याय सगँ मेल खाओस् र यस्तो शासन को प्राप्ति जुन उनि पछि कसैको लागि नहोस् र कुनै ब्यक्ति यस मस्जिद (अल – अक्सा) मा मात्र त्यहाँ प्रार्थना गर्न इच्छ ले अयो भने , उ उसको आमाले उसलाई जन्माएको दिन भएको रूपमा शुद्ध र पाप मुक्त फर्कियोस्।

रसुल (स.) ले भन्नु भयो : दुईटा माग त उनिलाई दिईयो र तेस्रो पनि प्रदान गरियोस् भनि आशा छ।

नसई (७७४), इब्न माजा (१४०८), अल्बानीले यसलाई सहीहको श्रेणीमा राखे

سرمایہ پر عمل

## सम्पत्ति-६४

### ५- कुर्बनी को समय उपस्थित हुनु।

**लाभ:** हरेक पापबाट मुक्ति पाइन्छ।

**प्रमाण:** इमरान बिनहुसैन (रअ) बाट कथित छ कि: अल्लाहको रसूलले भन्नुभयो: हे फातिमा, जाऊ र आफ्नो कुर्बानी जनावरको कुर्बनीको समय उपस्थित होउ, किनकि तिमीले गरेका सबै पापहरू त्यसको रगतको पहिलो थोपा खसे लगत्तै क्षमा गरिदिनेछ।

सुनन्कुब्रा बैहकी (१०३३६) र सूयूति ले हसन को श्रेणीमा राखे

سرمایہ پر عمل

## सम्पत्ति- ६५

**6 - अल्लाहको बाटोमा शहीद हुनु।**

**लाभ:** कर्जा बाहेक हरेक पाप क्षमा गरिने।

**प्रमाण:** अब्दुल्लाह बिन् अमर बिन अल-आस ले भन्नु भएको छ कि, रसूल (स.) ले भन्नु भएको छ: शहिदको सबै पापहरू क्षमा गरिन्छ, सिवाय कर्जाको।

मुस्लिम (१८८६)

سرمایہ پر عمل

## सम्पत्ति- ६६

**7 – राम्ररी वुजु गरि, सफा मनले दुई रकात पढि क्षमा याचना गर्नू।**

**लाभ:** विगतका सबै पापहरुबाट मुक्ति मिल्नेछ।

**प्रमाण:** उस्मान बिन अफ्फान (रअबाट कथित छ कि: अल्लाहको रसूलले भन्नुभयो: जसले मैले गरेको जस्तै वुजु गरि, सफा मनले दुई रकात पढ्छ, विगतका सबै पापहरू क्षमा गरिदिनेछ।

★ अबू बक्र (रअ) ले भन्नु हुन्छ कि मैले अल्लाहको रसूल (स.) ले भनेको सुनेको छु कि: (कुनै पनि व्यक्तिले पाप गदर्छ, त्यसपछि उसले राम्ररि वुजु पूरा गर्दछ र खडा भिइ दुई रकत पढ्छ, र त्यसपछि अल्लाहसँग क्षमा याचना गर्छ, त अल्लाहले उसलाई क्षमा प्रदान गर्नु हुन्छ।

बुखारी (१५९) र मुस्लिम (२२६) तिर्मिधि (४०६), अबु दाउद (१५२१) नसई सुनन् कुब्रा (१०१७५) र अलबानीले यसलाई साहिहको दर्जा दिए।

سرمایہ پر عمل

## सम्पत्ति- ६७

**8- जवाफदेहीता र विश्वास सित रमजान समयमा रातको नमाज पढ्नु।**

**लाभ:** विगतका सबै पापहरु क्षमा गरिन्छ।

**प्रमाण:** अबू हुरैर (रअ)        बाट कथित छ कि: अल्लाहको रसूलले भन्नुभयो: जसले रमजान भर जवाफदेहीता र विश्वास सित रातको नमाज पढ्दछ, उस्को विगतका पापहरू क्षमा हुनेछन् .

बुखारी (१९०१) र मुस्लिम (७६०)




## सम्पत्ति- ६८

### 9 -जवाफदेहीता र विश्वास सित लैलतुल- कदरमा रातको नमाज पढ्नु ।

**लाभ:** विगतका सबै पापहरु क्षमा गरिन्छ ।

**प्रमाण:** अबू हुरैर (रअ)        बाट कथित छ कि: अल्लाहको रसूलले भन्नुभयो: जसले लैलतुल- कदरमा जवाफदेहीता र विश्वास सित रातको नमाज पढ्दछ, उस्को विगतका पापहरू क्षमा हुनेछन् ।

बुखारी (१९०१) र मुस्लिम (७६०)




## सम्पत्ति- ६९

### १०-नमाजमा इमाम ले आमिन भनेपछि आमिन भन्नु र फरिशताहरू को आमिन सगँ मिल्नु ।

**लाभ:** विगतको हरेक पाप क्षमा गरिनेछ

**प्रमाण:** अबू हुरैर (रअ) बाट वर्णन गरिएको छ कि: अल्लाह को रसुल (स.) भने: जब इमामले अमीन भन्छन्, तेहि बेला नै अमीन भन्नु, र जसको आमिन ले फरिशता को अमीन सगँ मेल खान्छ उसको अघिल्लो पाप क्षमा गरिन्छ ।

बुखारी (७८०) र मुस्लिम (४१०)

سرمایہ پر عمل

## सम्पत्ति- ७०

### ११ -"ला इलाहा इल्लल्लाहु, वल्लाहु अकबर, वा ला हौल वला कुव्वता इल्ला बिल्लाही" भन्नु

**लाभ:** धेरै पाप क्षमा गरिन्छ

**प्रमाण:** अब्दुल्लाह बिन अम्र (रअ) बाट कथित छ कि: अल्लाहको रसूल(स) ले भन्नुभयो: अल्लाहको दूत भने: संसार मा जसले पनि "ला इलाहा इल्लल्लाहु, वल्लाहु अकबर, वा ला हौल वला कुव्वता इल्ला बिल्लाही" भन्छ भने, उसको पापहरू समुद्रको फिज जति भए तापनि क्षमा हुनेछन्।

तिर्मिधि (३४६०), नसाई (९८७३) अहमद (६५५४) र अहमद शाकिरले यसलाई साहिहको दर्जा दिए।

سرمایہ پر عمل

## सम्पत्ति- ७१

### 12- हरेक नमाज पछि ३३ पटक "सुब्हानल्लाह" ३३ पटक " अल्हमदुलिल्लाह" र ३३ पटक "अल्लाहु-अक्बर" पढ्नु र अन्त मा "ला इलाहा इल्लल्लाहु वहदहु लाशरिक लहु, लहुल मुल्कु व लहुल हम्दु, वहुवा अला कुल्लि शैइन कदीर " पढ्नु

**लाभ:** धेरै पाप क्षमा गरिन्छ।

**प्रमाण:** अबू हुरैर (रअ) को वर्णन छ, अल्लाहको रसूल (स.) भने: (जसले हरेक नमाज पछि ,तैंतीस पटक "सुब्हानल्लाह",तैंतीस पटक "अल्हमदुलिल्लाह,"तैंतीस पटक "अल्लाहु-अक्बर " भन्छ, यसरी सबै मीलाएर ९९ पटक हुन्छ, र यो भनि सय पुरा गर्छ कि: "ला इलाहा इल्लल्लाहु वहदहु लाशरिक लहु, लहुल मुल्कु व लहुल हम्दु, वहुवा अला कुल्लि शैइन कदीर", उसको पापहरू समुद्रको फिज जति भए तापनि क्षमा हुनेछन्।
मुस्लिम (५९७)

سرمایہ پر عمل

# सम्पत्ति- ७२

## १३ - ठीक तरिकाले घरमा वुजु गरि मात्र अल्लाह को निम्ती मण्डलीमा नमाज पढ्न लागि मस्जिद तर्फ धेरै आवत जावत गर्नु ।

**लाभः -** पापबाट मुक्ति मिल्नेछ।

★अबू हुरैरा (रअ) ले बताए कि अल्लाहका रसूल (स.) ले भन्नु भएको छ किः "के म तिमीलाई त्यस्तो कुरा बताउँ ,जसद्वारा अल्लाहले पापहरूलाई मेटाइदिनुहुन्छ र दर्जा उच्च पार्नुहुन्छ उनीहरूले भने, बताउनु होस् हे अल्लाहका सन्देष्टा : उनले भने, कठिन परिस्थितिमा पनि, ठीक तरिकाले वजु गर्नु र मस्जिद तर्फ धेरै आवत जावत गर्नु ।

★ उष्मान बिन अफ्फान (रअ) ले भन्नु भएको छ कि अल्लाहका रसूल (स.) ले भन्नु भएको मैले सुनेको छुः "जसले नमाज पढ्न निम्ती राम्रारी वुजु गर्छ र मानिसहरू साथ वा मण्डलीमा वा मस्जिद मा अनिवार्य नमाज पढ्न लागि हिडेर जान्छ, अल्लाहले उसको पाप क्षमा गर्नेछन्।

★अबू हुरैर (रअ) ले भनेः अल्लाहका रसूल (स.) ले भन्नु भएको छः "जब तिमीहरुमध्ये कसैले राम्ररि वुजु गर्दछ र, नमाज अतिरिक्त कुनै अन्य उद्देश्य लिएर मस्जिदमा आउँदैन, र नमाज कै निम्ती नै मस्जिद मा आउन्छ, त उसले हिडेको हर पाईला मा उसको एक स्तर उच्च हुन्छ, र एक पाप मेटिन्छ।

★अबू हुरैर (रअ) ले भनेः अल्लाहका रसूल (स.) ले भन्नु भएको छः जसले आफ्नो घर मा वुजु गर्छ, र त्यसपछि एक अनिवार्य नमाज पढ्न लागि अल्लाह को घर (मस्जिद) तर्फ हिंडेर जान्छ, उसको एक कदमले एक स्तर उच्च हुन्छ, रआर्क कदम ले एक पाप मेटिन्छ ।

बोखारी(२११९) मुस्लिम (२५१) (२३२)(६६६)(६४९),

سرمایہ پر عمل

## सम्पत्ति- ७३

### १४ - एक नमाज पछि आर्क नमाजको प्रतिक्षा गर्नु।

**लाभ:** पाप क्षमा हुनेछन

**प्रमाण:** अबू हुरैर (रअ) ले भनेः अल्लाहका रसूल (स.) ले भन्नु भएको छ: "के म तिमीलाई त्यस्तो कार्य बारे बताउँ ,जसद्वारा अल्लाहले पापहरूलाई मेटाइदिनुहुन्छ र दर्जा उच्च पार्नुहुन्छ, उनीहरूले भने, बताउनु होस् हे अल्लाहका सन्देष्टा: उनले भने, कठिन परिस्थितिमा पनि, ठीक तरिकाले वजु गर्नु र मस्जिद तर्फ धैरै आवत जावत गर्नु , र एक नमाज पछि आर्क नमाजको प्रतिक्षा गर्नु, तेहि नै "बन्धन्" हो, तेहि नै "बन्धन्" हो, (बन्धन् भन्नाले आफुलाई पुण्य को बाटो मा जमाई बस्नु) । मुस्लिम (२५१)

سرمایہ پر عمل

## सम्पत्ति-७४

### 15 - मध्यरातमा नमाज पढ्नु ।

**लाभ:** पाप क्षमा गरिन्छ।

**प्रमाण:** मुआज बिन जबल (रअ) ले भनेः अल्लाहका रसूल (स.) ले भन्नु भएको छ: (दान पाप बुझाउँछ पानी आगो बुझाउँछ रूपमा, र रात को बीचमा एक मानिस प्रार्थना).

नसाई इन अल - कुब्रा (11330), तिर्मिधि (2616), अहमद(२२४३९) यो इब्न कयिम र अल्बानी द्वारा साहिह वर्गीकृत गरिएको छ।

سرمایہ پر عمل

# सम्पत्ति- ७५

**16 - समृद्धि र विपत्तिमा दान र प्रदान गर्नु।**

**लाभः** - पापबाट मुक्ति मिल्नेछ।

**प्रमाणः** ★ { अल्लाह ले भन्नु हुन्छ: र, आफ्नो रबको क्षमा र त्यस स्वर्गतर्फ अगाडि बढ जसको चौडाई आकाश र पृथ्वी जतिको छ, र जुन अल्लाहसँग डर मान्नेहरूको निम्ति बनाइएको छ ,जसले सुख र दुःखमा (अल्लाहको मार्गमा) खर्च गर्दछन् " [अलि 'इमरान: १३३ - ३४]

★मुआज बिन जबल (रअ) ले भनेः अल्लाहका रसूल (स.) ले भन्नु भएको छ: दान दिनुले पाप लाई तेसरि नै मेटाउछ, जसरी जल ले आगो निभाउछ।

नसाई अल - कुब्रा (11330), तिर्मिधि (2616), अहमद(२२४३९) यो इब्न कयिम र अल्बानी द्वारा साहिह वर्गीकृत गरिएको छ।

سرمایہ پر عمل

# सम्पत्ति- ७६

**१७-हज र 'उम्रा बारमबार गरि राख्नु।**

**लाभः** पाप क्षमा गरिन्छ

**प्रमाणः** इब्न मस्उद (रअ) ले भनेः अल्लाहका रसूल (स.) ले भन्नु भएको छ: हज र उमरा एक पछि आर्क चोटि गरि राख्नु, तिनीहरूले गरिबी र पापहरु तेसरि नै बाहिर गरदिन्छन्, जसरि खलाँती ले फलाम, सुन र चाँदी देखि अशुद्धता हटाइ दिन्छ।

अहमद (३७४३), तिर्मिधि (८१०), नसीई (३५९७) र अहमद शाकिरले यसलाई 'साहिह' श्रेणीमा राखेका छन्।

سرمایہ پر عمل

## सम्पत्ति-७७

### १८ - अल्लाहको बाटोमा जिहाद गर्नु।

**लाभ:** पाप क्षमा हुनेछन।

**प्रमाण:** अबू हुरैर (रअ) ले भनेः अल्लाहका रसूल (स.) ले भन्नु भएको छ: जब तिमीहरुमध्ये कोही अल्लाहको मार्गमा बाँकी रहन्छ भने, त्यो उसको लागि सत्तरी वर्षसम्म उसको घरमा नमाज पढ्नु भन्दा राम्रो हो, के तिमीहरू लाई मनपर्दैन कि अल्लाह ले तिमीहरू लाई क्षमा प्रदान गरून्।

अहमद (१०८७९) अल्बानीले यसलाई सहीहको श्रेणीकरण गरे।

سرمایہ پر عمل

## सम्पत्ति- ७८

### १९ – अल्लाहसित विशुध्द प्रायक्ष्चित गर्नु।

**लाभ:** पाप क्षमा हुनेछन

**प्रमाण:** अल्लाह ले भन्नु हुन्छ: हे मोमिनहरू ! अल्लाहको अगाडि तिमीहरूले सत्य पवित्र हृदयले क्षमा याचना गर, आशा छ कि उसले तिम्रा पापहरू तिमीबाट हटाइदिनेछ [अल-तहरीम ८]

سرمایہ پر عمل

## सम्पत्ति- ७९

### २०-अल्लाहको (तक्वा) डर।

**लाभ:** पाप क्षमा हुनेछन

**प्रमाण:** अल्लाहले भन्नु भएको अल्लाह ले भन्नु हुन्छ र, आफ्नो रबको क्षमा र त्यस स्वर्गतर्फ अगाडि बढ जसको चौडाई आकाश र पृथ्वी जतिको छ, र जुन अल्लाहसँग डर मान्नेहरूको निम्ति बनाइएको छ [अल - इमरान: १३३]

★अल्लाह ले भन्नु हुन्छ: हे ईमानवालाहरू ! यदि तिमी अल्लाहसित डर मान्ने गर्छौ भने उसले तिमीलाई एउटा निर्णायक कुरा प्रदान गर्नेछ। र तिम्रा पापहरू समाप्त गर्नेछ र तिमीलाई क्षमा गर्नेछ। अल्लाह बडो अनुग्रहवाला छ [अल - अनफाल: २९]

★अल्लाह ले भन्नु हुन्छ: हे मोमिनहरू ! अल्लाहसित डर मान्नेगर र सोझो सोझो साँचो कुरा भन्नेगर । ताकि अल्लाह तिम्रा कर्महरूलाई राम्रो पारोस् र तिम्रा पापहरूलाई क्षमा गरिदेओस्  [अल अहजाब: ७०-७१]

★अल्लाह ले भन्नु हुन्छ:  यस स्वर्गको विशेषता जसको परहेजगारहरूलाई वचन दिइएको छ यो हो कि यसमा पानीका नहरहरू छन् जुनकि प्रदुषित हुँदैनन्। र यस्ता दूधका नहरहरू हुनेछन् जसको स्वादमा अलिकति पनि अन्तर परेको हुँदैन र यस्ता पेयपदार्थका नहरहरू हुनेछन् जसले पिउनेहरूलाई अत्यन्त आनन्द प्रदान गर्नेछन्। र शुद्ध मधुको नहरहरू छन् र उनीहरूका निम्ति त्यहाँ हरेक प्रकारका फल हुनेछन्, र उनको पालनकर्ताबाट क्षमा छ।[मुहम्मद: १५]

★अल्लाह ले भन्नु हुन्छ:  हे मोमिनहरू ! अल्लाहसित डर र उसको रसुलहरूमाथि ईमान ल्याऊ। अल्लाहले तिमीलाई आफ्नो दयाको दुईगुणा भाग प्रदान गर्नेछ र तिम्रो निम्ति एउटा प्रकाश दिनेछ, जसको प्रकाशमा तिमी हिंड्नेछौ र तिम्रो पाप पनि क्षमा गरिदिनेछ। अल्लाह बडो क्षमाशील र अत्यन्त दयावान छ [अल- हदिद: २८]

★अल्लाह ले भन्नु हुन्छ: जो कोही अल्लाहसित डर्नेछ, उसबाट अल्लाहले उसका पापहरू हटाइदिनेछ र उसलाई ठूलो प्रतिफल प्रदान गर्नेछ [अल-तलाक: ५]

سرمایہ پر عمل

# सम्पत्ति- ८०

## २१ – क्षमा याचना गर्नु र "अस्तग्फिरूल्लाह अल-लजि लाइलाहा इल्ला हुअल हय्युललकय्युम वा अतूबू इलैहि" र कुकर्ममा हठ नगर्नु।

**लाभ:** पाप क्षमा हुनेछन

**प्रमाण:** अल्लाह ले भन्नु हुन्छ: र, आफ्नो रबको क्षमा र त्यस स्वर्गतर्फ अगाडि बढ जसको चौडाई आकाश र पृथ्वी जतिको छ, र जुन अल्लाहसँग डर मान्नेहरूको निम्ति बनाइएको छ

जसले सुख र दुःखमा (अल्लाहको मार्गमा) खर्च गर्दछन् र क्रोधलाई नियन्त्रणमा राख्दछन् र मानिसहरूका त्रुटिहरू क्षमा गरिदिन्छन्, अल्लाह ती सत्कर्म गर्नेहरूलाई प्रेम गर्दछ।

जब तिनीहरूले खुलारूपमा कुनै गल्ती वा गुनाह गर्दछन् त तत्कालै अल्लाहलाई स्मरण गर्दछन् र आफ्ना भूलहरूका लागि क्षमायाचना गर्दछन्। तथ्य यो छ कि अल्लाह बाहेक कसले क्षमादान गर्न सक्छ ? तिनीहरू जानी जानी आफ्नो गलत कामहरूको लागि अडान लिदैनन्। [अली 'इमरान: 133 -35]

★ अबू हुरैर (रअ) ले बताउनु भए : अल्लाहका रसूल (स.) ले भन्नु भएको छ: कसम छ उस्को जसको हातमा मेरो ज्यान छ, यदि तिमीहरूले पाप गर्दैनै थेयो भने, अल्लाह ले तिमीहरू बदला य़स्तो जाति लयाउन्थे जसले पाप गरि क्षमा याचना गर्थे र अल्लाहले क्षमा गर्दिनु हुन्थ्यो।

★ रसुल (स.) को मुक्त गुलाम यसार बिन जैद (रअ) ले भन्नु हुन्छ, उनिले रसूल (स.) लाई भनेको सुने कि : जसले "अस्तग्फिरूल्लाह अल-लजी लाइलाहा इल्ला हुअल हय्युललकय्युम वा अतूबू इलैहि" भन्दछ, उस्को पापहरू क्षमा गरिदिनेछ, चाहे उ युद्धको मैदानबाट भागेर फर्कि आएको होस्।

मुस्लिम (२७४९), अबू दाऊद (१५१७), तिर्मिधि (३५७७) र अल्बानीले यसलाई सहीहको श्रेणीकरण गरे।

سرمایہ پر عمل

## सम्पत्ति- ८१

### 22- थकान, बिमारी, चिन्ता, शोक, चोट वा पीरको समयमा धैर्य गर्नु।

**लाभ:** पाप क्षमा गरिन्छ।

**प्रमाण:** अबू सइद अल – खूद्री र अबू हुरैर (रअ) ले वर्णन गर्नु भयो कि अल्लाहका रसूल (स.) ले भन्नु भएको छ: मुस्लिम लाई कुनै थकान, कष्ट, चिन्ता, पीर, दुख, फिक्री, यहा सम्म कि काडाको खेस्का ले घोचेँ भने पनि अल्लाह ले तेसको बदलामा उसको पापहरू मेटीदिनु हुन्छ।

बुखारी (५६४१),

سرمایہ پر عمل

## सम्पत्ति- ८२

### 23 – कुकर्म पछि पुण्य गर्नु।

**लाभ:** पाप क्षमा हुनेछन

**प्रमाण:** अल्लाह ले भन्नु हुन्छ: नि:सन्देह सत्कर्महरूले कुकर्महरूलाई खतम पारिदिन्छन् [हूद ११४ ]

★ अबू जर (रअ) ले भन्नु भएको छ कि अल्लाहका रसूल (स.) बाट कथित छ कि: कुकर्म पछि पुण्य गर, त्यस्ले पाप मेटिन्छ।

अहमद (21750), तिर्मिधि (१९८७) अल – सफारीनी, इब्न अल अरबी ले सहिह दर्जा दिए

سرمایہ پر عمل

## सम्पत्ति- ८३

### 24- विशाल (कबायर)पापहरूबाट बच्नुहोस्।

**लाभ:** क्षमा प्राप्ति।

**प्रमाण:** अल्लाह ले भन्नु हुन्छ: यदि तिमीहरू यी ठूला–ठूला पापहरूबाट जुन तिम्रो लागि निषेधित गरिएका छन्, बच्ने गर्छौ भने हामी तिम्रा स–साना पापहरू माफ गरिदिनेछौं र तिमीलाई सम्मान र आदरको ठाउँमा प्रवेश गराउने छौं।" [अन् नीसा: 31]

سرمایہ پر عمل

## सम्पत्ति- ८४

### 25 - पुरै प्रार्थना रसुल (स.) माथि दरूद पढ्न लगाउनु।

**लाभ:** पाप क्षमा गरिन्छ।

**प्रमाण:** उबै बिन् काब (रअ) ले रसूल (स.) लाई भने, " मैले आफ्नो पुरै प्रार्थना तपाई माथि दरूद पढ्न लाउन्छु। रसूल (स.) ले भने, त्यसो भए तिम्रो पिरा हरू सक्किन्छन् र पापहरू माफ गरिदिने छन्।

तिर्मिजी (2457) वर्गीकृत हसन सहिह

سرمایہ پر عمل

## सम्पत्ति- ८५

### २६- सुरह अल -मुल्कको वाचन।

**लाभ:** पाप मेटिन्छ।

**प्रमाण:** अबू हुरैरा (रअ) बाट कथीत छ कि अल्लाहका रसूल (स.) ले भन्नु भएको छ: कुरानमा एक सुरह छ, जसमा तीस वट क्श्लोक छन्, त्सले त्सलाई पढ्ने वाला को लागि सिफारस गर्नेछ जबसम्म उसलाई क्षमा गरिदैन, त्यो सूरह {तबारकल्लजी बियादिहिल-मुल्कु}[अल-मुल्क:1]हो।

इब्न माजा (२८९९) र अल्बानीले यसलाई सहीहको श्रेणीमा राखे।

سرمایہ پر عمل

## सम्पत्ति- ८६

### २७ - अल्लाहको जिक्र को लागि भेला हुनु।

**लाभ:** पाप मेटिन्छ।

**प्रमाण:** अबू हुरैरा (रअ) बाट कथीत छ कि अल्लाहका रसूल (स.) ले भन्नु भएको छ कि: केहि अल्लाहको फरिश्ताहरू बाटोमा यताउता जिक्र गर्नेवाला हरूको खोजीमा हिँड्ने गर्छन्, जब केहि जिक्र गर्ने मानिसहरूलाई भेट्दछन्, उनीहरूले एकअर्कालाई पुकार्छन् र भन्छन्, "आऊ, जुन कुरा तिमीले खोजिरहेका छौ, र तिनीहरूले आफ्नो पखेटाले तिनीहरूलाई घेरेर राख्छन्, यहाँसम्म कि तल्लो आकाश पूर्ण रूपमा ढाकिन्छ छ, रसूल (स.) ले भन्नु हुन्छ: अल्लाह ले ति फरिश्ता सगँ सोध्नुहुन्छन्, -र उहाँलाई पहिलै देखिनै ज्ञान छ-, मेरो भक्तहरू ले के भनिरहेको छन्?, फरिशताहरूले भन्छन्: तिनीहरूले सुब्हानल्लाह, अल्लाहुअक्बर, अल्हमदुलिल्लाह, र प्रशस्त रूपले प्रशंसा गरिरहेका छन्, अल्लाह ले ति फरिश्ताहरू सगँ भन्छन: त्यसो भए तिमीहरूलाई साक्षी राखेर भन्छु कि मैले उनीहरूलाई क्षमा गरिदिएको छु।

बुखारी (६४०८) र मुस्लिम (२६८९)

سرمایہ پر عمل

## सम्पत्ति- ८७

### 28 - रातिको अन्तिम तेस्रो भागमा क्षमायाचना गर्नु।

**लाभ:** पाप मेटिन्छ।

**प्रमाण:** अबू हुरैरा (रअ) बाट कथीत छ कि अल्लाहका रसूल (स.) ले भन्नु भएको छ, " हाम्रा , धन्य र उच्चमहान पालनकर्ता अल्लाह, प्रत्येक रात एक तिहाई रात बाँकी हुँदा तल्लो आकाशमा अवतरित हुन्छन्, र भन्दछन्: मलाई कसले बोलाउँछ त मैले स्विकार गरूँ? कसले म सगँ माग्छ त मैले उस्लाई प्रदान गरूँ? कसले क्षमा याचना गर्छ त मैले उसलाई माफ गरिदिउँ?

बुखारी (७४९४) र मुस्लिम (७५८)

سرمایہ پر عمل

# सम्पत्ति- ८८

**29- कसैलाई सलाम गर्दा हात मिलाउँनु**

**लाभ:** पाप माफ गरिन्छ।

**प्रमाण:** अल-बरा (रअ) बाट कथीत छ कि अल्लाहको रसूल (स.) ले भन्नु भएको छ: "कुनै पनि दुई मुस्लिम एकअर्कासँग भेट हुदा हात मिलाउछन् भने अल्लाहले उनीहरूलाई साथ छोड्नु अघि क्षमा गर्दिन्छन्"।

अबू दाऊद (५२१२), तिर्मिधि (२७२७), इब्न माजाह (३७०३), अहमद (१८८४५), र सुयुती र अल्बानीले यसलाई सहीहको श्रेणीमा राखे।

سرمایہ پر عمل

# سرمایہ ۸۹

**सम्पत्ति- ८९**

**३०- अजान पछिको यो दुआ पढ्नु "अश्हदु अल-लाइलाह इल्लल्लाहु वहदहुलाशरीका लाहु वाअन्न मुहम्मदन अब्दुहु व रसुलुहु, रधितु बिल्लाहि रब्बन् व बिमुहम्मिद्दिन् रसूलन् व बिलइस्लामि दिनन्"।**

**लाभ:** पाप मेटिन्छ।

**प्रमाण:** साद बिन अबी वक्कास् (रअ) बाट कथीत छ कि अल्लाहका रसूल (स.) ले भन्नु भएको छ: जसले अजान सुनेपछि "अश्हदु अल-लाइलाह इल्लल्लाहु वहदहुलाशरीका लाहु वाअन्न मुहम्मदन अब्दुहु व रसुलुहु, रधितु बिल्लाहि रब्बन् व बिमुहम्मिद्दिन् रसूलन् व बिलइस्लामि दिनन्" पढ्छ, उस्को पाप क्षमा गरिन्छ।

मुस्लिम (३८६)

سرمایہ پر عمل

# सम्पत्ति- ९०

**31- सडकबाट हानिकारक चीज हटाउनु।**

**लाभ:** पाप क्षमा गरिन्छ।

**प्रमाण:** अबू हुरैर (रअ) ले उल्लेख गर्नु हुन्छ कि अल्लाहको  रसूल (स.) ले भन्नुनभयो : एक व्यक्तिले बाटो हिंडिरहेका बेला काँटेदार हाँगा बाटो बाट हटाइदिएछन्, उस्को त्यस कर्मको कारण अल्लाहले उस्लाई क्षमा गरिदिए।
बुखारी (६५२) र मुस्लिम (१९१४)




## सम्पत्ति- ९२-९३

**३२-३३ - क्रोधलाई दबाउनु र मानिसहरूलाई क्षमा गर्नु ।**
**लाभ:** पाप माफ गरिन्छ।
**प्रमाण:** ★अल्लाह ले भन्नु हुन्छ: र, आफ्नो रबको क्षमा र त्यस स्वर्गतर्फ अगाडि बढ जसको चौडाई आकाश र पृथ्वी जतिको छ, र जुन अल्लाहसँग डर मान्नेहरूको निम्ति बनाइएको छ, जसले सुख र दुःखमा (अल्लाहको मार्गमा) खर्च गर्दछन् र क्रोधलाई नियन्त्रणमा राख्दछन् र मानिसहरूका त्रुटिहरू क्षमा गरिदिन्छन्, । [अली इमरान: १३३ - ३४]




## सम्पत्ति- ९३

**३४ – अजान**

**लाभ:** पापहरू मेटाईन्छ।
**प्रमाण:** अबू हुरैर (रअ) ले वर्णन गर्नु भएको छ कि अल्लाह को रसूल (स.)  को मुख बाट यो सुने कि : अजान दिने मानिष को आवाज जहाँसम्म पुग्छ तै नै हिसाब ले उस्को पाप क्षमा गरिन्छ।
नसाई अल - कुब्रामा (१६२१), अहमद (७७२६), अबू दाऊद(515) र अलबानि ले यो सहिह वर्गीकृत गरे

سرمایہ پر عمل

## सम्पत्ति- ९४

### 35 - तिर्खालु जनावरहरूलाई पानी दिने ।

**लाभ:** पाप मेटाइन्छ

**प्रमाण:** अबू हुरैर (रअ) ले बताउनु भयो कि अल्लाहका रसूल (स.) ले भन्नु हुन्छ: एक मानिस आफ्नो बाटो हिंडिरहेका बेला अत्यन्तै तिर्खाए, उनीले एउटा इनार भेट्टाए र पानी पिउनका लागि उनी त्यहाँ ओर्लिए, जब उनी त्यहाँबाट हिँडे, उनले एउटा तिर्खाएको कुकुर देखे, जसको जिब्रो बाहिर निस्किरहेको थियो र चरम तिर्खाले गर्द नम्र माटो खाँदै थियो, ति मानिषले भने, 'यो कुकुर म जस्तै धैरै तिर्खाएको छ, त्यसपछि ऊ कुवामा उत्रिये, आफ्नो छालाको मोजा पानीले भरेर कुकुरलाई पानी खान दिये, अल्लाह ले ति मानिषले गरेको कार्यलाई कबुल गरि प्रतिफल प्रदान गर्नु भयो र क्षमा गरिदिनु भयो ।

बुखारी (२४६६) र मुस्लिम (२२४४)

سرمایہ پر عمل

## सम्पत्ति- ९५

### ३६ - आफ्नो धनबाट मृतकको नाममा परोपकार गर्नु ।

**लाभ:** पाप क्षमा गरिन्छ

**प्रमाण:** अबू हुरैर (रअ) ले उल्लेख गर्नु हुन्छ कि अल्लाहको रसूल(स.) सँग एक व्यक्ति ले सोधे: मेरो बुबाको मृत्यु भयो र धन छोडे, तर उनले वसियत गरेनन् । यदि मैले उहाँको तर्फबाट दान दिएँ भने के त्यसले उहाँको पापहरू मेटिन्छ? उनले भने: हो मेटिन्छ। मुस्लिम (१६३०)

سرمایہ پر عمل

## सम्पत्ति- ९६

**३७ - कठिनाइमा परेकाहरूलाई राहत प्रदान गर्नु, र पैसा चुक्ता गर्न नसक्ने हरू लाई माफ गरिदिनु ।**

**लाभ:** पाप मेटाइन्छ ।

**प्रमाण:** हुदैफा (रअ) ले अल्लाहका रसूल (स.) लाई यसो भन्दै सुन्नुभयो कि : एक व्यक्ति मरेपछि स्वर्ग बासि भए, उनी सगँ सोधीयो कि 'उहाँले के कर्म गर्थे ? उनले भने, मैले कष्टमा परेकाहरूलाई राहत प्रदान गर्थे, र पैसा चुक्ता गर्न नसक्ने हरू लाई माफ गरिदिन्थे, त्स कर्मले गर्दा उनलाई क्षमा गरिदियो ।

बुखारी (२३९१) र मुस्लिम (१५६०)

سرمایہ پر عمل

## सम्पत्ति- ९७

**३८ - काबाको परिक्रमा गर्नु ।**

**लाभ:** पाप मेटाइन्छ ।

**प्रमाण:** इब्न उमर (रअ) ले अल्लाहका रसूल (स.) लाई यसो भन्दै सुन्नुभयो कि: जस्ले काबा को परिक्रमा सात चोटि गर्छ, त जब जब उस्ले पैताला उठाउँछ र राख्छ, त्सको बदलामा अल्लाहले उस्को एक पाप मेटाई दिनु हुन्छ, उस्को लागि एक पुण्य लेखदिनु हुन्छ, र एक दर्जा उच्च गरिदिनु हुन्छ।

इब्न हिब्बान (३६९७), तिर्मिधि (९५९) र अल्बानी यसलाई सहिह दर्जा दिए

سرمایہ پر عمل

## सम्पत्ति- ९८

### ३९ – रूक्नुल् यमानी र हजर अल -अस्वदलाई छुनु

**लाभ:** पाप मेटाइन्छ।

**प्रमाण:** इब्ने उमर (रअ) ले उल्लेख गर्नु हुन्छ कि अल्लाहको रसूल (स.) ले भन्नुनभयो : रूक्नुल् यमानी र हजर अल -अस्वदलाई छुनुले पापहरु नष्ट हुन्छन्।

अल - मुस्ताद्रक (१८०५) मा हाकिम, तिर्मिधि (९५९) र अल्बानीले यसलाई साहिह श्रेणीकरण गरे।

سرمایہ پر عمل

## सम्पत्ति- ९९

### ४० - बारम्बार अल्लाहको सज्दा गर्नु

**लाभ:** पाप मेटाइन्छ।

**प्रमाण:** षौबान ( रसुल स. को गुलाम) (रअ) ले उल्लेख गर्नु हुन्छ कि अल्लाहको रसूल (स.) ले भन्नुनभयो : तिमीले अल्लाह अघि बारम्बार सज्दा गर्नु, अल्लाहले हरेक सज्दा को प्रतिफलमा र एक दर्जा उच्च गरिदिनु हुन्छ र एक पाप मेटाई दिनु हुन्छ। मुस्लिम (488)

سرمایہ پر عمل

## सम्पत्ति- १००

### 41 - बजार प्रवेश गर्दा यो भन्नु: “ला इलाहा इलल्लाह, वह्दहु ला शारिका लहु, लहुल - मुल्कु व लहुल - हम्दु, युह्यि व युमितु, वहुव हैय्युन् ला यमुतु, बियदिहिल् - खैरु, वहुव`अला कुल्लीशय्यिन कदीर'

**लाभ:** दस लाख पाप मेटाइन्छ।

**प्रमाण:** उमर बिन् खत्ताब (रअ) ले उल्लेख गर्नु हुन्छ कि अल्लाहको  रसूल (स) ले भन्नुनभयो : "जस्ले बजार प्रवेश गर्दा खेरि यो भन्छ: ‘‘ला इलाहा इलल्लाह, वह्दहु ला शारिका लहु, लहुल - मुल्कु व लहुल - हम्दु, युह्यि व युमितु, वहुव हैय्युन् ला यमुतु, बियदिहिल् - खैरु, वहुव`अला कुल्लीशय्यिन कदीर' अल्लाह उस्को लागि दस लाख पुणय लेखदिनु हुन्छ , र दसौ लाख पापहरू मेटाइ दिनु हुन्छ , र उस्को लागि स्वर्गमा एक घर निर्माण गरिनछ.

अल - मुस्ताद्रक (१९८०) मा हाकिम, तिर्मिधि (३४२८) र अल्बानीले यसलाई साहिह श्रेणीकरण गरे।




## सम्पत्ति- १०१

### ४२ - 'अराफा'को दिनमा उपवास बस्नु।

**लाभ:**पछिल्लो वर्ष र हाल वर्षको पापहरूको मेटिन्छ।

**प्रमाण:** अबू कतादा (रअ) ले उल्लेख गर्नु हुन्छ कि अल्लाहको  रसूल (स.) ले भन्नुनभयो : 'अराफा'को दिनमा बस्नु ले, पछिल्लो वर्ष र हाल वर्षको पापहरूको मेटिन्छ।

मुस्लिम (1162)




## सम्पत्ति- १०२

### 43 - 'आशुरा' को दिन उपवास बस्नु।

**लाभ:** पछिल्लो वर्ष को पापहरूको मेटिन्छ।

**प्रमाण:** अबू कतादा (रअ) ले बताउनु हुन्छ कि अल्लाहको  रसूल (स.) ले भन्नुनभयो :  मा अल्लाह सित  आशा गर्दछु कि आशुरा  को दिन  रोजा बस्नु पछिल्लो वर्ष को पापहरूको मेटिन्छ।

मुस्लिम (११६२)

سرمایہ پر عمل

## सम्पत्ति- १०३

### ४४ - उम्रापछि उम्रा गर्नु

**लाभ:** दुबै उम्रा को  बीचको पापहरू क्षमा गरिन्छ।

**प्रमाण:** अबू हुरैर (रअ) ले उल्लेख गर्नु हुन्छ कि अल्लाहको  रसूल (स.) ले भन्नुनभयो: उम्रापछि उम्रा गर्नुले दुबै उम्रा को बीचको  पापहरू क्षमा गरिन्छ।

बुखारी (१७७३),मुस्लिम (१३४९)

سرمایہ پر عمل

## सम्पत्ति- १०४

### ४५- "ला इलाहा इल्लाल्लाहु, वाह्दहु ला शारिक लहु, लहुल-मुल्कु वा लहुल-हम्दु, वा हुवा 'अला कुल्ली शय्इन् कादिर" 100 पटक भन्नु

**लाभ:** सय वटा पाप मेटिन्छन्, र त्यो पढ्ने व्यक्ति शैतानबाट सुरक्षित हुन्छ।

**प्रमाण:** अबू हुरैर (रअ) ले उल्लेख गर्नु हुन्छ कि अल्लाहको  रसूल (स.) ले भन्नुनभयो: जस्ले एक दिनमा सय पटक - "ला इलाहा इल्लाल्लाहु, वाह्दहु ला शारिक लहु, लहुल-मुल्कु वा लहुल-हम्दु, वा हुवा 'अला कुल्ली शय्इन् कादिर" पढ्छ, उस्ले दस वटा गुलाम मुक्त गरेको पुण्य पाउन्छ, उस्को लागि सय वटा  पुण्य लेखिन्छ, र सय वटा नै  पाप मेटाईन्छ, र  त्यस व्यक्ति को लागि  दिनभरि बेलुका सम्म शैतानबाट सुरक्षा हुन्छ ।

बुखारी (२३९३) र मुस्लिम (२६९१)

سرمایہ پر عمل

## सम्पत्ति- १०५

**46 – फजर नमाज पछि कोहि सगँ कुराकानि नगरि, खुट्टा मोडेर बसेकै अवस्था मा दस चोटि : "ला इलाहा इलल्लाह, वह्दहु ला शारिका लहु, लहुल - मुल्कु व लहुल - हम्दु, युह्यि व युमितु, बियदिहिल् - खैरु, वहुव`अला कुल्लीशय्यिन कदीर' पढ्नु ।**

**लाभ:** १० वटा पाप मेटाइन्छ, र त्यस दिन कुनै पापले उसलाई नष्ट गर्नेछैन, सिवाय शिर्कले ( अल्लाहको साझीदार बनाउनु), र उ शैतानबाट सुरक्षामा हुन्छ ।

**प्रमाण:** अबू जर (रअ) ले उल्लेख गर्नु हुन्छ कि अल्लाहको रसूल (स.) ले भन्नुनभयो: जस्ले फजर नमाज पछि कोहि सगँ कुराकानि नगरि, खुट्टा मोडेर बसेकै अवस्था मा दस चोटि : "ला इलाहा इलल्लाह, वह्दहु ला शारिका लहु, लहुल - मुल्कु व लहुल - हम्दु, युह्यि व युमितु, बियदिहिल् - खैरु, वहुव`अला कुल्लीशय्यिन कदीर' पढ्छ, अल्लाह ले हर पटक को बदलामा उस्को लागि एक पुणय लेखदिनु हुन्छ, एक पाप मेटाई दिनु हुन्छ, र एक दर्जा उच्च गरिदिनु हुन्छ, र उस्ले एउटा गुलाम मुक्त गरेको पुण्य पाउछ, र त्यो पुरा दिन उस्को लागि हर कष्ट बाट सुरक्षित हुनेछ, र शैतान बाट जोगिन्छ, र त्यस दिन शिर्क बाहेकअरू कुनै पापले उसलाई नष्ट गर्नेछैन.

तिर्मिधि (३४७३), नसाई अल - कुब्रा (९८७८) र अल्बानीले यसलाई हसनको दर्जा दिये ।

سرمایہ پر عمل

سرمایہ ۱۰۶

**सम्पत्ति- १०६**

**४७ – कुनै बैठक बाट उठ्नु भन्दा अघि भेला छोड्नु अघि 'सुब्हानक अल्लाहुम्मा व बिहम्दिक, अश्-हदु अन्-लाइलाहा इल्ला अन्त, अस्तगफिरुक  व अतुबु इलैक', भन्नु ।**

**लाभ:** बैठकमा भएका कुकर्म हरू मेटिन्छ ।

**प्रमाण:**  अबू हुरैर (रअ) ले उल्लेख गर्नु हुन्छ कि अल्लाहको  रसूल (स.) ले भन्नुनभयो:  जो बैठकमा बस्छ र धेरै बेकारको कुरा भइदिहाल्यो भाने उठ्नु अघि यो पढ्यो  भने: 'सुब्हानक अल्लाहुम्मा व बिहम्दिक, अश्-हदु अन्-लाइलाहा इल्ला अन्त, अस्तग्फिरुक  व अतुबु इलैक"  त्यस बैठकमा भएका कुकर्म हरू मेटिन्छ "।

तिर्मिधि (३४३३), नसाई अल - कुब्रा (१०१५७), अहमद (१०५५९) । यसलाई इब्न अल - अरबी र अल्बानीले साहिहको दर्जा दिएका थिए ।

سرمایہ پر عمل

**सम्पत्ति- १०७**

**४८ - अल्लाहमा विश्वास रख्नु ।**

**लाभ:** शैतानबाट सुरक्षा ।

**प्रमाण:** अल्लाह ले भन्नु हुन्छ: ईमानवालाहरू र आफ्नो पालनकर्तामाथि भरोसा राख्नेहरूमाथि त्यसको (शैतानको) केही सामर्थ लाग्दैन [अन् नहल ९९ ]

سرمایہ پر عمل

## सम्पत्ति- १०८

### 49 – सुत्न अघि आयतल-कुर्सी वाचन गर्नु ।

**लाभ:** शैतानबाट सुरक्षा ।

**प्रमाण:** अबू हुरैर (रअ) ले उल्लेख गर्नु हुन्छ कि अल्लाहको रसूल (स.) ले भन्नुनभयो: "तिमी आफ्नो ओछ्यानमा जानुबेला, अयात - अल - कुर्सी पढ्नु, त्यस्ले गर्द अल्लाहको तर्फबाट तिम्रो लागि एक रक्षक हुन्छ, र शैतान बिहान सम्म तिमी नजिक आउन सक्नेछैन ।

बुखारी (३२७५)

سرمایہ پر عمل

## सम्पत्ति- १०९

### 50- पत्नीसँग यौन सम्बन्ध बनाउन अधि 'बिस्मिल्लाहि अल्लहुम्म जन्निब्नश्-शैतान, व जन्निबिश्- शैतान मा रजक्तना ' भन्नु

**लाभ:** आउने सन्तान शैतानबाट सुरक्षित हुन्छ ।

**प्रमाण:** इब्ने अब्बास (रअ) ले उल्लेख गर्नु हुन्छ कि अल्लाहको रसूल (स.) ले भन्नुनभयो कि यदि कुनै व्यक्तिले आफ्नी पत्नीसँग यौनसम्पर्क गर्न चाहन्छ भने उसले भन्नुपर्छः "बिस्मिल्लाहि अल्लहुम्म जन्निब्नश्-शैतान, व जन्निबिश्- शैतान मा रजक्तना", त्स पछि यदि अल्लाहले उनीहरू लाई कुनै सन्तान प्रदान गर्नु भयोभने, शैतानले उसलाई हानि पुर्याउन सक्दैन ।

बुखारी (६३८८) र मुस्लिम (१४३४)

سرمائے پر عمل

## सम्पत्ति- ११०-१११

**सम्पत्ति- ११०-१११**

**५१,५२ - अनाथको हेरचाह गर्नु र गरिब लाई खान ख्वाउनु।**

**लाभः** हृदयकठोरता बाट मुक्ति मिल्नेछ।

**प्रमाणः** अबू हुरैर (रअ) ले बताउनु हुन्छ कि अल्लाहको रसूल (स.) ले भन्नुनभयो: एक मानिसले अल्लाह को रसूल (स.) सित आफ्नो हृदयको कठोरता बारेमा गुनासो गरे। रसूल (स.) ले भन्नु भयो : अनाथको हेरचाह गर्नु र गरिब लाई खान ख्वाउनु (त्यसो गर्नुले मनको कठोरता सिद्धिन्छ। अहमद (9140) मुन्ध्री र अल्बानीले भने: यसको वर्णन गर्नेहरू साहिहका हुन्।

سرمایہ پر عمل

## सम्पत्ति- ११२

**५३ – रात को नमाजमा कुरान को १० श्लोक पढ्नु।**

**लाभः** लापरवाहीको भाव बाट मुक्ति।

**प्रमाणः** अब्दुल्लाह बिन 'अम्र बिन अल -आस' (रअ) ले अल्लाहको रसूल (स.) लाई यसो भन्दै उल्लेख गरे: यदि कसैले दस श्लोक हरू पढि रात्री नमाज पढ्छ भने उस्लाई (धर्म कर्म बाट ) बेवास्तामा रहेको लेखिनेछैन।

अबुनदाउद (१३९८), अल्बानीले साहिहको दर्जा दिएका थिए

# खण्ड २:
# मरणोपरांतका कठिनाइहरू बाट सुरशिक्षत गर्नें कार्याहरू
## (17) सम्पत्तिहरु

سرمایہ پر عمل

# सम्पत्ति- ११३

## १- तक्वा र सुधार

**लाभ:** नर्क बाट सूरक्षा, र भय र पीर को समाप्ति

**प्रमाण:** ★ अल्लाह ले भन्नु हुन्छ: निःसन्देह भय गर्नेहरू निश्चिन्तताको ठाउँमा हुनेछन् ,बगैचाहरू र श्रोतहरूमा, रेशमको बस्त्र लगाई एक–अर्काको आमने सामने (आमुन्ने सामुन्ने) बसेका हुनेछन्  यसप्रकार हामीले गोरी वर्ण ठूला नेत्र भएकी स्त्रीहरूसित उनीहरूको विवाह गरिदिनेछौं  त्यहाँ उनीहरूले निश्चिन्तताका साथ प्रत्येक किसिमका स्वादिष्ट फल माँगाइरहेका हुन्छन् त्यहाँ उनीहरूले मृत्युको स्वाद कहिले पनि चाख्नेछैनन् । मात्र पहिलो मृत्युको जे भयो सो भयो, र अल्लाहले उनीहरूलाई नर्कको यातनाबाट बचाइहाल्यो  यो सबै तिम्रो पालनकर्ताको विशेष उदार अनुग्रह हो । त्यही ठूलो सफलता हो [अद् दुखान ५१-५७]

★अल्लाह ले भन्नु हुन्छ:   र जसले संयम गरेका छन्, उनीहरूलाई अल्लाहले उनीहरूको सफलताको साथ मुक्ति प्रदान गर्नेछ । उनीहरूलाई न कुनै अनिष्टले छुन सक्नेछ र नत उनीहरू कुनै प्रकारले शोकाकुल हुनेछन् [अज जुमर ६१]

★अल्लाह ले भन्नु हुन्छ: अनि हामीले आत्मसंयमीहरूलाई बचाउने छौं र अवज्ञकारीहरूलाई त्यहीं घुँडाटेकेको अवस्थामा छाडिदिनेछौं [मर्यम: ७२]

★अनि जसले आत्मसंयम राख्दछन र आफूलाई ठीक राख्दछन् त्यस्ता मानिसहरूलाई न त केही भय हुनेछ न त तिनी दुःखी नै हुनेछन् [अल आराफ ३५    ★अल्लाह ले भन्नु हुन्छ: सुनिराखः कि अल्लाहका मित्रहरूलाई न कुनै भय–त्रास हुनेछ र नत तिनीहरू दुःखी हुनेछन्, यी तिनीहरू हुन् जसले ईमान ल्याए र आत्मसंयमी रहे [युनुस: ६२ - ६३]

سرمایہ پر عمل

## सम्पत्ति- ११४

**2 - अल्लाहको निम्ति एक दिनको लागि उपवास**

**लाभ:** नर्क बाट सुरक्षा हुन्छ, र अनुहार नर्क आगो बाट ७० बर्ष टाढा हुन्छ

**प्रमाण:** अबु हुरैर (रअ) बाट कथित छ कि रसुल (स.) ले भन्नु भयो : रोजा नर्क बाट सूरक्षा लागि ढाल र बलियो किल्ला जस्तै हो।

★अबु सइद अल-खुद्रि (रअ) बाट कथित छ कि उनले रसुल (स.) ले भन्दै सुन्नुभयो कि: जस्ले अल्लाहको मार्गमा एक दिनको उपवास राख्छ, अल्लाहले उस्को अनुहारलाई नरकबाट सत्तर वर्षको दूरीमा टाढा गरिदिनु हुन्छ।

अहमद (९३४८), नसाई अल - कुब्रा (२५४९) मा। यो सुयुति र अर्नाउत द्वारा सहिह वर्गीकृत गरिएको छ

मुस्लिम (1153)

سرمایہ پر عمل

## सम्पत्ति- ११५

**३ - ४० दिनसम्म मण्डलीमा नमाजको लागि पहिलो तक्बीर भेट्टाउनु।**

**लाभ:** नर्क बाट सुरक्षा।

**प्रमाण:** अनस बिन मलिक (रअ) ले वर्णन गरे कि: अल्लाहका रसुल (स.) ले भन्नु भयो: जसले अल्लाहको निम्ति मण्डलीमा पहिलो ताकबीर सँगै चालीस दिन सम्म नमाज पढ्छ, उसको लागि दुई कूरा बाट मुक्ति लेखि दिइन्छ, नर्क बाट र कपट बाट।

तिरमिदी (३३७७) र अल्बानीले यसलाई सहिहको दर्जा दिएका छन्

سرمایہ پر عمل

## सम्पत्ति- ११६

### 4- जोहर नमाज अघि र पछि चार रकाअत पढ्नु।

**लाभ:** नर्क बाट सुरक्षा।

**प्रमाण:** उम्म हबीबा (रअ) बाट कथित छ कि रसुल (स.) ले भन्नु भयो : यदि कुनै व्यक्ति जोहर नमाज अघि र पछि चार रकाअत पढ्दछ भने ऊ नरकम जानेनै छैन।

अबू दाऊद (१२६९), तिर्मिधि (४२८), नसाई अल - कुब्रा (१४८२), इब्न माजा (११६०) र अल्बानी ले यसलाई सहिह दर्जा दिए

سرمایہ پر عمل

## सम्पत्ति- ११७

### 5 - खजूर को आधा टुक्रा भए पनि दान दिनु

**लाभ:** नर्क बाट सुरक्षा।

**प्रमाण:** अदि बिन् हातिम (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसुल (स.) ले भन्नु भएको छ कि: " नरकबाट आफूलाई बचाउनु, चाहे खजूर को आधा टुक्रा दानमा दिएर भए पनि होस्।

प्रमाण: अदि बिन् हातिम (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसुल (स.) ले भन्नु भएको छ कि: "तिमीहरुमध्ये जसले नरकबाट आफूलाई बचाउन सक्छ भने बचाओस्, चाहे खजूर को आधा टुक्रा  दानमा दिएर भए पनि होस्।

बुखारी (१४१७) र मुस्लिम (१०१६)

बुखारी (६५३९) र मुस्लिम (१०१६)

سرمایہ پر عمل

## सम्पत्ति- ११८

**६ -अल्लाहको बाटोमा खुट्टा धुलम्मे हुनु र धुलो मा सास फेर्नु।**

**लाभ:** नर्क बाट सुरक्षा।

**प्रमाण:** ★अबु अबस (रअ) बाट कथित छ कि रसुल (स.) ले भन्नु भएको छ कि: "जस्को दुबै खुट्टा अल्लाहको मार्गमा धुलोमय हुन्छ,अल्लाहले उसलाई नरकको आगोबाट बचाउनेछन्।

★ 'आ'इशा (रअ) ले वर्णन गरे कि मैले रसुल (स.) लाई भन्दै सुनेको छु कि : "जुन् मुस्लिम व्यक्तिको हृदय अल्लाहको मार्गमा (धेरै हिड्ने वा यात्रा गर्नु ले) धुलोको साथ मिश्रण भइन्छ, अल्लाहले उसको लागि नरकलाई निषेध गर्दिनु हुन्छ।

★अबु हुरैर (रअ) बाट कथित छ कि रसुल (स.) ले भन्नु भयो : "अल्लाहको मार्गमा हुदा धूलो पसेको घाँटीमा, नरकको धुवाँ कहिल्यै पस्नेछैन।

तिर्मिधि (१६३२) यसलाई इब्न अल - अरबी र अल्बानीले साहिहको दर्जा दिएका थिए। अहमद (२५१८७) र अल्बानीले यसलाई सहीहको श्रेणीकरण गरे। अल – कुब्रा (3/645) मा नसाई र अल्बानीले यसलाई साहिह वर्गीकृत गरे।

سرمایہ پر عمل

## सम्पत्ति- ११९

**७- अल्लाहको जिक्र**

**लाभ:** नर्क बाट सुरक्षा।

**प्रमाण:** मोआज बिन् जबल (रअ) बाट कथित छ कि रसुल (स.) ले भन्नु भयो : "जिक्र गर्नु घेरै ठुलो कर्म हो जस्ले ब्यक्ति इश्वरको यातनाबाट बाच्दछ।

अहमद (२२५०४) र अल्बानीले यसलाई सहीहको श्रेणीकरण गरे।

سرمایہ پر عمل

## सम्पत्ति- १२०

### ८- छोरीहरूप्रति धैर्यवान र दयालु हुनु, र तिनीहरू सित भलाइ गरि खाने, पिउने र लुगाफाटाको व्यवस्था गर्नु।

**लाभ:** नर्क बाट सुरक्षा।

**प्रमाण:** 'आ'इशा (रअ) ले वर्णन गरे कि मैले रसुल (स.) लाई भन्दै सुनेको छु कि : जो कोहीले छोरी सन्तान पउँछ र राम्ररी हेरचाह गरी उनिहरू सित भलाइ गर्छ, तिनीहरू उस्को लागि नरक बाट जोगाउने ढाल हुनेछन्।

★ उक्बा बिन् आमिर (रअ) ले बताउनु भयो कि मैले अल्लाहका रसूल(स.) लाई यो कुरा भनिरहेको सुनेः "जसले तीन छोरीहरू जन्माउछ र धैर्यसाथ उनीहरूको पालनपोषण गर्छ, आफ्नो धनसम्पत्तिबाट उनीहरूलाई ख्वाउन्छ, पिलाउन्छ र लुगा लउन दिन्छ, ति छोरीहरू उसको लागि नर्कको आगोबाट जोगाउने ढाल हुन्छन्।

बोखारि (२२६९)मुस्लिम् (१४१७)

इब्न माजा (३६६९), अहमद (१७६७५) र अल्बानीले यसलाई साहिहको श्रेणीकरण गरे।

سرمایہ پر عمل

## सम्पत्ति- १२१

### 9 -अल्लाहको डरले रूनु।

**लाभ:** नर्क बाट सुरक्षा।

प्रमाण: अबु हुरैर (रअ) बाट कथित छ कि रसुल (स.) ले भन्नु भयो : "जो अल्लाहको डरले रुन्छ, ऊ कहिल्यै नरकमा जादैन, जसरी थुन बाट निस्किएको दुध थुनमा फर्किदैन।

★ अनस बिन मलिक (रअ) ले बताउनु हुन्छ कि रसुल (स.) ले भन्नु भयो कि : दुइ थरीका आँखा लाई नर्क को आगो ले कहिल्यै छुदैन, एउटा यस्तो आँखा जुन अल्लाहको डरले रुन्छ।

नसइ अल - कुब्रा (4301) रअलबानि र इब्न अल – ले सहिह भने

मुस्नाद अबू याला (४३४६), र अल्बानी र सुयुती यसलाई सहिह दर्जा दिए

سرمایہ پر عمل

## सम्पत्ति- १२२

### १०- विनम्र, दयालु र पहुँचयोग्य हुनु

**लाभ:** नर्क बाट सुरक्षा।

**प्रमाण:** अबु हुरैर (रअ) बाट कथित छ कि रसुल (स.) ले भन्नु भयो : "जो विनम्र, दयालु र पहुँचयोग्य हुन्छ, अल्लाहले उसलाई नरकमा प्रवेश गर्न निषेध गरिदिनुहुन्छ।

मुस्ताद्रक हकीम (४३४) र सुयुती र अल्बानीले यसलाई सहीहको दर्जा दिए।

سرمایہ پر عمل

## सम्पत्ति- १२३

### ११ -एक मुस्लिमको अनुपस्थितीमा उस्को इज्जत को रक्षा गर्नु

**उत्कृष्टता:** नर्क बाट सुरक्षा।

**प्रमाण:** असमा बिन यजिद (रा) ले वर्णन गरे कि : अल्लाहका रसूल (स.) ले भन्नुभयो: जसले आफ्नो भाइको अनुपस्थितीमा उस्को इज्जत को रक्षा गर्छ, उसलाई नरकबाट मुक्त गर्नु अल्लाहको कर्तव्य हुनेछ।

अहमद (२८२५७) र अल्बानीले यसलाई सहीहको श्रेणीकरण गरे।

سرمایہ پر عمل

## सम्पत्ति- १२४

### 12 - अल्लाहको बाटो मा रक्षा गर्ने कार्य गर्नु।

**लाभ:** नर्क बाट सुरक्षा।

**प्रमाण:** इब्ने अब्बास (रअ) बाट कथित छ कि, उनले रसुल (स.) लाई भनिरहेको सुन्नु भए: दुइ थरीका आँखा लाई नर्क को आगो ले कहिल्यै छुनेछैन, एउटा यस्तो आँखा जुन अल्लाहको डरले रुन्छ, र यस्तो आखँ जुन् अल्लाहको बाटो मा रक्षा गर्ने रातभरि बिँउझिन्छ।

तिरमिदी (३३७७) र अल्बानीले यसलाई सहिहको दर्जा दिएका छन्

# सम्पत्ति- १२५

**१३- रमजानको हरेक दिन र रातमा पुण्य कार्य गर्नु।**

**लाभ:** नर्क बाट सुरक्षा।

**प्रमाण:** अबु हुरैर (रअ) बाट कथित छ कि रसुल (स.) ले भन्नु भयो : "अल्लाहले रमजान को हरेक दिन र रात्रि मा नर्क बाट मुक्ति प्रदान गर्नु हुन्छ"।

अहमद (७५६७) र अल्बानीले यसलाई सहीहको श्रेणीकरण गरे।

# सम्पत्ति- १२६

**14 – क्रोध थाम्नु।**

**लाभ:** यातना देखि संरक्षण

**प्रमाण:** अनस बिन मालिक (रअ) बाट कथित छ कि रसुल (स.) ले भन्नु भयो : जसले आफ्नो क्रोध नियन्त्रित गर्छ, अल्लाहले उसलाई आफ्नो यातना बाट सुरक्षित गरिदिनु हुन्छ।

अल - मुख्तारह (२०६६) मा दीया अल - मकदासी, र अल्बानीले यसलाई साहिह वर्गीकृत गरे।

# सम्पत्ति-१२७

**१५ - नरकको आगोबाट जोग्न अल्लाह सित तीन पटक शरण माँग्नु**

**लाभ:** नरकले अल्लाहसित त्सतो व्यक्तिलाई सुरक्षा प्रदान गर्न अनुरोध गर्दछ

**प्रमाण:** अनस बिन मालिक (रअ) बाट कथित छ कि रसुल (स.) ले भन्नु भयो : " जस्ले नरकको आगोबाट जोग्न अल्लाह सित तीन पटक शरण माँग्दछ, नरकले नै उस्को निम्ति भन्नेछः हे अल्लाह, उसलाई आगोबाट बचाउनुहोस्।

तिर्मिधि (२५७२), नसाई अल - कुब्रा (७९०७), इब्न माजा (४३४०), अहमद (१२३५३), इब्न हिब्बान (१०३४), सुयुति र अल्बानीले यसलाई साहिहको श्रेणीकरण गरे।

سرمایہ پر عمل

# सम्पत्ति- १२८

### 16 - अल्लाहको बाटोमा सीमाहरूको रक्षा गर्दा मृत्यु हुनु

**लाभः** - कबर को यातना बाट सुरक्षा।

**प्रमाणः** फदाला बिन उबैद (रअ) ले बताउनु भयो कि अल्लाहका रसूल(स.) ले भन्नु भयो: प्रत्येक मानिषको कर्म उस्को मृत्युहुने साथ रोकिन्छ, सिवाये त्यस व्यक्ति को जस्को मृत्यु अल्लाहको बाटोमा सीमाहरूको रक्षा गर्दा भयो, र उसको कर्महरू कयामत को दिनसम्म उसको लागि बढ्नेछ, र ऊ कबरको परीक्षाबाट सुरक्षित हुनेछ।

★ सलमान (रअ) ले बताउनु भयो कि : मैले अल्लाहका रसूल (स.) ले भनिरहेको सुनेको छु कि: यदि अल्लाहको बाटोमा सीमाहरूको रक्षा गर्ने व्यक्ति मर्छ भने उसको पुण्यकर्म जारी रहनेछ, र उसले पउने रोजी प्रदान गरिन्छ, र कबरमा परिक्षी लिने दुई फरिश्ता बाट सुरक्षित हुनेछ।

★ सलमान अल - फरासी (आरए) ले भनेकिः मैले अल्लाहका रसूल (स.) ले भनिरहेको को सुनेको छु कि: जस्को मृत्यु अल्लाहको बाटोमा सीमाहरूको रक्षा गर्दा भयो, र ऊ कबरको परीक्षाबाट सुरक्षित हुनेछ।

अबू दाऊद (2500), तिर्मिधि (1621), अहमद (24584), र इब्न अल - अरबी र अल्बानीले यसलाई साहिह वर्गीकृत गरे ,मुस्लिम (१९१३),तिरमिदी (१६६५) र अल्बानीले यसलाई सहिहको दर्जा दिएका छन्

سرمایہ پر عمل

# सम्पत्ति- १२९

### 17 - मुस्लिमलाई कष्टमा राहत दिनु

**लाभः** तेसो गर्नुले कयामत को दिन को कूनै कष्ट हटिन्छ।

**प्रमाणः** अब्दुल्लाह बिन् उमर लो उल्लेख गरे कि रसुल (स.) ले भन्नु भयो : "जसले आफ्नो भाइको समस्याहरू को समाघान गर्छ, अल्लाहले उसको समस्याहरू कयामत को दिनमा हटाउनु हुन्छ।

बुखारी (२४४२), मुस्लिम (२५८०)

# खण्ड ३:
# सांसारिक कठिनाइहरू
# हटाउन मद्दत गर्ने कार्यहरू
# (21) सम्पत्तिहरु

سرمایہ پر عمل

## सम्पत्ति- १३०

**१ - घर बाट निस्कने बेला "बिस्मिल्लाहि, तौवक्कलतु अललल्लाहि, ला हव्ला वला कुव्वत इल्ला बिल्लाह"**

**लाभ:** अल्लाह ले रक्षा गर्नु हुन्छ र चिन्ता पिर बाट राहत दिनु हुन्छ

**प्रमाण:** अनस (रअ) ले उल्लेख गर्नु हुन्छ कि अल्लाहका रसुल (स.) ले भन्नु भयो: (जब कोहि मानिस आफ्नो घरबाट बाहिर निस्कने बेला यो भन्छ: 'बिस्मिल्लाहि, "बिस्मिल्लाहि, तौवक्कलतु अललल्लाहि, ला हव्ला वला कुव्वत इल्ला बिल्लाह", त्यस समय उस्लाई भनिन्छ: तिमीले सत्य मार्ग पायौ, तिम्रो रक्षा गरियो र तिमी सुरक्षित भयौ, र शैतानहरू उसबाट टाढा हुनछन्, र एक शैतानले अर्कोलाई भन्नेछः "त्यो मानिस लाई कसरी हानी पुर्याउन सक्छौ जसले सत्य मार्ग पायौ, र जस्को रक्षा गरियो र जो सुरक्षित भयो।

अबू दाऊद (५०९५), नसाई अल - कुब्रा (९८३७) र अल्बानीले यसलाई सहिह दर्जा दिए।

سرمایہ پر عمل

## सम्पत्ति- १३१

**२- बिहान बेलुका सुरह अल एख्लास, अल फलक र अन्नास तिन तिन पटक पढ्नु**

**लाभ:** अल्लाह ले रक्षा गर्नु हुन्छ।

**प्रमाण:** अब्दुल्लाह बिन् खुबैब (रअ) ले उल्लेख गर्नु हुन्छ कि अल्लाहका रसुल (स.) ले भन्नु भयो: बिहान बेलुका सुरह अल एख्लास, अल फलक र अन्नास तिन तिन पटक पढ्नु ले तिमी सबै कुराहरु बाट सुरक्षित हुन्छौ।

अबु दाउद (५०८२) र अल्बानीले यसलाई सहिहको दर्जा दिए।





## सम्पत्ति- १३२

### ३- “बिस्मिल्लाहि अल-लजी ला याजुर्रू माआ इस्मिहि शैय्उन् फिल् अर्जी वला फिस्समा वहुव अस्समीउ-ल- अलीम" तीन पटक बिहान र साँझ पढ्नु

**लाभ:** अल्लाह ले रक्षा गर्नु हुन्छ।

**प्रमाण:** 'उथमान बिन'अफ्फान (रअ) ले उल्लेख गर्नु हुन्छ कि अल्लाहका रसुल (स.) ले भन्नु भयो: जो  कोहिले हरेक बिहान र साँझ तीन पटक यो पढ्छ: “बिस्मिल्लाहि अल-लजी ला याजुर्रू माआ इस्मिहि शैय्उन् फिल् अर्जी वला फिस्समा वहुव अस्समीउ-ल- अलीम " कुनै कुराले उसलाई हानि पुर्याउने छैन।

तिर्मिधि (३३८८), नसाई अल - कुब्रा (१०१०६), इब्न माजा (३८६९) र अल्बानीले यसलाई साहीको श्रेणीमा राखे




## सम्पत्ति- १३३

### 4 - सुत्ने बेला आयत अल-कुर्सी पढ्नु।

**लाभ:** अल्लाह ले रक्षा गर्नु हुन्छ।

**प्रमाण:** अबु हुरैर (रअ) ले बताउनु भयो  कि अल्लाहका रसुल (स.) ले भन्नु भयो:  तिमीले आयत अल-कुरसी "अल - इलाहा इलाह हुव, अल - हय्युल - काय्यम... " पढ्नु, किनकि त्यसपछि अल्लाहले पठउनु भएको संरक्षकले तिम्रो रक्षा गर्नेछ, र शैतान बिहानसम्म तिमीसँग नजिकिने छैन)।

बोखारी (2311)

# सम्पत्ति- १३४

**5- पीर र चिन्ताले पीडित हुँदा "अल्लाहुम्मा इन्नि 'अब्दुक, इब्नु `अब्दिक, इब्नु अमातिक, नासियाती बियादिक...) भन्नु।**

**लाभ:** पीर र चिन्ता मेटिन्छ र खुशी मा परिवर्तित हुन्छ।

**प्रमाण:** अब्दुल्लाह बिन मसूद (रअ) ले उल्लेख गर्नु हुन्छ कि अल्लाहका रसुल (स.) ले भन्नु भयो: कसैले दुःख र चिन्ता को बेला यो भन्यो भने, "अल्लाहुम्म इन्नि अबदुक, वब्नु अबदिक वब्नु अमतिक, नासियती बियदिक, माजिन् फिय्य हुकमुक्, अद्लुन् फिय्य क़दाऊक, अस् अलुक बीकुल्लि इस्मिनि हुव लक, सम्मैत बिहा नफ्सक, 'अव अल्लमतहु अहदन मिन खल्किक, 'अव इस्ताषर्त बिहा फी इल्म अलग्यैबे ईंदक'अन् तजअलिल कुरान रबीअ कल्बी, वनुर सदरी, वजलाअ हुज्नी",
अल्लाहले उस्को चिन्ता र पिडा हटाउनेछन र त्यसलाई खुशी मा परिवर्तिन गरिदिनु हुन्छ.
रसुल (स.) लाई सोधे : के हामी लो यो प्रर्थना सिकौ, रसुल (स.) ले भन्नु भयो : अवश्य नै जस्ले यो सुन्यो उस्ले सिकोस् पनि
अहमद (३७८८), इब्न हिब्बान(९७२ अल्बानीले यसलाई सहीहको श्रेणीकरण गरे।

سرمایہ پر عمل

## सम्पत्ति- १३५

**६ - फजर नमाज पछि कोहि सगँ कुराकानि नगरि, खुट्टा मोडेर बसेकै अवस्था मा दस चोटि : "ला इलाहा इलल्लाह, वह्दहु ला शारिका लहु, लहुल - मुल्कु व लहुल - हम्दु, युह्यि व युमितु, बियदिहिल् - खैरु, वहुव`अला कुल्लीशय्यिन कदीर' पढ्नु**

**लाभ:** पुरा दिन नराम्रो कुराहरू बाट सुरक्षा।

**प्रमाण:** अबू जर (रअ) ले उल्लेख गर्नु हुन्छ कि अल्लाहको रसूल (स.) ले भन्नुनभयो: जस्ले फजर नमाज पछि कोहि सगँ कुराकानि नगरि, खुट्टा मोडेर बसेकै अवस्था मा दस चोटि : "ला इलाहा इलल्लाह, वह्दहु ला शारिका लहु, लहुल - मुल्कु व लहुल - हम्दु, युह्यि व युमितु, बियदिहिल् - खैरु, वहुव`अला कुल्लीशय्यिन कदीर' पढ्छ, अल्लाह ले हर पटक को बदलामा उस्को लागि दस वटा पुण्य लेखदिनु हुन्छ, दस वटा पाप मेटाई दिनु हुन्छ, र दस दर्जा उच्च गरिदिनु हुन्छ, , र त्यो पुरा दिन उस्को लागि हर कष्ट बाट सुरक्षित हुनेछ,
तिर्मिधि (३४७४), नसीई (९८७८) र अल्बानीले यसलाई हसन वर्गीकृत गरे।

سرمایہ پر عمل

## सम्पत्ति- १३६

**७- अल्लाहमा भरोसा राख्नु ,**

**लाभ:** सबै चिन्ता बाट सुरक्षा।

**प्रमाण:** अल्लाहले भन्नु भएको छ... "जसले अल्लाहमा भरोसा राख्छ, अल्लाहले उसलाई पर्याप्त छ {अत् तलाक ३}

سرمایہ پر عمل

## सम्पत्ति- १३७

**8 - पीडित व्यक्ति देखेर यसो भन्नु "अल्हम दुलिल्ला,हिल् लजी आफानी मिम्म इब्तलाहु बिहि व फज्जलनि अला कषीरिन मिम्मन खलक तफ्जीला "**

**लाभ:** त्यस विषेश कष्ट बाट सुरक्षित हुनु।

**प्रमाण:** 'उमर (रअ) ले भन्नु हुन्छ कि अल्लाहको रसूल (स.) ले भन्नु भयो कि: जसले पीडित व्यक्ति देखेर यो भन्छ कि "अल्हम दुलिल्ला,हिल् लजी आफानी मिम्मा इब्तलाहु बिहि व फज्जलनि अला कषीरिन मिम्मन खलक तफ्जीला " उस्लाई त्यो कष्ट आउने छैन.

तिर्मिधि (३४३१), अबू दाऊद एट - त्यालीसी (१३), इब्न कायिम र अल्बानीले यसलाई साहिहको श्रेणीकरण गरे।

سرمایہ پر عمل

## सम्पत्ति- १३८

**९-पाप वा सम्बन्ध तोड्ने जस्तो कुराहरू नभएको प्रार्थना गर्नु।**

**लाभ:** सबै चिन्ता बाट सुरक्षा

**प्रमाण:** अबू सइद अल - खुद्री (रअ) ले उल्लेख गर्नु हुन्छ कि अल्लाहका रसुल (स.) ले भन्नु भयो: "कुनै मुस्लिम ले पाप वा सम्बन्ध तोड्ने जस्तो कुराहरू बाट मुक्त कुराहरूको प्रार्थना गर्छ भने , अल्लाह ले तीन कुराहरू मध्य एक कुरा प्रदान गर्नु हन्छ: या त उस्को प्रार्थनी तुरन्तै स्विकार हुन्छ, वा अर्को संसारमा उस्को लागि भण्डार गरिदिइन्छ, वा उस्लाई त्यस प्रार्थना बराबर नै दुष्ट बाट सुरक्षित गरिदिइन्छ

श्रोता हरू ले भने " त्यसो भए हामीले झन बढि प्रार्थना गर्छौं, रसुल (स) ले भन्नु भयो : अल्लाह ले झनै बढि दिनु हुन्छ

अहमद (११३०२) र अल्बानीले यसलाई सहीहको श्रेणीकरण गरे।

سرمایہ پر عمل

## सम्पत्ति- १३९

**25 - पुरै प्रार्थना रसुल (स.) माथि दरूद पढ्न लगाउनु।**

**लाभ:** सबै चिन्ता बाट सुरक्षा।

**प्रमाण:** उबै बिन् काब (रअ) ले रसूल (स.) लाई भने, " मैले आफ्नो पुरै प्रार्थना तपाई माथि दरूद पढ्न लाउन्छु। रसूल (स.) ले भने, त्यसो भए तिम्रो पिरा हरू सक्किन्छन् र पापहरू माफ गरिदिने छन्।

तिर्मिधि (२४५८) र यसलाई हसनको दर्जा दिये।

سرمایہ پر عمل

## सम्पत्ति- १४०

**११ – “हस्बियल्लाहु ला इलाहा इल्ला हुवा अलैहि तवक्कल्तु वहुवा रब्बुल अर्सिल अजीम” बिहान र साँझमा सात पटक पढ्नु।**

**लाभ:** सबै चिन्ता बाट सुरक्षा।

**प्रमाण:** अबू अल - दरदा ’ (रअ) ले भन्नु हुन्छ: जस्ले बिहान र साँझमा “हस्बियल्लाहु ला इलाहा इल्ला हुवा अलैहि तवक्कल्तु वहुवा रब्बुल अर्सिल अजीम” सात पटक पढ्छ, अल्लाहले उस्लाई सबै चिन्ता बाट सुरक्षित गरिदिनुहुन्छ। अबु दाउद (५०८१) र अल्बानीले यसलाई सहिहको दर्जा दिए।

سرمایہ پر عمل

## सम्पत्ति- १४१

**१२ - घरमा तीन रातमा सूरह अल -बकरह को अन्तिम दुई श्लोकहरू पढ्नु।**

**लाभ:** सबै पिडा बाट मुक्ति हुन्छ, र शैतान उसको घर नजिक आउन सक्तैन।

**प्रमाण:**★ अबू मस्उद(रअ) ले उल्लेख गर्नु हुन्छ कि अल्लाहका रसुल (स.) ले भन्नु भयो: यदि कुनै व्यक्ति ले रत्रि समयमा सूरह अल -बकरह को अन्तिम दुई श्लोकहरू पढ्छ भने ति त्यस व्यक्ति को रक्षा को लागी काफी हुन्छन्

★ अन – नुमान बिन बशीर (रअ) को भनाइ छ कि  अल्लाहका रसूल (स.)  ले भन्नु भएको छः "आकाशहरू र पृथ्वीको सृष्टि गर्नुभन्दा दुई हजार वर्ष पहिले अल्लाहले एउटा किताब लेख्नु भएको थियेे, र त्यसबाट सूरह अल -बकरह को अन्तिम दुई श्लोकहरू पठाउनु भएको  थिये। यदि कुनै व्यक्ति ले ति दुई श्लोक घरमा तीन पढ्छ भने, शैतान त्यस घर नजिक आउने नै छैन।

मुस्लिम (८०८)

तिरमिदी (३१३६) र अल्बानीले यसलाई सहिहको दर्जा दिएका छन्

سرمایہ پر عمل

سرمایہ ۱۴۲

**१३- अल्लाहको डर**

**लाभः** समस्याहरूबाट मुक्ति र शैतानको जालबाट सुरक्षित हुनु।

**प्रमाणः** ★ अल्लाहले भन्नु हुन्छ " र हामीले तिनीहरूलाई छुटकारा दियौं जो विश्वासी थिए र अल्लाहको भय राख्थे। [फुस्सिलत: 18]

★अल्लाह ले भन्नु हुन्छ: र जो अल्लाहसित डर मान्दछ, अल्लाह उसको लागि उम्कने बाटो सृजना गरिदिनेछ। [अत तलाक 18]

★अल्लाह ले भन्नु हुन्छ:  यदि तिमीले संतोषगरी अल्लाहबाट डर मान्छौ भने, तिनका षड्यन्त्रले तिमीलाई केही पनि नोक्सान पुर्याउन सक्ने छैन। [अले इमरान: १२०]

سرمایہ پر عمل

## सम्पत्ति- १४३

**१४ - निरन्तर रूप ले क्षमा याचना गर्नु ।**

**लाभ:-** कष्टबाट मुक्ति मिल्नेछ ।

**प्रमाण:** इब्ने अब्बास (रअ) ले बताउनु भयो कि रसुल (स.) ले भन्नु भयो : "जसले निरन्तर रूपले क्षमा माग्छ, अल्लाहले उसलाई हरेक सास्ती बाट मुक्ति दिनुहुन्छ र सबै चिन्ता समस्या समधान गरिदिनु हुन्छ ।

अबू दाऊद (१५१३), नसाई अल - कुब्रा (१०२१७), इब्न माजा (३८१९), र अब्दुल हक अल - इस्बिली र इब्ने बाज ले यसलाई साहिह वर्गीकृत गरे ।

سرمایہ پر عمل

## सम्पत्ति- १४४

**15 – पुर्ण प्रकाश मय विहानी (जुहा) को चार रकाअत पढ्नु ।**

**लाभ:** दिनको अन्तिम क्षण सम्म संरक्षा हुन्छ ।

**प्रमाण:** अबु दरदा (रअ) ले बताउनु भयो कि रसुल (स.) ले भन्नु हुन्छ कि अल्लाह ले भन्नु भयो : "हे आदमका पुत्र! दिनको सुरुमा मेरो लागि चारवटा राकहरू पढ्, म तिम्रो लागि दिन् को अन्तिम क्षण सम्म पर्याप्त हुनेछु ।

तिरमिदी (४७५) र अल्बानीले यसलाई सहिहको दर्जा दिएका छन्

سرمایہ پر عمل

## सम्पत्ति-१४५

**१६ - लगातार हज र 'उम्रा गर्नु**

**लाभ:** गरिबी उन्मूलन ।

**प्रमाण:** इब्न मस्उद (रअ) ले उल्लेख गर्नु हुन्छ कि अल्लाहका रसुल (स.) ले भन्नु भयो: ( एक पिछे आर्क हज र उम्रा गर, किनकि त्यसले गरिबी र पापहरू मेटिन्छ, जसरी लोहारको धुनले फलाम, सुन र चाँदीबाट अशुद्धताहरू हटाउँछ।

अहमद (३७४३), तिर्मिधि (८१०), नसाई, अल - कुब्रा (३५९७), र अहमद शाकिरले यसलाई सहीहको श्रेणीमा राखे।

سرمایہ پر عمل

## सम्पत्ति- १४६

### १७ - धैर्य राख्नु

**उत्कृष्टता:** शत्रुको योजनाहरूबाट सुरक्षित हुनु।

**प्रमाण:** अल्लाह ले भन्नु हुन्छ: यदि तिमीले संतोषगरी अल्लाहबाट डर मान्छौ भने, तिनका षड्यन्त्रले तिमीलाई केही पनि नोक्सान पुर्याउन सक्ने छैन। [अले इमरान: १२०]


سرمایہ پر عمل

## सम्पत्ति- १४७

### १८ - सुरह अल-बकराहको वाचन

**लाभ:** सबै जादूगर बाट सुरक्षा।

**प्रमाण:** अबु उमामा अल बाहिली (रअ) ले भन्नु हुन्छ कि उहाँले अल्लाहको रसुल (स.) लाई यसो भनिरहेको सुने कि: सुरह अल–बकरह पढ्दै गर्नु, त्यस लाई पढ्नु मा आशिष् छ र त्यस लाई छोड्न पिडा को कारण हो, र जादूगर हरू ले त्यसको सामना गर्न सक्दैनन्।मुस्लिम (८०४)




## सम्पत्ति- १४८


**१९-सपनामा केही खराब देख्दा: बायाँ तर्फ तीन पटक थूथूक गर्न, शैतानबाट शरण खोज्न, र अर्को छेउ तर्फ फर्कि सुत्नु।**

**लाभ:** खराब सपनाबाट सुरक्षित।

**प्रमाण:** अबु कतादा (रअ) ले उल्लेख गर्नु हुन्छ कि अल्लाहका रसुल (स.) ले भन्नु भयो: कसैले कूनै नराम्रो सपना देख्यो भने, उस्ले आफ्नो तर्फ तीन पटक थूथूक गर्नु, र शैतानबाट अल्लाहको शरण खोज्न. त्यसले उसलाई कुनै हानि पुर्याउने छैन।

★जाबिर (रअ) ले उल्लेख गर्नु हुन्छ कि अल्लाहका रसुल (स.) ले भन्नु भयो: "जब तिमीहरूमध्ये कसैले नराम्रो सपना देख्छ भने उसले आफ्नो देब्रेपट्टि तीन पल्ट थूथूक गरोस् र शैतानबाट तीन पल्ट अल्लाहको शरण माँगोस् र र अर्को छेउ तर्फ फर्कि सुतोस्

बुखारी (६९९५) र मुस्लिम (२२६१) बुखारी (७००५), मुस्लिम (२२६२)




## सम्पत्ति- १४९

**20 - निद्रामा भयभीत हुँदा यसो भन्नु: “ अउजु बिकलिमातिल्लाहि अत-ताम्माति मिन् गजबिहि वा एकाबिहि वा शर्रे एबादिहि, वा मिन् हमजाति श्शयातीन वा अन-यहजुरून**

**लाभ:** खराब सपनाबाट सुंरक्षना।

**प्रमाण:** अब्दुल्लाह बिन अम्र बिन अल-आस (रअ) ले उल्लेख गर्नु हुन्छ कि अल्लाहका रसुल (स.) ले भन्नु भयो: कोही निन्द्रा मा तर्सीयो भने यो पढ्नु "अउजु बिकलिमातिल्लाहि अत-ताम्माति मिन् गजबिहि वा एकाबिहि वा शर्रे एबादिहि, वा मिन् हमजाति श्शयातीन वा अन-यहजुरून“ त्यसो गर्दा कुनै हानि हुने छैन .

नसाई अल - कुब्रा (11330), तिर्मिधि (2616), अहमद मुन्ध्रीले यसलाई सहीह वा हसन वा तिनीहरूमध्ये कुनै पनि नजिकको श्रेणीकरण गरे।

سرمایہ پر عمل

# सम्पत्ति- १५०

**२१- सूरह अल-कहफ  को शुरूआति १० श्लोक कण्ठ पार्नु**

**लाभ:** दज्जाल बाट सुरक्षा।

**प्रमाण:** अबु दर्दा (रअ)  ले बताउनु भयो कि अल्लाहको रसुल (स.) ले भन्नु भयो:  जस्ले सूरह अल-कहफ  को शुरूआति १० श्लोक कण्ठ पार्छ, उ दज्जाल बाट सुरक्षित गरिनेछ।

मुस्लिम (८०९)

## तेस्रो अध्यायः

## यस संसार र आखेरत(मरणोपरान्त) को जीवनको उद्देश्यहरू पूरा गर्न मद्दत गर्ने सम्पत्तिहरू

## (210 सम्पत्तिहरू)

यसमा निम्न ६ खण्ड हरू समावेश छन्:

१-धार्मिक उद्देश्य पूरा गर्न सहयोग गर्ने कार्य हरू (५ सम्पत्तिहरू)

2 -व्यावहारिक उद्देश्य पूरा गर्न मद्दत गर्ने कार्य हरू (१४ सम्पत्तिहरू)

3 -आखेरत(मरणोपरान्त) को उद्देश्यहरू पूरा गर्न कार्य हरू (१४६ सम्पत्तिहरू)

४-स्वयम् आत्मिक उद्देश्यहरू पूरा गर्न कार्य हरू (३१ सम्पत्तिहरू)

५-यस संसारको उद्देश्य पूरा गर्न मद्दत गर्ने कार्य हरू (१० सम्पत्तिहरू)

६- वरपरका मानिससँग सम्बन्धित उद्देश्यहरू पूरा गर्न मद्दत गर्ने कार्य हरू (४ सम्पत्तिहरू)

# खण्ड एक:
# धार्मिक उद्देश्य पूरा गर्न सहयोग गर्ने कार्य हरू
## (५ सम्पत्तिहरू)

سرمایہ پر عمل

## सम्पत्ति-१५१

### 1 - अल्लाह सित राम्रो आशा राख्नु।

**लाभ:** आशा बमोजिम अल्लाह लाई पाउनु।

**प्रमाण:** अबु हुरैर (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसुल (स.) ले बताअनु भयो अल्लाह ले भन्नु हुन्छ: म मेरो भक्त ले म सँगआशा गरे जस्तै हुन्छु।

बुखारी (7405) र मुस्लिम (2675)।

سرمایہ پر عمل

## सम्पत्ति-१५२

### 2 - फजर को दुई रकाअत्

**लाभ:** त्यो दुई रकाअत् दुई रकाअत् यो संसार र यसमा जे जति छ सबैभन्दा उत्तम छ।

**प्रमाण:** आएशा (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसुल (स.) ले बताअनु भयो: फजर को रकाअत् दुई रकाअत् यो संसार र यसमा जे जति छ सबैभन्दा उत्तम छ।

मुस्लिम (७२५)

سرمایہ پر عمل

## सम्पत्ति-१५३

### ३- अल्लाह को डर

**लाभ:** एक प्रकाश, आशिष्, सही र गलत बीचको भिन्नता बुझ्ने भाव को प्राप्ति, र यस्तो कार्यको लागि मार्गदर्शन जसले अल्लाहलाई प्रसन्न गर्छ।

**प्रमाण**: ★अल्लाह ले भन्नु हुन्छ: ईमानवालाहरू ! यदि तिमी अल्लाहसित डर मान्ने गर्छौं भने उसले तिमीलाई एउटा निर्णायक कुरा प्रदान गर्नेछ। र तिम्रा पापहरू समाप्त गर्नेछ र तिमीलाई क्षमा गर्नेछ। अल्लाह बडो अनुग्रहवाला छ (अलअन् फाल २९)

★अल्लाह ले भन्नु हुन्छ: हे मोमिनहरू ! अल्लाहसित डर र उसको रसुलहरूमाथि ईमान ल्याऊ। अल्लाहले तिमीलाई आफ्नो दयाको दुईगुणा भाग प्रदान गर्नेछ र तिम्रो निम्ति एउटा प्रकाश दिनेछ, जसको प्रकाशमा तिमी हिंड्नेछौ र तिम्रो पाप पनि क्षमा गरिदिनेछ। अल्लाह बडो क्षमाशील र अत्यन्त दयावान छ।(अल हदिद २८)

★अल्लाह ले भन्नु हुन्छ: तसर्थ जसले (अल्लाहको मार्गमा धनमाल) दियो र डर मान्यो (आफ्नो पालनकर्ताको)। र राम्रो कुराको पुष्टि गर्दैगर्यो त हामीले पनि उसलाई सजिलो बाटोको सुविधा प्रदान गर्नेछौं (अल् लैल ५-७)




## सम्पत्ति-१५४

**४ - दान दिनु**

**लाभ**: यस्तो कार्यको लागि मार्गदर्शन जसले अल्लाह प्रसन्न हुनुहुन्छ।

**प्रमाण:** ★अल्लाह ले भन्नु हुन्छ: तसर्थ जसले (अल्लाहको मार्गमा धनमाल) दियो र डर मान्यो (आफ्नो पालनकर्ताको)। र राम्रो कुराको पुष्टि गर्दैगर्यो त हामीले पनि उसलाई सजिलो बाटोको सुविधा प्रदान गर्नेछौं (अल् लैल ५-७)




## सम्पत्ति-१५५

**५ - घर बाट निस्कने बेला "बिस्मिल्लाहि, तौवक्कलतु अलल्लाहि, ला हव्ला वला कुव्वत इल्ला बिल्लाह" पढ्नु**

**लाभ:** यस्तो कार्यको लागि मार्गदर्शन जसले अल्लाह प्रसन्न हुनुहुन्छ

**प्रमाण:** अनस (रअ) ले उल्लेख गर्नु हुन्छ कि अल्लाहका रसुल (स.) ले भन्नु भयो: (जब कोहि मानिस आफ्नो घरबाट बाहिर निस्कने बेला यो भन्छ: 'बिस्मिल्लाहि, "बिस्मिल्लाहि, तौवक्कलतु अलल्लाहि, ला हव्ला वला कुव्वत इल्ला बिल्लाह", त्यस समय उस्लाई भनिन्छ: तिमीले सत्य मार्ग पायौ, तिम्रो रक्षा गरियो र तिमी सुरक्षित भयौ, र शैतानहरू उसबाट टाढा हुनछन्, र एक शैतानले अर्कोलाई भन्नेछ: "त्यो मानिस लाई कसरी हानी पुर्याउन सक्छौ जसले सत्य मार्ग पायौ, र जस्को रक्षा गरियो र जो सुरक्षित भयो।

अबू दाऊद (५०९५), नसाई अल - कुब्रा (९८३७) र अल्बानीले यसलाई साहिहको श्रेणीमा राखे।

# खण्ड दुई:
# व्यावहारिक उद्देश्य पूरा गर्न मद्दत गर्ने कार्य हरू

(१४ सम्पत्तिहरू)

سرمایہ پر عمل

## सम्पत्ति-१५६

### १-अल्लाह को डर

**लाभ:** अल्लाहलाई सबैभन्दा मनपर्ने कार्यहरू मध्ये एक हो र कर्म सुधार हुने र कबुल हुने आधार हो ।

**प्रमाण:** ★अल्लाह ले भन्नु हुन्छ: र आफ्नो साथमा यात्राको खर्च लिई हिंड । किनभने सबभन्दा राम्रो बाटो खर्च त अल्लाहको डर हो(अल बकरह १९७)

★अल्लाह ले भन्नु हुन्छ: हे मोमिनहरू ! अल्लाहसित डर मान्नेगर र सोझो सोझो साँचो कुरा भन्नेगर, ताकि अल्लाह तिम्रा कर्महरूलाई राम्रो पारोस् र तिम्रा पापहरूलाई क्षमा गरिदेओस् । र जसले पनि अल्लाह र उसको रसूलको आज्ञापालन गर्यो, त्यसले ठूलो सफलता प्राप्त गरिसक्ने छ(अलअहजाब ७०-७१)

★अल्लाह ले भन्नु हुन्छ: अल्लाहले आत्मसंयमीहरूको कर्म स्वीकार गर्नेगर्दछ(अल माएदा २७)

سرمائے پر عمل

## सम्पत्ति-१५७-१६०

### २-५ - मुस्लिमलाई खुशी दिनु, उसको पीडा मेटाउनु, उसको ऋण तिर्नु, र उसको भोक म्टाउनु ।

**लाभ:** अल्लाहलाई सबैभन्दा धेरै मनपर्ने कार्यहरू मध्ये एक हो।

**प्रमाण:** इब्न उमर (रअ) ले बताउनु हुन्छ कि अल्लाहको रसूलले भन्नुभयो: (सर्वशक्तिमान अल्लाहको लागि सबैभन्दा मनपर्ने कार्यहरू एक मुस्लिमलाई खुशी दिनु, उसलाई संकटबाट मुक्त गर्न, उसको ऋण तिर्न र उसको भोक हटाउनु हो

तबरानी अल - काबिर (१३६४) र अल्बानी सहिह श्रेणी दिए

## सम्पत्ति-१६१

### ६ - ज्झूल अल-हिज्जाको पहिलो १० दिनमा पुण्य कर्म गर्नु

**लाभ:**अल्लाह लाई सबैभन्दा मनपर्ने कार्यहरू मध्ये एक हो।

**प्रमाण:** इब्ने अब्बास (रअ) ले बताउनु भयो कि अल्लाहका रसूल (स.) ले भन्नु भएको छ: अरू कुनै दिन को पुण्य कर्महरू भन्दा ज्धुल अल-हिज्जा महिना को पहिलो १० दिनमा गरिने पुण्य कर्महरू अल्लाह लाई अतिनै मन पर्छ,

अबु दाउद (२४३८) र अल्बानीले यसलाई सहिहको दर्जा दिए।

## सम्पत्ति-१६२

### 7 – इदुल-अध्हामा कुरबानी गर्नु

**लाभ:** अल्लाह लाई सबैभन्दा मनपर्ने कार्यहरू मध्ये एक हो।

**प्रमाण:** आएशा (रअ) ले अल्लाहका रसूललाई यसो भनिरहेको सुन्नु भयो कि : कुरबानी को दिनमा कुरबानि गरी रगत बगाउनुभन्दा आल्लाह लाई खुसी पार्ने काम अरू कनै होइन । कयामत को दिनमा कुरबान भएको जनावर आफ्नो सिङ, कपाल र खुरहरू साथ आउनेछ, र रगत जमिनमा खस्नु अघि नै अल्लाहको स्वीकृति पाउँछ, त्यसैले खुशी साथ कुर्बानि गर्नु। तिर्मिधि (१४९३) र उनले र सुयुति र इब्न हजरले यसलाई हसनको दर्जा दिए।

# सम्पत्ति-१६३

**८ - "सुब्हानल्लाह, वल्हामुदु लिल्लाह, व लाइलाहा इल्लल्लाह व अल्लाहु अक्बर" पढ्नु ।**

**लाभ:** सबै भन्दा राम्रो शब्दहरू मध्ये एक हो।

**प्रमाण:** समुरा बिन जुनदुब (रअ) ले भन्नु हुन्छ कि अल्लाहका रसुल (स.) ले वर्णन गर्नु भयो: अल्लाह प्रिय शब्दहरू चार छन्: "सुब्हानल्लाह, वल्हामुदु लिल्लाह, व लाइलाहा इल्लल्लह व अल्लाहु अक्बर", पढ्न निम्ति जुन शब्द बाट शुरू गरे पनि हुन्छ । मुस्लिम (२१३७)

# सम्पत्ति-१६४

**९ - "सुब्हानल्लाहि वा बिहम्दिहि" भन्नु**

**लाभ**: सबै भन्दा राम्रो शब्दहरू मध्ये एक।

**प्रमाण:** अबु जर् (रअ) ले बताउनु भयो कि अल्लाहका रसूल (स.) ले भन्नु भएको छ कि: के म तिमीलाई अल्लाह लाई सबैभन्दा धैरै मनपर्ने शब्द हरूबारे खबर गरूँ ? अल्लाह लाई सबैभन्दा धैरै मनपर्ने शब्द "सुब्हानल्लाहि वा बिहम्दिहि" हो ।
मुस्लिम (२७३१)

# सम्पत्ति-१६५

**१०- "सुब्हानल्लाहि-ल- अजीम सुब्हानल्लाहि वा बिहाम्दिह " भन्नु ।**

**लाभ**: अल्लाहको सबै भन्दा प्यारो शब्दहरू

**प्रमाण:** अबू हुरैर (रअ) ले उल्लेख गर्नु भयो कि अल्लाहका रसूल (स.) ले भन्नु भएको छ रिपोर्ट: दुई शब्दहरू यस्ता छन् जुन् मुख मा बोल्न हल्का छन्, पुण्य को तराजू मा भारी छन्, अल्लाह लाई प्यारो छन्: ति शब्द हुन "सुब्हानल्लाहि-ल- अजीम सुब्हानल्लाहि वा बिहाम्दिह "
बुखारी (६४०६) र मुस्लिम (२६९४)

سرمایہ پر عمل

## सम्पत्ति-१६६

### ११- राति ब्युझदा "ला इलाहा इल्लल्लाहु, वाह्दाहु ला शारिका लाहु..." पढ्नु र फेरि वजु गरि नमाज पढ्नु

**लाभ:-** नमाज कबुल हुन्छ।

**प्रमाण:** 'उबादा बिन अस - सामित (रअ)) ले बताउनु भयो कि अल्लाहका रसूल (स.) ले भन्नु भएको छ: जो रात मा उठ्छ र भन्छ: "ला इलाहा इल्लल्लाहु, वाह्दाहु ला शारिका लाहु, लाहुल-मुलकु वा लहुल-हमदु, वा हुवा 'अला कुल्ली शा'इन कादिर, अलहम्दु लिल्लाहि सुब्हानल्लाहि, व लाइलाहा इल्लल्लाहु व अल्लाहु अक्बर, व ला हव्ला वला कुव्वत इल्ला बिल्लाहि"

त्यस पछि भन्छ हे अल्लाह मलई क्षमा गरिदिनुस्, अथवा प्रार्थना गर्छ भने स्विकार गरिन्छ, र यदि वजु गरि नमाज पढे भने कबुल हुन्छ।

बुखारी (११५४)

سرمایہ پر عمل

## सम्पत्ति-१६७

### 12 - परिवार माथि केहि खर्च गर्ने बखत पुण्य कर्म को नियत राख्नु

**लाभ**: दान स्वरूप स्विकार गरिन्छ

**प्रमाण:** इब्ने मसूउद (रअ) ले बताउनु भयो कि अल्लाहका रसूल (स.) ले भन्नु भएको छ कि : जब एक मुस्लिमले आफ्नो परिवार माथि पुण्य कर्म को नियत राखेर केहि खर्च गर्दछ भने यो उसको लागि सदका दान मानिन्छ।

बुखारी (५३५१) र मुस्लिम (१००२)

سرمایہ پر عمل

## सम्पत्ति-१६८

**13 – मध्याह्न बेला सुर्य पश्चिम तर्फ ओर्ले पछि जोहर नमाज पुर्व चार रकाआत् पढ्नु**

**लाभ**: त्यसको लागि आकाशको ढोकाहरू खोलि दिइन्छ ।

**प्रमाण:** अब्दुल्लाह बिन अल - साएब (रअ) ले बताउनु भयो कि अल्लाहका रसूल (स.) मध्याह्न बेला सुर्य पश्चिम तर्फ ओर्ले पछि जोहर नमाज पुर्व चार रकाआत् पढ्नु हुनु हुन्थ्यो, र भन्नु हुन्थ्यो कि यस समय आकाशको ढोकाहरू खोलि दिइन्छ, र मलाई मनपर्छ कि मेरो पुण्य कर्म यस बेला माथि जाओस् ।

तिरमिदी (४७८) र अल्बानीले यसलाई सहिहको दर्जा दिए

سرمایہ پر عمل

## सम्पत्ति-१६९

**१५ - “सुब्हानल्लाह, अलहम्दु लिल्लाह, र अल्लाहु अकबर" 33 पटक हरेक नमाज पछि पढ्नु**

**लाभ:** पुण्य कर्म मा अगाडि भएका लाई भेटिन्छ र पछि रहेका हरू बाट अगाडि बढिन्छ

**प्रमाण:** अबू हुरैर (रअ) ले बताउनु भयो कि : निर्धन मान्छेहरू अल्लाहका रसूल (स.) लाई भेट्न आए र भने: धनी मान्छे हरू ले पुणय कर्म मा आफ्नो धन खर्च गरि उच्च दर्जा र स्वर्ग प्राप्त गरेछन् र तिनीहरूले हाम्रो जस्तै नमाज पढ्छन् र रोजा बस्छन्, उनीहरूसँग हज र उम्रह गर्नको र अल्लाहको मार्गमा संघर्ष गर्न र दानमा दिन लागि अधिक पैसा छ; रसूल (स.) ले भन्नु भए: के म तिमी हरूलाई यस्तो कार्य बारे खबर गरुँ, जुन तिमीहरूले गर्यौ भने, तिमीहरूले पुण्यकार्यमा अगाडि भएका हरू साथ पाउने छौ र त्यस पुण्य कार्यमा तिमीहरू बाट पछि आउनेहरू तिमी सम्म पुग्ने छैनन्? र तिमीहरू आफ्नो समयकाल मा मौजूद सबैजाना भन्दा श्रेष्ठ हुनेछौ सिवाय उनिहरुको जसले तिमीहरू समान कार्य गर्छन् ? (त्यो कार्य हो) तीमिहरूले हरेक नमाज पछि “सुभानल्लाह, अलहमदु लिल्लाह, र अल्लाहु अकबर पढ्नु , र हरेक लाई 33 पटक पढ्नु, (अबु हुरैर ले भन्नु हुन्छ) हामि भीत्र कुरा बुझ्न भिन्नता भयो, ककसै ले भने : “सुभानल्लाह, अलहमदु लिल्लाह लाई 33 पटक , र अल्लाहु अकबर लाई ३४ पटक पढ्नु पर्छ,

म कुरा बुझ्न निम्ति रसुल (स.) कहाँ फर्किए, (र सोधे) उनिले भन्नु भयो : “सुभानल्लाह, अलहमदु लिल्लाह, र अल्लाहु अकबर ,हरेक लाई 33 पटक पढ्नु.

बुखारी (८४३) र मुस्लिम (५९५)

# खण्ड तीनः

# आखेरत(मरणोपरान्त) को उद्देश्यहरू पूरा गर्न कार्य हरू

# (१४६ सम्पत्तिहरू)

سرمایہ پر عمل

## सम्पत्ति-१७०

**अल्लाह को जिक्र**

**लाभ:** सबै भन्दा धेरै दर्जा उच्च गर्ने कर्म,र अल्लाहको मार्गमा लड्नु र सुन र चाँदी खर्च गर्नुभन्दा उत्तम कर्महरूमध्ये एक हो।

**प्रमाण:** अबु दर्दा' (रअ) ले भन्नुहुन्छ कि अल्लाहको रसूल (स.) ले भन्नुभयो: ("के मेलै तिमीहरूलाई सबैभन्दा राम्रो कर्म बारे नसूनाऊ, जून कर्म तिम्रो ईश्वर सामून्ने अतिशुद्ध छ, र जसले तिमीहरूको स्तरलाई उच्च पार्छ, र जुन तिमीहरूको लागि सुन चाँदी खर्च गर्नु भन्दा पनि उत्तम छ, र त्यो तिमीहरूका लागि शत्रुलाई भेटेर एकअर्काको टाउको काट्नुभन्दा पनि श्रेष्ठ छ?" तिनीहरूले भने: "निस्सन्देह भन्नूहोस" उहाँले भन्नुभयो: "त्यो कर्म अल्लाहको सम्झना (जिक्र) हो"।

तिरमिदी (३३७७) र अल्बानीले यसलाई सहिहको दर्जा दिएका छन्

سرمایہ پر عمل

## सम्पत्ति-१७१

**२ - बजार प्रवेश गर्दा यो भन्नु: "ला इलाहा इलल्लाह, वह्दहु ला शारिका लहु, लहुल - मुल्कु व लहुल - हम्दु, युह्यि व युमितु, वहुव हैय्युन् ला यमुतु, बियदिहिल् - खैरु, वहुव`अला कुल्लीशय्यिन कदीर'**

**लाभ:** एक लाख राम्रो कामहरूको पुण्य प्राप्ति र स्वर्गमा एक घर।

**प्रमाण:** उमर बिन् खत्ताब (रअ) ले उल्लेख गर्नु हुन्छ कि अल्लाहको रसूल (स.) ले भन्नुनभयो : "जस्ले बजार प्रवेश गर्दा खेरि यो भन्छ: "ला इलाहा इलल्लाह, वह्दहु ला शारिका लहु, लहुल - मुल्कु व लहुल - हम्दु, युह्यि व युमितु, वहुव हैय्युन् ला यमुतु, बियदिहिल् - खैरु, वहुव`अला कुल्लीशय्यिन कदीर' अल्लाह उस्को लागि दस लाख पुणय लेखदिनु हुन्छ , र दसौ लाख पापहरू मेटाइ दिनु हुन्छ , र उस्को लागि स्वर्गमा एक घर निर्माण गरिनछ.

तिर्मिधि (३४२९) र अल्बानीले यसलाई हसनको दर्जा दिए।

سرمایہ پر عمل

## सम्पत्ति-१७२

**३ - फजर नमाज पछि कोहि सगँ कुराकानि नगरि, खुट्टा मोडेर बसेकै अवस्था मा दस चोटि : “ला इलाहा इलल्लाह, वह्‌दहु ला शारिका लहु, लहुल - मुल्कु व लहुल - हम्दु, युह्यि व युमितु, बियदिहिल् - खैरु, वहुव`अला कुल्लीशय्यिन कदीर' पढ्नु**

**लाभ:** दस दर्जा उच्च गरिदिने छ र दस वटा पुण्य लेखदिने छ ।

**प्रमाण:** अबू जर (रअ) ले उल्लेख गर्नु हुन्छ कि अल्लाहको रसूल (स.) ले भन्नुनभयो: जस्ले फजर नमाज पछि कोहि सगँ कुराकानि नगरि, खुट्टा मोडेर बसेकै अवस्था मा दस चोटि : “ला इलाहा इलल्लाह, वह्‌दहु ला शारिका लहु, लहुल - मुल्कु व लहुल - हम्दु, युह्यि व युमितु, बियदिहिल् - खैरु, वहुव`अला कुल्लीशय्यिन कदीर' पढ्छ, अल्लाह ले हर पटक को बदलामा उस्को लागि दस वटा पुण्य लेखदिनु हुन्छ, दस वटा पाप मेटाई दिनु हुन्छ, र दस दर्जा उच्च गरिदिनु हुन्छ, , र त्यो पुरा दिन उस्को लागि हर कष्ट बाट सुरक्षित हुनेछ।

तिर्मिधि (३४७४), नसीई अल कुब्रा (९८७८) र अल्बानीले यसलाई हसन वर्गीकृत गरे।

سرمایہ پر عمل

## सम्पत्ति-१७३

**४ - घर बाट वुजु गरी फर्ज नमाज पढ्न निम्ति मस्जिद तर्फ धेरै आवत जावत गर्नु**

**लाभ:** स्वर्ग मा दर्जा उच्च हुन्छ, र स्वर्ग मा घर प्राप्त हुन्छ, हजको जस्तै प्रतिफल प्राप्त हुन्छ।

**प्रमाण**: ★ अबू हुरैरा (रअ) ले बताए कि अल्लाहका रसूल (स.) ले भन्नु भएको छ कि: "के म तिमीलाई त्यस्तो कुरा बताउँ ,जसद्वारा अल्लाहले पापहरूलाई मेटाइदिनुहुन्छ स्वर्गमा दर्जा उच्च पार्नुहुन्छ उनीहरूले भने, बताउनु होस् हे अल्लाहका

**सन्देष्टा :** उनले भने, कठिन परिस्थितिमा पनि, ठीक तरिकाले वजु गर्नु र मस्जिद तर्फ धेरै आवत जावत गर्नु

★ अबू हुरैर (रअ) ले उल्लेख गर्नु हुन्छ कि अल्लाहको रसूल (स.) ले भन्नुनभयो : जो आफ्नो घर मा वुजु गरि फर्ज नमाज पढ्न कुनै मस्जिद तर्फ जान्छ,उस्को मस्जिद तिर उथ्ने हरेक दुई पाईला मा एउटा ले एक पाप मेटिन्छ र आर्क ले एक श्रेणि उच्च गिरीदिइन्छ।

★अबू हुरैर (रअ) ले उल्लेख गर्नु हुन्छ कि अल्लाहको रसूल (स.) ले भन्नुनभयो : तिमीहरू ले मण्डली मा पढ्ने नमाज को पुण्य बजार मा वा घर मा पढेको नमाज भन्दा बीस देखि उनन्तीस दर्जा बढि हुन्छ, किन भने जब कुनै व्यक्ति ले राम्ररी वुजु गर्छ र मस्जिद मा मात्र नमाज कै नियत ले आउन्छ, नमाज पढने इरादा ले नै उस्लाई मस्जिद ल्याउन्छ, त हरेक कदममा को बदलामा एक श्रेणि उच्च गिरीदिइन्छ

★अबू हुरैर (रअ) ले उल्लेख गर्नु हुन्छ कि अल्लाहको रसूल (स.) ले भन्नुनभयो : 'जो व्यक्ति बिहान र बेलुका को समयमा मस्जिद आउने जाने गर्छ, त जब जब इस्को आवत जावत हुन्छ अल्लाहले उस्को लागि स्वर्ग मा आतिथ्यको वासस्थान तयार गरिदिनु हुन्छ।

★अबू उमामा अलबाहिली (रअ) ले उल्लेख गर्नु हुन्छ कि अल्लाहको रसूल (स.) ले भन्नुनभयो: जो कुनै व्यक्ति वुजु गरेर फर्ज नमाज पढ्न निस्कन्छ भने, उसले हज गरिरहेको व्यक्ति जस्तै प्रतिफल पाउन्छ।

बुखारी (२५१) (२११९) (६६२) मुस्लिम (६६६) (६६९),अहमद (२२७३५), अबू दाऊद (५५८), र अल्बानी यसलाई हसनको दर्जा दिये।

سرمایہ پر عمل

## सम्पत्ति-१७४

### ५ - एक पछि आर्क नमाज परर्खि बस्नु ।

**लाभ:** स्वर्ग मा दर्जा उच्च हुन्छ, र नमाज को प्रतिफल प्राप्त हुन्छ

**प्रमाण:** ★ अबू हुरैरा (रअ) ले बताए कि अल्लाहका रसूल (स.) ले भन्नु भएको छ कि: "के म तिमीलाई त्यस्तो कुरा बताउँ ,जसद्वारा अल्लाहले पापहरूलाई मेटाइदिनुहुन्छ स्वर्गमा दर्जा उच्च पार्नुहुन्छ उनीहरूले भने, बताउनु होस् हे अल्लाहका सन्देष्टा : उनले भने, कठिन परिस्थितिमा पनि, ठीक तरिकाले वजु गर्नु र मस्जिद तर्फ धेरै आवत जावत गर्नु, त्यहि नै रिबात (सत्कर्म को लागि अल्लाह को बाटो मा संघर्ष) हो.

★ अबू हुरैरा (रअ) ले बताउनु हुन्छ कि अल्लाहका रसूल (स.) ले भन्नु भएको छ कि: नमाज को लागि पर्खि बस्नु नमाज पढ्ने अवस्था मै हुनु जस्तै हो । मुस्लिम (२५१) (६४९)बुखारी (६५९)।

سرمایہ پر عمل

## سرمایہ ۱۷۵

## सम्पत्ति-१७५

### ६ -कठिन परिस्थितिमा पनि, ठीक तरिकाले वुजु गर्नु

**लाभ:** स्वर्ग मा दर्जा उच्च हुन्छ ।

**प्रमाण:** ★ अबू हुरैरा (रअ) ले बताए कि अल्लाहका रसूल (स.) ले भन्नु भएको छ कि: "के म तिमीलाई त्यस्तो कुरा बताउँ ,जसद्वारा अल्लाहले पापहरूलाई मेटाइदिनुहुन्छ स्वर्गमा दर्जा उच्च पार्नुहुन्छ उनीहरूले भने, बताउनु होस् हे अल्लाहका सन्देष्टा : उनले भने, कठिन परिस्थितिमा पनि, ठीक तरिकाले वजु गर्नु

मुस्लिम (२५१)

سرمایہ پر عمل

## सम्पत्ति-१७६

### ७-अल्लाहको लागि बारम्बार सज्दा गर्नु

**लाभ:** स्वर्ग मा दर्जा उच्च हुन्छ, र रसुल (स.) को सँगत मिल्ने छ

**प्रमाण:** षौबान (रअ) ले अल्लाहको रसूल (स.) सित भन्नुनभयो : हे अल्लाहको रसूल (स.) मलाई.यस्तो कर्म बारे खबर गर्नुहोस् जस्लाई गरि म स्वर्ग मा प्रवेश गर्न सकुँ, अल्लाहको रसूल (स.) ले भन्नु भयो: तिमीले अल्लाह को लागि बारम्बार सज्दा गर्नु, अल्लाहले हरेक सज्दा को प्रतिफलमा र एक दर्जा उच्च गरिदिनु हुन्छ।

★ रबिअ बिन काब अल - अस्लामी ((रअ) ले उल्लेख गर्नु हुन्छ कि: म अल्लाह को रसुल(स) कहाँ रात बितउदै थिए, (रसुल स. लाई आवश्यक्ता परे को बेला ) मैले वुजु गर्नु लाई पानी र अरू जरूरी कुरा हरू लिएर आए, उहाँ ले भन्नु भयो: म सित केहि माग: मैले भने म स्वर्ग मा तपाई को सँगत चाहन्छु, अल्लाहको रसूल (स.) ले भन्नु भयो त्यस बाहेक अरू केहि, मैले भने: त्यत्ति नै, रसूल (स.) ले भन्नु भयो अल्लाह को लागि धैरै सज्दा गरि आफु निम्ति मेरो मदत् गर।

मुस्लिम (४८९)(४८८)

سرمایہ پر عمل

## सम्पत्ति-१७७

### 8- आफ्ना आमाबाबु को लागि क्षमा याचना

**लाभ:** स्वर्ग मा श्रेणि उच्च हुन्छ।

**प्रमाण:** अबू हुरैर (रअ) ले उल्लेख गर्नु हुन्छ कि अल्लाहको रसूल (स.) ले भन्नुनभयो : सर्वशक्तिमान अल्लाह ले स्वर्ग मा एक धर्मी व्यक्ति को श्रेणि स्तर उच्च गरिदिनु हुन्छ, त्यस व्यक्ति ले सोध्ने छ, हुनेछ, हे प्रभु यो कसरी मैले पाए? , अल्लाह ले भन्नु हुन्छ उहाँले तिम्रो छोराछोरी ले तिम्रो लागि क्षमा मागेको कारण तिमिले यो सबै पाएको हौ।

अहमद (१०७६) इब्न कथिर र शौकानीले यसलाई सहिहमा वर्गीकृत गरे

سرمائے پر عمل

## सम्पत्ति-१७८-१८१

**9 -12 – अशूभ सगुन न लिनु, न त झारफुँक गराउनु, न त कटरिकरण गर्नु, र मात्र अल्लाहमा विश्वास गर्नु ।**

**लाभ:** बिना सोधपुछ स्वर्गमा प्रवेश ।

**प्रमाण:** इब्न अब्बास (रअ) ले उल्लेख गर्नु हुन्छ कि अल्लाहको रसूल (स.) ले भन्नुनभयो : मेरो अगाडि अलग अलग समुदाय हरू प्रदर्शित गरियो...र मैले एउटा महान समुह पनि देखे जस्को वाशाल भीडले गर्द आकाशै ढाक्ने जस्तो कालोपन थियो... र मलाई भनियो: "यी तपाईको अनुयायीहरू को समूह हो, तिनीहरूलाई बीच सत्तरी हजार जाना छन् जो बिना सोधपुछ स्वर्गमा प्रवेश गर्नेछन् । उहाँले भन्नु भयो: जो बिना सोधपुछ स्वर्गमा प्रवेश गर्नेछन् तिनीहरू हुनु जस्ले अशूभ सगुन लिदैनन्, न त झारफुँक गराउछन्, न त कटरिकरण गर्छन्, र मात्र अल्लाहमा विश्वास गर्छन् । बुखारी (५७५२),

سرمایہ پر عمل

## सम्पत्ति-१८२

**13 – रसुल (स.) सँग प्रेम**

**लाभ:** स्वर्ग मा अल्लाहका रसूल (स.) को सगँत

**प्रमाण:** अनस (रअ) ले उल्लेख गर्नु भएको छ कि रसूल (स.) ले भन्नु भएको छ : तिमी मरे पछि उहि सँग हुनेछौ जो सँग प्रेम गर्छौ । बुखारी (३६८८)




## सम्पत्ति-१८३

**14 - छोरी र बहिनीहरूलाई हुर्काएर पालनपोषण गरेर बिहे गराइदिनु वा तिनीहरूको मृत्यु हुनु अथवा तेसै अवस्था पालनपोषण गर्ने वाला मृत्यु हुनु।**

**लाभ**: स्वर्ग मा अल्लाहका रसूल (स.) को सगँत

**तर्क:** अनस बिन मलिक (रअ) ले वर्नण गर्नु ऊयो कि अल्लाहका रसूल (स.) ले भन्नु भयो: जसले दुई छोरीहरू वा बहिनीहरू वा तीन छोरीहरू वा बहिनीहरू हुर्काउँछ जबसम्म तिनीहरूको बिहे हुँदैन वा तिनीहरू आफैं मर्छन्, ऊ र म स्वर्ग मा माझी र चोर औंला जस्तै सँगै हुनेछौ।

इब्न हिब्बान (४४७) र अल्बानीले यसलाई सहिह मानेका छन्।




## सम्पत्ति-१८४

**१५ - अनाथहरूको हेरचाह**

**लाभ:** स्वर्ग मा अल्लाहका रसूल (स.) को सगँत

**प्रमाण:** सहल बिन सअद (रअ) ले उल्लेख गर्नु हुन्छ कि अल्लाहको रसूल (स.) ले भन्नुनभयो : "म र अनाथहरूको हेरचाह गर्ने वाला स्वर्ग मा माझी र चोर औंला जस्तै सँगै हुनेछौ र उहा ले माझी र चोर औंला देखाएर औंलाको बिचमा अलिकति ठाउँ बनाउनु भयो।

बुखारी (५३०४)

سرمایہ پر عمل

## सम्पत्ति-१८५

### १६ – उचित तरिका ले वुजु गर्नु र त्यसपछि ह्रदय र मन लगाएर दुई रकाअत नमाज पढ्नु।

**लाभ:** जन्नतमा  अनिवार्य नै प्रवेश गर्ने छ।

**प्रमाण:** ★उक्बा बिन आमिर (रअ) ले उल्लेख गर्नु हुन्छ कि अल्लाहको  रसूल (स.) ले भन्नुनभयो:  कुनै पनि मुस्लिम उचित तरिका ले वुजु गरि ह्रदय र मन लगाएर दुई रकाअत नमाज पढ्छ भने जन्नतमा  अनिवार्य नै प्रवेश गर्नेछ।

★ अबू हुरैरा(रअ)  ले वर्णन गर्नु हुन्छ कि: फजर को समयमा रसुल (स.) ले बिलाल (रअ) सित सोध्नुभयो: मलाई इस्लाम स्विकार गरेपछि तिमीले गरेको उत्तम कार्यको बारेमा बताउ, किनकि मैले तिम्रोको पाइलाहरू चाप का आवाज स्वर्गमा मेरो अगाडि सुनेको छु,  बिलाल (रअ) ले जवाफ दिए: "मैले उल्लेख गर्न लायक केही गरेको त छैन, तर मैले  जबजब  दिन वा रातको कुनै पनि समयमा वुजु गरे, मैले त्यस पछि जति नमाज पढ्न सक्थे पढ्को छु"।

मुस्लिम (२३४) (२४५८), बुखारी (११४९)

سرمایہ پر عمل

## सम्पत्ति-१८६

### 17 -      छोटो समय को लागि भए पनि अल्लाह को बाटो मा शत्रु हरू सँग युध्द गर्नु।


**लाभ:** जन्नतमा अनिवार्य नै प्रवेश गर्ने छ।

**प्रमाण:** अल्लाहले भन्नु भएको छ ★ "नि:सन्देह अल्लाहले मोमिनहरूबाट तिनीहरूको प्राण र माल तिनीहरूका लागि स्वर्गको सट्टामा किनिसकेको छ। यिनीहरू अल्लाहको मार्गमा युद्ध गर्दछन्, जसमा मार्दछन् र मारिन्छन् पनि। यो तौरात, इंजील र कुरआनमा भएको सत्य वचन हो, र अल्लाहभन्दा बढी आफ्नो वचन पूरा गर्नेवाला को छ ? तसर्थ जुन सौदा तिमीले उससँग गरेका छौ त्यसबाट प्रसन्न रह, र यही नै ठूलो सफलता हो [अत् तौबह: 111]

★ मुआज बिन जबल (रअ) ले उल्लेख गर्नु हुन्छ कि अल्लाहको रसूल (स.) ले भन्नुनभयो : "जो अल्लाहको मार्गमा ऊँटको थुन बाट दुध निकाल्न लाई एक पिछे आर्क चोटि थुन थिच्न समय बराबर समय पनि युध्द मा शामेल हुन्छ , उसलाई अनिवार्य रूपले स्वर्ग प्रदान गरिनेछ।

★ `अब्दुल्लाह बिन अबी औफा (रअ)` ले उल्लेख गर्नु हुन्छ कि अल्लाहको रसूल (स.) ले भन्नुनभयो : स्वर्ग तरबार को छायाँ म छ ( भन्नाले शत्रु सँग युध्द गर्नु परेमा अनिवार्य रूपले गर्नु पर्छ)

अबू दाऊद (२५४१), नसाई अल - कुब्रा (४३३४), तिर्मिधि (१६५७), इब्न माजा (२७९२) र अल्बानीले यसलाई सहीहको श्रेणीमा राखे, बुखारी (२८१८)





## सम्पत्ति-१८७

### 18 - आफ्नो बोली र गुप्त अंगहरू को रक्षा गर्नु

**लाभ:** स्वर्गको अनिवार्य वासस्थान प्राप्ति।

**प्रमाण:** सहल बिन साद (रअ)ले उल्लेख गर्नु हुन्छ कि अल्लाहको रसूल (स.) ले भन्नुनभयो : अल्लाहका रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नु भएको छः "जसले मलाई आफ्नो मुखको बोलीको र गुप्त अंगहरू को रक्षा गर्ने जमान दिन्छ मैले उस्लाई स्वर्गको जमान दिन्छु।

बुखारी (६४७४)




## सम्पत्ति-१८८

### १९ – बिहान समय मा "राजिटु बिल्लाहि रब्बान्, वा बिल - इस्लामी दिनन्, वा बि - मुहम्मदीन नबिय्यन्" भन्नु।

**लाभ**: स्वर्गको अनिवार्य वासस्थान प्राप्ति।

**प्रमाण:** रसुल (स.) को साथी मुन्जिर (रअ) ले रसुल (स.) लाई भनिरहेको सुने कि : जसले बिहान उठेर यो पढ्छ कि: "राजिटु बिल्लाहि रब्बान्, वा बिल - इस्लामी दिनन्, वा बि - मुहम्मदीन नबिय्यन्", त म उस्को जिम्मावार हुन्छु, मैले उस्को हाथ समातेर स्वर्ग मा प्रवेश गराउने छु।

तबरानीले अल-कबीर (८३८) मा र अल्बानीले यसलाई सहिहको दर्जा दिएका छन्।

سرمایہ پر عمل

## सम्पत्ति-१८९

### 20 - मुस्लिम समुह साथ प्रतिबध्द रहनु ।

**लाभ:** स्वर्ग को बिचोबिच उत्तम स्थानको प्राप्ति ।

**प्रमाण:** जाबिर बिन सामुराह (रअ) ले उल्लेख गर्नु हुन्छ कि अल्लाहको रसूल (स.) ले भन्नुनभयो: तिमीहरूमध्ये जसले स्वर्ग को बिचोबिच उत्तम स्थान प्राप्त गर्न चाहन्छ, उसले मुस्लिम समुह साथ प्रतिबध्द रहनु पर्छ, किनकि शैतान एकको साथमा हुन्छ र ऊ दुई भन्दा टाढा हुन्छ ।

अहमद (१७९) र अर्नाउतले यसलाई साहिह श्रेणीकरण गरे ।

سرمایہ پر عمل

## सम्पत्ति-१९०

### 21 – अल्लाह को खातिर बिरामी हेर्न वा मुस्लिम भाइ लाई भेट गर्न जानु ।

**लाभ:** स्वर्ग मा प्रवेश र स्वर्ग मा घर र फलफुल को बगैचा को प्रीप्ति ।

**प्रमाण:** ★अबू हुरैर (रअ) ले उल्लेख गर्नु हुन्छ कि अल्लाहको रसूल (स.) ले भन्नुनभयो: जब एक मुस्लिम अल्लाह को निम्ति आफ्नो बिरामी मुस्लिम भाइ लाई हेर्न वा मुस्लिम भाइ लाई भेट्न जान्छ, त अल्लाह ले भन्नु हुन्छ: तिमी खुसी होऊ,र तिम्रो आउनु आशिष् होस्, , र तिमीले स्वर्ग मा एउटा घर पायौ

★अली (रअ) ले उल्लेख गर्नु हुन्छ कि अल्लाहको रसूल (स.) ले भन्नुनभयो कि : जब एक मुसलमान बिहान एक बिरामी मुसलमानलाई भेट्न जान्छ, तब सत्तरी हजार फरिश्ता हरू साँझसम्म उनको लागि प्रार्थना गर्दछन् । यदि उसले साँझमा उसलाई भेट्न जान्छ भने, सत्तरी हजार फरिश्ता हरू बिहान सम्म उसको लागि प्रार्थना गरिरहन्छन्, र उसको लागि स्वर्गमा एउटा फलफूलको बगैचा हुन्छ।

★षौबान (रअ) ले उल्लेख गर्नु हुन्छ कि अल्लाहको  रसूल (स.) ले भन्नुनभयो : जो बिरामीलाई भेट्न जान्छ, उ निरन्तर रूपले स्वर्गको (खुर्फा) मा बसे जस्तै हुन्छ, अल्लाहका रसूल (स.) सित सोधियो : यो स्वर्गको (खुर्फा) के हो, उहाँ ले भन्नु भयो : फलफूलको बगैंचा

★अनस बिन् मालिक (रअ) ले उल्लेख गर्नु हुन्छ कि अल्लाहको  रसूल (स.) ले भन्नुनभयो : एक मुस्लिम अल्लाह को निम्ति  नै आफ्नो बिरामी मुस्लिम भाइ लाई हेर्न  शहर को आर्को तर्फ जान्छ भने उ स्वर्गवासि हो।

इब्ने हिब्बान (६९६१), तिर्मिधि (९६९) अल्बानीले यसलाई साहिहको श्रेणीकरण गरे, मुस्लिम (६५६८),तबरानी अल - अवसात (1743) र अल - सघिर (118) रअल्बानीले यसलाई हसनको दर्जा दिये।




## सम्पत्ति-१९१

### 22 - अल्लाहको खातिर एकअर्का लाई निष्कपट प्रेम गर्नु

**लाभः  स्वर्गमा प्रवेश गर्न र स्वर्ग मै  घर पाउनु, र कयामत को दिन  सितल छाया पाउनु,**

**प्रमाणः** ★ : अबू सईद खुद्रि (रअ) ले बताउनु हुन्छ कि  अल्लाहका रसूल (स.) ले भन्नुभयो किः एकअर्कालाई प्रेम गर्नेहरूको कोठा स्वर्गमा पूर्व वा पश्चिममा उग्ने  तारा जस्तै देखिनेछ। सोधिन्छ कि यि मान्छे हरू को हुन्? भनिन्छ कि यिनीहरू अल्लाहको खातिर एकअर्का लाई निष्कपट प्रेम गर्नेहरू हुन्।

★अबू हुरैर (रअ) ले उल्लेख गर्नु हुन्छ कि अल्लाहको  रसूल (स.) ले भन्नुनभयो : तिमीहरू स्वर्ग मा प्रवेश गर्ने छैनौ, जबसम्म तिमीहरू निष्ठावान् बन्दैनौ, र तिमीहरू तब सम्म निष्ठावान् बन्दैनौ  जबसम्म एक अर्कालाई प्रेम गर्दैनौ,  र मैले तिमीहरूलाई कुनै त्यस्तो कर्मको खबर नदिऊँ जुन यदि तिमीहरूले गर्दछौ भने त्यसले तिमीहरूमा प्रेमलाई बढावा दिनेछ?त्यो कर्म हो आपसमा सलाम  (अभिवादन गर्ने) फैलाउनु।

★अबू हुरैर (रअ) ले उल्लेख गर्नु हुन्छ कि अल्लाहको  रसूल (स.) ले भन्नुनभयो : "जुन दिन सात थरिका मानिसहरू लाई अल्लाहले आफ्नो सिंहासनको छायाँ प्रदान गर्नेछन्, त्यस दिन त्यस सिंहासनको छायाँ बाहेक अरू कुनै छायाँ हुनेछैन ...तिमध्ये

दुई जना यस थरिका छन् जस्ले एकअर्कालाई  अल्लाह को निम्ति प्रेम गर्छन् र  तेसै आधार मा एकअर्का सँग भेट्ने र लागि एकअर्काबाट अलग हुने गर्छन्।

★अबू हुरैर (रअ) ले उल्लेख गर्नु हुन्छ कि अल्लाहको  रसूल (स.) ले भन्नुनभयो : अलेलाह ले कयामतको दिन भन्नु हुन्छ, कहाँ छन् मेरो निम्ति एकअर्का लाई निष्कपट प्रेम गर्ने वाला हरू?  आज म तिनीहरूलाई मेरो छायाँमा शरण दिनेछु, जब यहाँ मेरो छायाँ बाहेक अरू कुनै छायाँ छैन।

अहमद (१२००९), सुयुति ले यसलाई साहिहको श्रेणीकरण गरे, मुस्लिम (५४) (१०३१) (२५६६), बुखारी (६६०)




## सम्पत्ति-१९२

### २३ - असल चरित्र

**लाभ**:  स्वर्ग मा प्रवेश, कयामत को दिन तराजु मा सबै भन्दा गरूङ्गो कर्म हुनेछ र स्वर्ग को माथि श्रेणि मा घर को प्राप्ति

**प्रमाण:** ★अबू हुरैर (रअ) ले उल्लेख गर्नु हुन्छ कि :  अल्लाहको  रसूल (स.) सित सोधियो कि : घैरे कुन कर्म ले स्वर्ग प्राप्ति हुन्छ?  भन्नुनभयो : - "अल्लाहको तक्वा (डर र प्रेम को भव) र असल चरित्र ले ।

★अबू दर्दा (रअ) ले उल्लेख गर्नु हुन्छ कि अल्लाहको  रसूल (स.) ले भन्नुनभयो : कयीमत को दिन  निष्ठावान को कर्महरू जोख्ने तरीजु मा असल चरित्र को कर्म भन्दा अरू कुनै कर्म गरुङ्गो हुदैन।

★  अबू  उमामह (रअ) ले उल्लेख गर्नु हुन्छ कि अल्लाहको  रसूल (स.) ले भन्नुनभयो : "म स्वर्गको माथिल्लो श्रेणिको भागमा एक घरको जमानत दिन्छु, जस्ले आफ्नो चरित्रलाई राम्रो बनाउँछ।

तिर्मिधि (२००४) र उनले यसलाई साहिह दर्जा दिए।

तिर्मिधि (२००२), अबू दाऊद (४७९९) र अल्बानीले यसलाई साहिह श्रेणीकरण गरे।

अबू दाऊद (४८००) र नवावी र इब्न कायिमले यसलाई साहिह श्रेणीकरण गरे।

سرمایہ پر عمل

## सम्पत्ति-१९३

**२४ - कष्टको समयमा ”अल्हम्दु लिल्लाह” र “इन्ना लिल्लाहि वा इन्ना इलैही राजी'उन” भन्नु र ” इन्ना लिल्लाहि वा इन्ना इलैही राजी'उन, अल्लाहुम्मा अजिर्नी फी मुसिबती, वख्लुफ ली खैरान मिन्हा ” पढ्नु।**

**लाभ:** स्वर्गमा एक घर र प्रतिफल को प्राप्ति।

**प्रमाण:** ★अबूमूसा (रअ) ले उल्लेख गर्नु हुन्छ कि अल्लाहको रसूल (स.) ले भन्नुनभयो : जब कुनै भक्तको सन्तान को मृत्यु हुन्छ, अल्लाहले आफ्ना फरिश्ताहरूलाई भन्नु हुन्छ : , "के तिमीहरूले मेरो भक्तको सन्तानको प्राण निकाल्यौ? उनीहरूले 'हो' भनेर जवाफ दिन्छन् , अल्लाहले भन्नु हुन्छ: "के तिमीहरूले उसको हृदयको टुक्रा लिएका छौ? उनीहरूले 'हो' भनेर जवाफ दिन्छन् , अल्लाहले भन्नु हुन्छ:, 'मेरो भक्त ले के भन्यो। फरिश्ताहरूलाई भन्छन् : उस्ले”अल्हम्दु लिल्लाह” र “इन्ना लिल्लाहि वा इन्ना इलैही राजी'उन” भन्यो, अल्लाहले भन्नु हुन्छ: स्वर्गमा मेरो भक्तको लागि एउटा घर बनाऊ र उसको नाम बैतुल हम्द राख।

★रसुल (स.) को पत्निहजुर उम्मे सलमा (रअ) ले उल्लेख गर्नु हुन्छ कि उनिले अल्लाहको रसूल (स.) लाई भनिरहेको सुन्नु भयो : कसैलाई पनि सङ्कट हुदा, यो पढ्यो भने : “इन्ना लिल्लाहि वा इन्ना इलैही राजी'उन, अल्लाहुम्मा अजिर्नी फी मुसिबती, वख्लुफ ली खैरान मिन्हा ” अल्लाह ले त्यो सङ्कट बाट बचाइदिनु हुन्छ, र त्यस को बद्ला राम्रो प्रतिफल प्रदान गर्नु हुन्छ।

तिर्मिधि (१०२१) हसन,मुस्लिम (१९१३)

سرمایہ پر عمل

## सम्पत्ति-१९४

**२५- ठट्टा को लागि भए पनि झूट न बोल्नु।**

**लाभ:** स्वर्गको बीचोबिचमा एउटा घरको प्राप्ति।

**प्रमाण:** अबू उमामा (रअ) ले उल्लेख गर्नु हुन्छ कि अल्लाहको रसूल (स.) ले भन्नुनभयो : म रमाइलो को लागि भएपनि झूट त्याग्ने व्यक्ति को लागि स्वर्ग को बीचोबीचमा एक घर को जमान लिन्छु।

अबू दाऊद (४८००), र नवावी र इब्न कायिम यसलाई सहिह दर्जा दिए

سرمایہ پر عمل

## सम्पत्ति-१९५

### 26 - हरेक दिन अल्लाह को निम्ति अनिवार्य नमाज बाहेक १२ रकाअत् (नफिल) नमाज पढ्नु ।

**लाभ:** स्वर्गमा एक घरको प्राप्ति ।

**प्रमाण:** रसुल (स.) को पत्निहजुर उम्मे हबीबा (रअ) ले उल्लेख गर्नु हुन्छ कि उनिले अल्लाहको रसूल (स.) लाई भनिरहेको सुन्नु भयो: कुनै पनि मुस्लिम व्यक्ति ले हरेक दिन अल्लाह को निम्ति अनिवार्य नमाज बाहेक १२ रकाअत् (नफिल) नमाज पढ्छ भने, अल्लाह ले उस्को लागि स्वर्ग मा घर बनाइदिनु हुन्छ। मुस्लिम (७२८)

سرمایہ پر عمل

## सम्पत्ति-१९६

### 27- अल्लाह को निम्ति मस्जिद निर्माण ।

**लाभ:** स्वर्गमा एक घर को प्राप्ति ।

**प्रमाण:** ★अउष्मीन बिन अफ्फान (रअ) ले उल्लेख गर्नु हुन्छ कि अल्लाहको रसूल (स.) ले भन्नुनभयो : जसले अल्लाहको निम्ति मस्जिद बनाउनेछ, अल्लाहले उसको निम्ति स्वर्गमै त्यस्तै एउटा घर बनाइदिनु हुन्छ, वा स्वर्गमा एउटा घर बनाइदिनु हुन्छ।

★ जाबिर बिन अब्दुल्ला (रअ) बाट वर्णन गरिएको छ कि अल्लाहका रसूल (स.) ले भन्नु भएको छ: "जसले अल्लाहको लागि मस्जिद बनाउँछ, वनकुखुरा को गुड जस्तै, वा त्यो भन्दा पनि सानो,(भन्नाले मस्जिद बनाउन त्यत्रो सानो भाग भए पनि लिन्छ) अल्लाहले उसको लागि स्वर्गमा एउटा घर बनाइ दिनु हुन्छ ।

बुखारी (४५०), र मुस्लिम (५३३) र शब्दहरू

त्यसबाट हो ।

इब्न माजा (७३८), इब्न खुजायमा (१२९२), र अल्बानीले यसलाई साहिह वर्गीकृत गरे ।

سرمایہ پر عمل

## सम्पत्ति-१९७

**28 -आफु सत्यमा भए पनि अरु सँग झग्डा नगर्नु ।**

**लाभ:** स्वर्गमा तल्लो श्रेणि मा एक घरको प्राप्ति ।

**प्रमाण:** अबू उमामा अल –बाहिली (रअ) ले उल्लेख गर्नु हुन्छ कि अल्लाहको रसूल (स.) ले भन्नुनभयो : "म स्वर्गको तल्लो श्रेणिको भागमा एक घरको जमानत दिन्छु, जस्ले आफु सत्यमा भए पनि अरु सँग झग्डा गर्दैन ।

अबू दाऊद (४८००), र नवावी र इब्न कायिम यसलाई सहिह दर्जा दिए

سرمایہ پر عمل

## सम्पत्ति-१९८

**२९ - अल्लाहको तक्वा**

**लाभ:** स्वर्ग मा पवित्र पत्नि मिल्नेछ, स्वर्ग मा प्रवेश, अल्लाह कहाँ सत्य स्थान, अल्लाह बाट स्वर्ग र पुण्य प्राप्ति को शुभ सुचना, राम्रो अन्त र सफलता, अल्लाह ले सबै प्रदान गर्नु हुन्छ .

**प्रमाण:** ★अल्लाह ले भन्नु हुन्छ: (हे पैगम्बर ! तिनीहरूसित) भनिदिनुस् कि के म तिमीलाई यस्तो कुरा बताउँ जुन यी कुराहरूभन्दा धेरै राम्रो छ ? धर्मपरायण मानिसहरूका निम्ति अल्लाहकहाँ स्वर्ग छ जहाँ बगैंचाहरू छन् जसमुनि नहरहरू बगिराखेका छन् जहाँ तिनीहरू सँधै बस्ने छन्, र पवित्र स्वास्नीहरू छिन् (आले इम्रान १५)

★अल्लाह ले भन्नु हुन्छ: निःसन्देह भय गर्नेहरू निश्चिन्तताको ठाउँमा हुनेछन्,बगैचाहरू र श्रोतहरूमा, रेशमको बस्त्र लगाई एक–अर्काको आमने सामने (आमुन्ने सामुन्ने) बसेका हुनेछन् , यसप्रकार हामीले गोरी वर्ण ठूला नेत्र भएकी स्त्रीहरूसित उनीहरूको विवाह गरिदिनेछौं( अद् दुखान ५१-५४)

★अल्लाह ले भन्नु हुन्छ: निःसन्देह संयमीहरूको निम्ति ठूलो सफलता छ,बगैचाहरू छन्, र अँगूरहरू छन्, नौयवना कुमारी युवतीहरू छिन् , र शराबका

टनाटन्न भरिएका गिलासहरू, उनीहरूले त्यहाँ न त कुनै व्यर्थका कुरा सुन्नेछन्, नत झूठ कुरो सुन्नेछन्, तिम्रो पालनकर्ताको तर्फबाट (उनीहरूको राम्रो) कर्मको प्रतिफल हुनेछ (अन् नबा ३१-३६)

★अल्लाह ले भन्नु हुन्छ: र, आफ्नो रबको क्षमा र त्यस स्वर्गतर्फ अगाडि बढ जसको चौडाई आकाश र पृथ्वी जतिको छ, र जुन अल्लाहसँग डर मान्नेहरूको निम्ति बनाइएको छ(आले इम्रान १३३)

★अल्लाह ले भन्नु हुन्छ: त्यस जन्नत (स्वर्ग) जसको वाचा संयमीहरूलाई दिइएको छ। विशेषता यो हो कि त्यसको तलबाट नहरहरू बगीरहेका छन्। उसका मिष्ठान (फलहरू) सधै रहनेवाला छन् र त्यसको छायाँ पनि। यो नतिजा (परिणाम) छ, सहनशीलहरूको र काफिरहरूको नतीजा नर्क छ(अर् रअद ३५)

★अल्लाह ले भन्नु हुन्छ: र संयमीहरूको घर अत्यन्त राम्रो छ स्थाई बगैंचाहरू छन् जसमा तिनीहरू प्रवेश गर्नेछन्, तिनीहरूतल नहरहरू बगिराखेका छन् त्यहाँ जे चाहन्छन् तिनीहरूको निम्ति उपलब्ध हुनेछन्। अल्लाहले संयमीहरूलाई यस्तै प्रतिफल दिनेछ (अन् नहल ३०-३१)

★अल्लाह ले भन्नु हुन्छ: निश्चय नै संयमीहरू स्वर्गका बगैंचाहरूमा हुनेछन् (अज् जारियात १५)

★अल्लाह ले भन्नु हुन्छ: तसर्थ जसले (अल्लाहको मार्गमा धनमाल) दियो र डर मान्यो (आफ्नो पालनकर्ताको)

र राम्रो कुराको पुष्टि गर्दैगर्यो, हामीले पनि उसलाई सजिलो बाटोको सुविधा प्रदान गर्नेछौं (अल् लैल ५-७)

★अल्लाह ले भन्नु हुन्छ: र जन्नत संयमीहरूको एकदम समीपमा ल्याइनेछ (अश् शोअरा ९०)

★अल्लाह ले भन्नु हुन्छ: निश्चय नै संयमीहरूको निम्ति उनीहरूको पालनकर्ताकहाँ उपहारवाला स्वर्गहरू छन् (अल् कलम ३४)

★अल्लाह ले भन्नु हुन्छ: यस स्वर्गको विशेषता जसको परहेजगारहरूलाई वचन दिइएको छ यो हो कि यसमा पानीका नहरहरू छन् जुनकि प्रदुषित हुँदैनन्। र यस्ता दूधका नहरहरू हुनेछन् जसको स्वादमा अलिकति पनि अन्तर परेको हुँदैन र यस्ता पेयपदार्थका नहरहरू हुनेछन् जसले पिउनेहरूलाई अत्यन्त आनन्द प्रदान गर्नेछन्। र

शुद्ध मधुको नहरहरू छन् र उनीहरूका निम्ति त्यहाँ हरेक प्रकारका फल हुनेछन्,(मुहम्मद १५)

★अल्लाह ले भन्नु हुन्छ: र जुन मानिसहरू आफ्नो पालनकर्तासित डर मान्दथे, उनीहरू समूह–समूह गरी स्वर्गतिर लगिनेछन्, यहाँसम्म कि जब उनीहरू त्यसको नजिक पुग्नेछन्, त त्यसका द्वारहरू खोलिदिइनेछन् र त्यसका द्वारपालले उनीहरूसित भन्नेछन्ः कि ‘‘तिमीमाथि सलाम । तिमी प्रफुल्लित भइहाल । अब यसमा सधैंको निम्ति प्रवेश गरिहाल (अज् जुमर ७३)

★अल्लाह ले भन्नु हुन्छ: निश्चय नै संयमीहरू छायाँ र झरनाहरूमा हुनेछन्, र ती फलहरूको बीचमा जुन उनीहरूले रुचाउँछन् , (हे स्वर्गबासीहरू) जुन कर्म तिमीले गर्दैथियौ, त्यसको प्रतिफलस्वरूप आनन्दसित खाऊ र पिऊ, हामीले भलाई गर्नेवालाहरूको निम्ति यस्तै प्रतिफल दिने गर्दछौं (अल मुर्सलात ४१-४४)

★अल्लाह ले भन्नु हुन्छ: निश्चय नै जो संयमी परहेजगार छन्, उनीहरू बाग र नहरहरूको माझमा हुनेछन्

(अर्थात्) पवित्र स्थानमा अधिपत्यशाली सम्राटको निकट राम्रोसँग सम्मानका साथ (अल कमर ५४-५५)

★अल्लाह ले भन्नु हुन्छ: यी तिनीहरू हुन् जसले ईमान ल्याए र आत्मसंयमी रहे, तिनीहरूको निम्ति सांसारिक जीवनमा पनि शुभसन्देश छ, र परलोकमा पनि । अल्लाहको कुरामा परिवर्तन हुँदैन, यहि त ठूलो सफलता हो (युनुस ६३-६४)

★अल्लाह ले भन्नु हुन्छ:  हामीले यस कुरआनलाई तपाईको भाषामा निकै सरल बनाइदिएका छौं, ताकि यसबाट तपाईले डर मान्नेहरूलाई शुभसूचना दिनुस् (मरयम ९७)

★अल्लाह ले भन्नु हुन्छ:  र अन्तिम सफलता तिनैको हुन्छ जो अल्लाहसित डर मान्छन् (अल कसस ८३)

★अल्लाह ले भन्नु हुन्छ: तसर्थ धैर्य गर्नु, किन भने अन्तिममा परिणाम अल्लाहसित डर्नेहरूको राम्रो हुन्छ (हूद ४९)

★अल्लाह ले भन्नु हुन्छ: जो कोही अल्लाहसित डर्नेछ, उसबाट अल्लाहले उसका पापहरू हटाइदिनेछ र उसलाई ठूलो प्रतिफल प्रदान गर्नेछ (अत् तलाक ५)

★अल्लाह ले भन्नु हुन्छ: यदि आस्था राख्दछौ र आत्मसंयमी हुन्छौ भने त्यसको ठूलो प्रतिफल प्राप्त गर्ने छौ (आले इम्रान १७९)

★अल्लाह ले भन्नु हुन्छ: र यदि तिमी ईमान ल्याउँछौ र संयम अपनाउँछौ भने अल्लाहले तिमीलाई प्रतिफल दिनेछ (मूहम्मद ३६)

★अबू हुरैर (रअ) ले उल्लेख गर्नु हुन्छ कि : अल्लाहको रसूल (स.) सित सोधियो कि : घेरै कुन कर्म ले स्वर्ग प्राप्ति हुन्छ? भन्नुनभयो : "अल्लाहको तक्वा (डर र प्रेम को भव) तिर्मिधि (२००४) र उनले यसलाई साहिह दर्जा दिए।

سرمائے پر عمل

## सम्पत्ति-1९९-२०२

**30-33 - "सुब्हनल्लाह ", अलहम्दु लिल्लाह "," ला इलाहा इल्लल्लाह " र" अल्लाहु अकबर"भन्नु।**

**लाभ:** यो पढ्ने वाला को लागि स्वर्ग मा वृक्ष रोपिन्छ, र दानको पुण्य प्रदान गरिन्छ

**प्रमाण:** ★ अबू हुरैर अल–बाहिली (रअ) ले उल्लेख गर्नु हुन्छ कि अल्लाहको रसूल (स.) ले भन्नुनभयो: तिमीले "सुब्हनल्लाह", अलहम्दु लिल्लाह "," ला इलाहा इल्लल्लाह " र "अल्लाहु अकबर" भन्नु, हरेक वचन को बद्ला मा तिम्रो लागि स्वर्ग मा वृक्ष रोपिन्छ

★ अबू जर् (रअ) ले उल्लेख गर्नु हुन्छ कि अल्लाहको रसूल (स.) ले भन्नुनभयो : हरेक तस्बीह ("सुब्हनल्लाह भन्नु ") दान गर्नु जस्तै हो, हरेक तक्बीर ("अल्लाहु अकबर"भन्नु) दान गर्नु जस्तै हो हरेक तह्मीद ("अलहम्दु लिल्लाह " भन्नु) दान गर्नु जस्तै हो, हरेक तहलिल ("ला इलाहा इल्लल्लाह" भन्नु) दान गर्नु जस्तै हो ।

★ अबू जर् (रअ) ले उल्लेख गर्नु हुन्छ कि अल्लाहको रसूल (स.) ले भन्नुनभयो : हरेक दिन शरिर को हरेक जोड को बद्लामा दान दिनु पर्छ, हरेक तस्बीह ("सुब्हनल्लाह भन्नु") दान गर्नु जस्तै हो, हरेक तक्बीर

("अल्लाहु अकबर"भन्नु) दान गर्नु जस्तै हो हरेक तह्मीद ("अलहम्दुलिल्लाह "भन्नु) दान गर्नु जस्तै हो, हरेक तहलिल

इब्न माजा (३९२०) र अल्बानीले यसलाई सहीहको श्रेणीमा राखे । मुस्लिम (१००६), (१६७८)

## सम्पत्ति-२०३

**34- "सुब्हानल्लाहि अल-अजीम् वा बिहम्दिही" भन्नु ।**

**लाभ:** यो पढ्ने वाला को लागि स्वर्ग मा खजूरको वृक्ष रोपिन्छ ।

**प्रमाण:** जाबिर् (रअ) ले उल्लेख गर्नु हुन्छ कि अल्लाहको रसूल (स.) ले भन्नुनभयो: जस्ले "सुब्हानल्लाहि अल-अजीम् वा बिहम्दिही" पढ्छ, उस्को लागि स्वर्ग मा खजूरको वृक्ष रोपिन्छ ।

तिर्मिधि (३८०८), नसाई अल - कुब्रा (१०५९४) र अल्बानीले यसलाई सहिह दर्जा दिए।

## सम्पत्ति-२०४

**35- क्रोध हुदाँ प्रतिक्रिया दिन सक्षम हुदाँहुदै क्रोधलाई नियन्त्र गर्नु ।**

**लाभ:** त्यस्तो व्यक्ति स्वर्गमा प्रवेश गर्नेछ र अल्लाहले उसलाई कयामतको दिन सम्पुर्ण सृष्टिको अगाडि बोलाउनेछन्, र उस्लाई "हुरु अल्-ऐन" (ठुला ठुला आंखा भएका अप्सराहरू) रोज्न आख्तियार दिइन्छ, र अल्लाहले उसको हृदयमा कयामत को दिन शुभआशा भरिदिनु हुन्छ ।

**प्रमाण:** ★ अल्लाह ले भन्नु हुन्छ: र, आफ्नो रबको क्षमा र त्यस स्वर्गतर्फ अगाडि बढ जसको चौडाई आकाश र पृथ्वी जतिको छ, र जुन अल्लाहसँग डर मान्नेहरूको निम्ति बनाइएको छ जसले सुख र दुःखमा (अल्लाहको मार्गमा) खर्च गर्दछन् र क्रोधलाई नियन्त्रणमा राख्दछन् (आल इम्रान १३३-१३४)

★ मोआज बिन अनस् (रअ) ले उल्लेख गर्नु हुन्छ कि अल्लाहको रसूल (स.) ले भन्नुनभयो : "जसले क्रोध हुदाँ प्रतिक्रिया दिन सक्षम हुदाँहुदै क्रोधलाई नियन्त्र गर्छ, अल्लाहले उसलाई कयामतको दिन सम्पुर्ण सृष्टिको अगाडि बोलाउनेछन्, र उस्लाई "हुरु अल्-ऐन" (ठुला ठुला आंखा भएका अप्सराहरू) रोज्न आख्तियार दिनेछन् ।

★ इब्न उमर (रअ) ले उल्लेख गर्नु हुन्छ कि अल्लाहको रसूल (स.) ले भन्नुनभयो : "जसले आफ्नो क्रोधलाई नियन्त्रणमा राख्छ जबकि उसले यसमाथि प्रतिक्रिया देखाउन सक्दछ, अल्लाहले उसको हृदयमा कयामत को दिन शुभआशा भरिदिनु हुन्छ ।

अहमद (१५८७७), तिर्मिधि (२०२१), अबू दाऊद (४७७७), इब्न माजा (४१८२) र अल्बानीले यसलाई साहिहको दर्जा दिए।

तब्रानी कबीर (१३६४६) र अल्बानीले यसलाई सहीहको श्रेणीमा राखे।




## सम्पत्ति-२०५

### 36 – अल्लाह को निम्ति नम्र र विनम्र हुनु, र देखावट गर्न सक्षम हुँदाहुदै देखावटी को पोशाक त्यगनु।

**लाभ:** त्यस्तो व्यक्ति स्वर्गमा प्रवेश गर्नेछ र अल्लाहले उसलाई कयामतको दिन सम्पुर्ण सृष्टिको अगाडि बोलाउनेछन्, र उस्लाई लगाउन लाई इमानको अचकन हरू मध्य रोज्न आख्तियार दिन्छन।

**प्रमाण:** ★हारिषा बिन वहब (रअ) ले उल्लेख गर्नु हुन्छ कि उनले अल्लाहको रसूल (स.) लाई भनिरहेको सुन्नु भयो : म तिमीहरू लाई स्वर्ग मा प्रवेश पाउनेहरूको बारेमा खबर गरुँ, तिनिहरू हरेक नम्र र विनम्र व्याक्ति हुन्।

★ सहल बिन मोआज (रअ) ले उल्लेख गर्नु हुन्छ कि अल्लाहको रसूल (स.) ले भन्नुनभयो : "जसले अल्लाहको लागि विनम्रता पूर्वक (देखावती) वस्त्र छोड्दछ, अल्लाहले उसलाई कयामतको दिन सम्पुर्ण सृष्टिको अगाडि बोलाउनेछन्, र उस्लाई लगाउन लाई इमानको अचकन हरू मध्य रोज्न आख्तियार दिन्छन।

बुखारी (६६५७) र मुस्लिम (२८५३), अहमद (१५७९८), तिर्मिधि (२६८५), र सुयुति र अल्बानीले यसलाई साहिहको श्रेणीकरण गरे।




## सम्पत्ति-२०६

### ३७ - कष्टमा परेकाहरूलाई अझ समय दिनु, र पैसा चुक्ता गर्न नसक्ने हरू लाई वा पुरा चुक्ता गर्न नसक्ने हरू लाई माफ गरिदिनु।

**लाभ:** स्वर्ग मा प्रवेश, र कयामत को दिन सितल छाँया को प्राप्ति।

**प्रमाण:** ★ हुदैफा (रअ) ले अल्लाहका रसूल (स.) लाई यसो भनिरहको सुन्नुभयो कि : एक व्यक्ति मरेपछि स्वर्ग बासि भए, उनी सगँ सोधीयो कि 'उहाँले के कर्म गर्थे ? उनले भने, मैले मानिस हरू सित किनबेच गर्थे, र कष्टमा परेकाहरूलाई अझ समय दिन्थे,, र पैसा चुक्ता गर्न नसक्ने हरू लाई माफ गरिदिन्थे, त्स कर्मले गर्दा उनलाई क्षमा गरिदियो। ★अबू हुरैर (रअ) ले उल्लेख गर्नु हुन्छ कि अल्लाहको रसूल (स.) ले भन्नुनभयो : " जसले कष्टमा परेकाहरूलाई (पैसा चुक्ता गर्न) अझ समय दिन्छ , वा उसमाथि बाँकी पैसा माफ गरिदिन्छ भने, अल्लाहले उसलाई कयामत को दिन आफ्नो सिंहासनको छायाँ मुनि छायाँ दिनेछन्, जुन दिन त्यो छायाँ बाहेक कुनै छायाँ हुनेछैन।

बुखारी (२३९१), मुस्लिम (१५६०), अहमद (८८३२), तिर्मिधि (१३०६) र अल्बानी यसलाई सहिह दर्जा वर्गीकृत गरे

سرمایہ پر عمل

## सम्पत्ति- २०७

### ३८- रोजा बस्नु

**लाभ**: स्वर्गमा प्रवेश र अल्लाहले प्रतिफल दिनु हुन्छ।

**प्रमाण:** ★अबू ओमामा (रअ) ले बताउनु हुन्छ कि, उनी अल्लाहको रसूल (स.) कहाँ आनु भयो, र उहाँ सँग भन्नु भयो कि : मलाई स्वर्गमा प्रवेश गराउने कर्म बारे बताउनु होस्, उहाँ ले जवाफ दिनु भयो कि : तिमी रोजा बस्ने गर, रोजा जस्तो अरु कुनै कर्म छैन।

★अबू हुरैर (रअ) ले उल्लेख गर्नु हुन्छ कि अल्लाहको रसूल (स.) ले भन्नुनभयो: " अल्लाहले भन्नुभयो: आदमको सन्तान ले गरेको हरेक कार्य उपवास बाहेक उसकै लागि हो। उपवास चै मेरो लागि हो, र मैले त्यस्को प्रतिफल दिनेछु।

अहमद(२२५७९), इब्न हिब्बान(३४२५) अल्बानीले यसलाई सहिह दर्जा दिए, बुखारी (१९०४) र मुस्लिम (११५१)

سرمایہ پر عمل

# सम्पत्ति-२०८

३९- मानिसहरू र दुष्कर्मीहरू लाई क्षमा गर्नु र सुधार कार्य गर्नु।

लाभ: स्वर्गमा प्रवेश मिल्छ र अल्लाहले प्रतिफल दिनु हुन्छ।

**प्रमाण:** ★अल्लाह ले भन्नु हुन्छ: र, आफ्नो रबको क्षमा र त्यस स्वर्गतर्फ अगाडि बढ जसको चौडाई आकाश र पृथ्वी जतिको छ, र जुन अल्लाहसँग डर मान्नेहरूको निम्ति बनाइएको छ जसले सुख र दुःखमा (अल्लाहको मार्गमा) खर्च गर्दछन् र क्रोधलाई नियन्त्रणमा राख्दछन् (आल इम्रान १३३-१३४)

★तर जसले क्षमा गरिदिन्छ र सुधार गर्दछ त त्यसको पुरस्कार अल्लाहको जिम्मामा छ [अश - शूरा: 40]

سرمایہ پر عمل

# सम्पत्ति-२०९

**40 - समृद्धि र विपत्तिमा अवस्था मा निर्धन र भिखारीलाई दान दिनु, र लोभी स्वार्थि न हुनु।**

**लाभ:** स्वर्ग मा प्रवेश मिल्छ, सफलता र राम्रो अन्त हुनेछ.

**प्रमाण:** ★ अल्लाह ले भन्नु हुन्छ: र, आफ्नो रबको क्षमा र त्यस स्वर्गतर्फ अगाडि बढ जसको चौडाई आकाश र पृथ्वी जतिको छ, र जुन अल्लाहसँग डर मान्नेहरूको निम्ति बनाइएको छ जसले सुख र दुःखमा (अल्लाहको मार्गमा) खर्च गर्दछन् र क्रोधलाई नियन्त्रणमा राख्दछन् (आल इम्रान १३३-१३४)

★ अल्लाह ले भन्नु हुन्छ: तसर्थ जसले (अल्लाहको मार्गमा धनमाल) दियो र डर मान्यो (आफ्नो पालनकर्ताको), र राम्रो कुराको पुष्टि गर्दैगर्यो, त हामीले पनि उसलाई सजिलो बाटोको सुविधा प्रदान गर्नेछौं[अल - लेल: ५-७]

★अल्लाह ले भन्नु हुन्छ: निश्चय नै संयमीहरू स्वर्गका बगैंचाहरूमा हुनेछन्, र जुन जुन कुराहरू उनको पालनकर्ताले दिइराखेको हुन्छ उनीले लिइराखेका हुनेछन् । निश्चय नै उनीहरू त यसभन्दा पहिला नै असल कार्य गर्नेहरू थिए, उनीहरू रातको थोरै भागमा सुत्ने गर्दथे, र रातको अन्तिम पहर (भोर)मा क्षमा प्रार्थना गर्नेगर्दथे, र उनको सम्पत्तिमा माँग्नेवाला र निर्धनहरूको हक थियो(अद् दारियात १५-१९)

★अल्लाह ले भन्नु हुन्छ: र जो आफ्नो मनको लोभ र कञ्जूसीबाट सुरक्षित रह्यो त उही नै सफल भयो (अत् तगाबुन १६)




## सम्पत्ति-२१०

### ४१ - मानिसहरू सुति रहेको बेला,रातको समयमा नमाज पढ्नु, र राति थोरै सुत्नु, र एक हजार श्लोक पढेर रातको नमाज पढ्नु ।

**लाभ:** स्वर्ग मा प्रवेश र ठूलो प्रतिफल पाउनेहरू मध्ये हुनु।

**प्रमाण:** ★अल्लाह ले भन्नु हुन्छ: निश्चय नै संयमीहरू स्वर्गका बगैंचाहरूमा हुनेछन्, र जुन जुन कुराहरू उनको पालनकर्ताले दिइराखेको हुन्छ उनीले लिइराखेका हुनेछन् । निश्चय नै उनीहरू त यसभन्दा पहिला नै असल कार्य गर्नेहरू थिए, उनीहरू रातको थोरै भागमा सुत्ने गर्दथे, (अद् दारियात १५-१९)

★ अब्दुल्लाह बिन सलाम (रअ) ले भन्नु हुन्छ कि रसुल (स.) ले वर्णन गर्नु भएको छ कि: रातीको समयमा जब मानिसहरु सुत्छन् नमाज पढ्नु, त्यसो गर्नुले तिमीहरू शान्तिपूर्वक स्वर्गमा प्रवेश गर्नेछौ ।

★ अब्दुल्लाह इब्न अम्र इब्न अल -'आस (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसुल (स.) ले भन्नु भएको छ: "जसले रातमा एक हजार आयतहरू पढेर नमाज पढ्छ, उसले ठूलो प्रतिफल पाउने छ" ।

अहमद (२४३०७), तिर्मिधि (२४८५), इब्न माजा (१३३४) र अल्बानीले यसलाई साहिहको श्रेणीकरण गरे, अबु दाउद (१३९८) र अल्बानीले यसलाई सहिहको दर्जा दिए।

سرمایہ پر عمل

# सम्पत्ति-२११

## ४२- सुरह अल-मुल्कको वाचन गर्नु

**लाभ:** स्वर्गमा प्रवेश मिल्नेछ र यस सूरहले पढ्ने वाला हरू को लागि सिफारिश गर्नेछ।

**प्रमाण:** ★ अनस बिन मलिक (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसुल (स.) ले भन्नु भएको छ: त्यो सूरह ले पढ्ने वाला को लागि स्वर्गमा प्रवेश न मिले सम्म बारम्बार सिफारिश गर्नेछ

★ यो अबू हुरैर (रअ) बाट वर्णन गरिएको छ कि रसुल (स.) ले भन्नु भएको छ: "पवित्र कुरआनमा एक सूरह छ, जसमा तीस श्लोक हरू (आयतहरू) छन्, जसले आफ्नो साथी (जसले यो पढ्छ) को लागि मध्यस्थता गर्नेछ जबसम्म उसलाई क्षमा हुँदैन।

तबरानी अल - अवसात (३६५४) र अल - सघिर (490) मा। हैषमीले यसको बयान गर्ने हरू साहिह का हुन्।

سرمایہ پر عمل

# सम्पत्ति-२१२

**४३- गवाही दिनु कि अल्लाह एक्लै बाहेक कोही उपास्य छैन र उनको कोही साझेदार छैन, भएको, र मुहम्मद (स.) उनको भक्त र सन्देश वाहक हुन्।**

**लाभ:** स्वर्ग को आठवटा ढोकाहरूमध्ये जुनसुकै ढोका द्वार प्रवेश मील्नेछ, जुन सुकै कर्म भए पनि।

**प्रमाण:** उबादा (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसुल (स.) ले भन्नु भएको छ : "जसले गवाही दिन्छ कि अल्लाह बाहेक कुनै साँचो उपास्य छैन, उनको कोही साझेदार छैन,र मुहम्मद (स) उनको भक्त र सन्देश वाहक हुन्, र येशू (ईसा) अलल्लाह को दास र दूत हुन्, र उनको वचन हुन् (अर्थात उनको शब्दले जन्मेका हुन्), जुन उनले मरियम (इसा को आमा) तर्फ पठाउनुभयो र उनले पठएका आत्मा हुन्, र स्वर्ग र नर्क को अस्तित्व सत्य हो, ( यो गवाही दिने वाला लाई) अल्लाह ले स्वर्ग को आठवटा ढोकाहरूमध्ये जुनसुकै ढोका द्वार प्रवेश गर्न दिनु हुन्छ, जुन सुकै कर्म भए पनि।

बुखारीको अर्को बयान मा " आफूले चाहेको आठवटा ढोकाहरू मध्ये कुनै ढोका द्वार प्रवेश गर्न दिनु हुन्छ "

बुखारी (३४३५) र मुस्लिम (२८)

سرمایہ پر عمل

# सम्पत्ति-२१३

**४४- हज मबरूर (पाप र अनैतिक कर्म हरू बाट शुध्द हज)**

**लाभ:** स्वर्गमा प्रवेश मिल्नेछ।

**प्रमाण:** अबू हुरैरा (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसुल (स.) ले भन्नु भएको छ : "हज मबरूरको प्रतिफल स्वर्ग प्राप्ति बाहेक केहि होइन"।

बुखारी (१७७३) र मुस्लिम (१३४९)

## सम्पत्ति-२१४

### ४५ – अल्लाहसित विशुध्द पश्चात्ताप गर्नु

**लाभ:** स्वर्गमा प्रवेश मिल्नेछ।

**प्रमाण:** अल्लाह ले भन्नु हुन्छ: हे मोमिनहरू ! अल्लाहको अगाडि तिमीहरूले सत्य पवित्र हृदयले क्षमा याचना गर, आशा छ कि उसले तिम्रा पापहरू तिमीबाट हटाइदिनेछ र तिमीलाई स्वर्गका बागहरूमा, जसमुनि नहरहरू बगरिराखेका छन्, प्रविष्ट गराउनेछ। (आत् तहरीम ८)

## सम्पत्ति-२१५

### ४६- (कबाएर्)विशाल पापहरूबाट बच्नु।

**लाभ:** स्वर्गमा प्रवेश मिल्नेछ।

**प्रमाण:** अल्लाह ले भन्नु हुन्छ: यदि तिमीहरू यी ठूला–ठूला पापहरूबाट जुन तिम्रो लागि निषेधित गरिएका छन्, बच्ने गर्छौ भने हामी तिम्रा स–साना पापहरू माफ गरिदिनेछौं र तिमीलाई सम्मान र आदरको ठाउँमा प्रवेश गराउने छौं। [अन् निसा 31]

## सम्पत्ति-२१६

### ४७- आमाबाबुप्रति सदाचारिता


**लाभ:** स्वर्गमा प्रवेश गर्ने अवसर मिल्नेछ।

**प्रमाण:**★ अबू हुरैरा (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसुल (स.) ले भन्नु भएको छ : त्यस व्यक्ति को अपमान होस्, फेरिनै त्यस व्यक्ति को अपमान होस्, फेरिनै त्यस व्यक्ति को अपमान होस्, अल्लाह को रसुल(स.) सित सोधियो : कुन व्यक्ति को अपमान होस् हे अल्लाह को रसुल(स.)? , उहाँले भन्नुभयो, "जसले आफ्नो आमाबाबु दुवैलाई वा तिदुई मध्ये कुनै एकलाई बुढेसकालमा पउन्छ, तर (तिनी हरू सँग असल व्यवहार गरेर) स्वर्ग प्राप्त गर्दैन।

★ ऐयाद बिन मर्षद वा मर्षद बिन अयाद अल – आमीरी (रअ) ले भन्नु हुन्छ कि: एक जाना ले  रसुल (स.) सित स्वर्ग मा प्रवेश गराउने कर्म बारे सोधे:  रसूल (स.) ले सोध्नु भयो:  'तिम्रो आमा बुवा मध्य कोहि जिवित छन्? 'उसले नाईँ भनेर जवाफ दियो । उहाँले यो तिन चोटि सोध्नु भयो, र भन्नु भयो: (त्यसो भए) तिमीले मानिसहरूलाई पिउनको लागि पानीदेउ; यदि उनिहरू छैनन् भने तिनीहरू कहाँ पानी पुर्यउनु, र यदि आए भने पानी को आवश्यकता पूरा गर्नु ।

★  अबू दर्दा (रअ) ले भन्नुभयो: मैले अल्लाहको रसूल (स.) लाई यसो भनिरहेको सुनेको छु: बुवा स्वर्गको बीचको ढोका जस्तै हुन्, र त्यस ढोका को रक्षा गर्नु नगर्नु तिम्रो अख्तियार हो ।

मुस्लिम (२५५१), तबरानी (१०१४), र हैथमीले भनेः यसको बयान गर्ने हरू साहिह का हुन्, अहमद (२८१५९), इब्न माजा (३६६३), तिर्मिधि (१९००) र उनले यसलाई साहिह पनि वर्गीकृत गरे ।




## सम्पत्ति-२१७

### ४८- विपद्को समयमा धैर्य राख्नु

**लाभ:** स्वर्गमा प्रवेश मिल्नेछ ।

**प्रमाण:** ईब्ने अब्बास (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसुल (स.) ले  भन्नु भएको छ: "यदि तिमी चाहन्छौ भने धैर्य गर, त्यसको बदला तिमीले स्वर्ग पाउनेछौ ।

बुखारी (५६५२) र मुस्लिम (२५७६)

## सम्पत्ति-२१८

### ४९ – बराबर रोजा बस्नु, जनजा पछि हिंड्नु, गरिबहरूलाई खाना खुवाउँनु, र बिरामीलाई भेट्न जानु

**लाभ**: स्वर्गमा प्रवेश मिल्नेछ।

**प्रमाण:** अबू हुरैराह (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसुल (स.) ले भन्नु भएको छ: जो कोहीमा यी (माथि उल्लेखित) असल कर्महरू एकै साथ भयो भने, त्यो निश्चित रूपमा स्वर्गमा प्रवेश गर्नेछ। मुस्लिम (1028)

## सम्पत्ति-२१९

### ५० – ज्ञान प्राप्त गर्नु

**लाभ:** स्वर्गमा प्रवेश मिल्नेछ।

**प्रमाण:** अबु हुरैर (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसुल (स.) ले भन्नु भएको छ: "जसले ज्ञान प्राप्त गर्न बाटो हिड्छ, अल्लाहले उसको लागि स्वर्गको बाटो सजिलो बनाइदिनु हुन्छ"। मुस्लिम (2699)

## सम्पत्ति-२२०

### ५१- सत्यता

**लाभ:** स्वर्गमा प्रवेश मिल्नेछ।

**प्रमाण:** अब्दुल्लाह बिन मसूद (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसुल (स.) ले भन्नु भएको: " सत्यले सत्कर्म तिर लैजान्छ, र सत्कर्म ले स्वर्ग तर्फ लैजान्छ, र एक व्यक्ति सत्य बोलि रहन्छ, यहा सम्म कि उ "सिद्दीक्" (सधै सत्य बोल्ने ) भइदिन्छ।
बुखारी (6094) र मुस्लिम (2606)

# सम्पत्ति-२२१

## ५२- सलाम फैलाउनु

**लाभः** स्वर्गमा प्रवेश मिल्नेछ।

**प्रमाणः** ★अबू हुरैराह (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसुल (स.) ले भन्नु भएको छ: "तिमीहरू तब सम्म स्वर्ग मा जाने छैनौ जबसम्म निष्ठावान हुने छैनौ, र तबसम्म निष्ठान हुने छैनौ जब सम्म एक आर्क सित प्रेम गर्दैनौ। के म तिमीहरू लाई एउटा कुरा बारे खबर गरूँ, जस्लाई गरियो भने, तिमीहरूले एकअर्कालाई प्रेम गर्नेछौ? तिमीहरू ले एकअर्कालाई अस-सलमु अलैकुम भन्दै सलाम फैलाउनु।

★ अब्दुल्लाह बिन सलाम (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसुल (स.) ले भन्नु भएको छ: हे मानिष हरू हो तिमीहरू ले एकअर्कालाई अस-सलमु अलैकुम भन्दै सलाम फैलाउनु, र खाना ख्वाउनु, र राति मा अरू सबै सुतेको बेला नमाज पढ्नु, त्यसो गर्नु ले स्वर्ग मा शान्ति सित प्रवेश गर्ने छौ।

मुस्लिम (54), अहमद (२४३०८), तिर्मिधि (२४८५) र अल्बानीले यसलाई साहिहको श्रेणीकरण गरे।

# सम्पत्ति-२२२

## ५३- मुस्लिम हरू हिड्ने बाटो बाट हानिकारक वस्तु हरू हटाइदिनु, जसरी कि हानी पुर्याउने रूख काटिदीनु।

**लाभः** स्वर्गमा प्रवेश मिल्नेछ।

**प्रमाणः** ★अबू हुरैराह (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसुल (स.) ले भन्नु भएको छ: एउटा मानिसले बाटोमा हिडि रहेको बेला एउटा रूखको हाँगा भेट्यो र भन्यो: अल्लाहको कसम, म यसलाई मुस्लिमहरू को बाटो बाट हटाइदिन्छु, अथ उनिहरूलीई कुनै हानि नहोस्, उस्को त्यस कार्य ले गर्द उ स्वर्गमा प्रवेश गरेछ

★अबू हुरैराह (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसुल (स.) ले भन्नु भएको छ: मैले एक जना मानिसलाई स्वर्ग मा घुमिरहेको देखें, जस्ले बाटोमा मानिष हरू लाई हानी पुर्याउने रूख लाई काटेर हटाएको थियो

मुस्लिम (१९१४)

سرمایہ پر عمل

## सम्पत्ति- २२३

**५४- राम्ररी वज़ु गर्नु र त्यसपछि "अश्हदु अन ला इलाहा इल्लल्लाहु वा अन्ना मुहम्मद अब्दुल्लाहि वा रसूलहू" भन्नु।**

**लाभ:** स्वर्गमा प्रवेश मिल्नेछ।

**प्रामाण:** 'उमर (रअ) को वर्णन छ कि अल्लाह सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: तिमीहरू मध्ये जसले सावधानीपूर्वक उचित तरिका ले वुडु गर्छ, र त्यसपछि भन्छ: 'अश्हदु अन ला इलाहा इल्लाल्लाहु वा अना मुहम्मद अब्दुल्लाहि वा रसलुहु", उस्को लागि स्वर्गका आठवटा ढोकाहरू खोलिदिइन्छ, उसले चाहेको कुनै पनि ढोका बाट प्रवेश गर्न सक्छ।

मुस्लिम (234)

سرمایہ پر عمل

## सम्पत्ति-२२४

**५५-अल्लाहका ९९ नामहरु कण्ठ पार्नु।**

**लाभ:** स्वर्गमा प्रवेश मिल्नेछ।

**प्रामाण:** अबू हुरैराह (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसुल (स.) ले भन्नु भएको छ: अल्लाहको एक सय भन्दा कम ९९ वटा नामहरू यस्ता छन्, जसले हृदयले ती याद गर्नेछ ऊ स्वर्गमा प्रवेश गर्नेछ।

बुखारी (६४१०) र मुस्लिम (२६७७)

سرمایہ پر عمل

## सम्पत्ति-२२५

**५६ - कसैलाई पानी खुवाउनु**

**लाभ:**स्वर्गमा प्रवेश मिल्नेछ।

**प्रामाण:** ऐयाद बिन मर्षद वा मर्षद बिन अयाद अल – आमीरी (रअ) ले भन्नु हुन्छ कि: एक जाना ले रसुल (स.) सित स्वर्ग मा प्रवेश गराउने कर्म बारे सोधे: रसूल (स.) ले सोध्नु भयो: 'तिम्रो आमा बुवा मध्य कोहि जिवित छन्? 'उसले नाईँ भनेर जवाफ दियो। उहाँले यो तिन चोटि सोध्नु भयो, र भन्नु भयो: (त्यसो भए) तिमीले मानिसहरूलाई पिउनको लागि पानीदेउ; यदि उनिहरू छैनन् भने तिनीहरू कहाँ पानी पुर्यउनु, र यदि आए भने पानी को आवश्यकता पूरा गर्नु। तबरानी (१०१४), र र हैथमीले भने: यसको बयान गर्ने हरू साहिह का हुन्।

سرمایہ پر عمل

## सम्पत्ति-२२६

**५७ - खाना ख्वाउनु**

**लाभ:** स्वर्गमा प्रवेश मिल्नेछ।

**प्रामाण:** 'अब्दुल्लाह बिन 'अम्र (रअ) ले बताउनुभयो कि अल्लाहको रसूलले भन्नुभयो: ...र मानिसहरू लाई खान खुवाउनु, र सलाम (अभिवादन) फैलाउनृ, तिमीहरू सुरक्षित रूपमा स्वर्गमा प्रवेश गर्नेछौ।
अहमद (६९६७), तिर्मिधि (१८५५) र अल्बानीले यसलाई सहीहको दर्जा दिए।

سرمایہ پر عمل

## सम्पत्ति-२२७

**५८- पाप गरे पछि क्षमा याचना गर्नु र पाप निरन्तर रूप मा नगर्नु।**

**लाभ:** स्वर्गमा प्रवेश मिल्नेछ।

**प्रमाण:★** अल्लाह ले भन्नु हुन्छ: र,आफ्नो रबको क्षमा र त्यस स्वर्गतर्फ अगाडि बढ जसको चौडाई आकाश र पृथ्वी जतिको छ, र जुन अल्लाहसँग डर मान्नेहरूको निम्ति बनाइएको छ, जसले सुख र दुःखमा (अल्लाहको मार्गमा) खर्च गर्दछन् र क्रोधलाई नियन्त्रणमा राख्दछन् र मानिसहरूका त्रुटिहरू क्षमा गरिदिन्छन्, अल्लाह ती सत्कर्म गर्नेहरूलाई प्रेम गर्दछ, गर्नेहरूलाई मन पराउँछ, जसले नराम्रो काम गरेपछि वा आफैमाथि अत्याचार गरेपछि, अल्लाहलाई सम्झन्छन् र क्षमा माग्छन्, र जानबूझेर पाप पछि पछि लाग्दैनन् । [अली 'इमरान: 133 -35]

سرمایہ پر عمل

# सम्पत्ति-२२८

### 59 -मुअज्लाजिन् ले अजान गर्ने बेला अजानको जवाफदिनु

**लाभ:** स्वर्गमा प्रवेश मिल्नेछ ।

**प्रमाण:★**उमर बिन खत्ताब (रअ) को वर्णन छ कि अल्लाह को रसुल (स.) ले भन्नुभयो: जब मुअद्दीन भन्छन्: 'अल्लाहु अकबर, अल्लाहू अकबर, "अल्लाह सबैभन्दा महान छ, अल्लाह सबैभन्दा ठूलो छ", र तपाईं मध्ये एक जनाले जवाफ दिन्छ: ' अल्लाहु अकबर, अल्लाहु अकबर;

त्यसपछि भन्छ: 'अशहदु अन ला इलाहा इल्लल्लाह', "म गवाही दिन्छु कि अल्लाह बाहेक कोही ईश्वर छैन," र उसले जवाफ दिन्छ: 'अश्हदु अन ला इलाहा इलाल्लाह';

त्यसपछि भन्छ: 'अश्हदु। अन्ना मुहम्मदन रसूलल्लाह', "म गवाही दिन्छु कि मुहम्मद अल्लाहका दूत हुनुहुन्छ," र उसले जवाफ दिन्छ: 'अशहदु अन्ना मुहम्मदन रसूलल्लाह';

त्यसपछि भन्छ: 'हय्या 'अला-सालाह', "प्रार्थना गर्न आऊ" र उसले जवाफ दिन्छ : 'ला हवला व ला कुव्वाता इला बिल्लाह', "अल्लाह बाहेक कुनै शक्ति र शक्ति छैन";

त्यसपछि भन्छ: 'हय्या 'अलाल-फलाह', "सफलता तर्फ आऊ" र उसले जवाफ दिन्छ: ' ला हौला वा ला कुव्वाता इला बिल्लाह';

त्यसपछि भन्छ: 'अल्लाहु अकबर, अल्लाहु अकबर', र उसले जवाफ दिन्छ: 'अल्लाहु अकबर, अल्लाहु अकबर';

त्यसपछि भन्छ: 'ला इलाहा इल-अल्लाह', " अल्लाह बाहेक कुनै सत्य उपास्य छैन।," र उसले जवाफ दिन्छ: 'ला इलाहा इल-अल्लाह';

यदि उसले आफ्नो हृदयबाट यो जवाफहरू दियो भने, ऊ स्वर्गमा प्रवेश गर्नेछ

★ अबू हुरैराह (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसुल (स.) ले भन्नु भएको छ: जस्ले आफ्नो हृदयबाट मुअद्दीन ले भने जस्तै भनेर जवाफहरू दियो भने, ऊ स्वर्गमा प्रवेश गर्नेछ

मुस्लिम (३८५), इब्न हिब्बान (१६६७) र अल्बानीले यसलाई सहिह मानेका छन्

سرمایہ پر عمل

## सम्पत्ति-२२९

### 60 - प्रत्येक अनिवार्य नमाज पछि आयत अल – कुर्सी पढ्नु

**लाभ:** स्वर्गमा प्रवेश मिल्नेछ।

**प्रामाण:** अबू उमामा (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसुल (स.) ले भन्नु भएको छ: "जसले हरेक अनिवार्य नमाज पछि आयत अल - कुरसी पढ्छ, मृत्यु बाहेक केहिले उसलाई जन्नतमा प्रवेश गर्नबाट रोक्नेछैन।

नसइ अलकुब्रा (९८४८) र इब्ने हिब्बान सुयुति र अल्बानीले यसलाई साहिहको श्रेणीकरण गरे।

سرمایہ پر عمل

## सम्पत्ति-२३०

### ६१- सैय्यद अल - इस्तीफारको पठन

**लाभ:** स्वर्गमा प्रवेश मिल्नेछ।

**प्रामाण:** शद्दाद बिन औस् (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसुल (स.) ले भन्नु भएको छ: सैय्यद अल – इस्तीफार यो भन्नु हो कि : "अल्लाहुम्मा अन्ता रब्बी, ला'इलाह 'इल्ला'अन्ता, खालक्तनी वा'अना अब्दुक्, वा'अना अला अहदिका वा वादिका मा- अस्तातातु, 'आउजु बिक मिन शर्रि मा सनाअतु, 'अबूउ 'लक बिनीमातिक अलैया, वा'आबुउ लक बिजन्बी, फग्फिर ली फाइन्नाहु ला यगफिरू अल्जुनुबा 'इल्ला' अन्त"। र यदि कसैले यसलाई दिनको समयमा दृढ विश्वासका साथ पढ्छ र साँझको अघि उही दिन मर्छ भने ऊ स्वर्गकामा हुनेछ र यदि कसैले यसलाई रातको समयमा दृढ विश्वासका साथ पढ्छ र बिहानको अघि मर्छ भने ऊ स्वर्गकामा हुनेछ। बुखारी (6306)

سرمایہ پر عمل

## सम्पत्ति-२३१

### ६२- बिहान अघि क्षमा याचना गर्नु

**लाभः** स्वर्गमा प्रवेश मिल्नेछ।

**प्रामाणः** ★अल्लाहले भन्नु भएको छ : निश्चय नै संयमीहरू स्वर्गका बगैंचाहरूमा हुनेछन्, र जुन जुन कुराहरू उनको पालनकर्ताले दिइराखेको हुन्छ उनीले लिइराखेका हुनेछन्। निश्चय नै उनीहरू त यसभन्दा पहिला नै असल कार्य गर्नेहरू थिए, उनीहरू रातको थोरै भागमा सुत्ने गर्दथे, र रातको अन्तिम पहर (भोर)मा क्षमा प्रार्थना गर्नेगर्दथे(अज् जारियात १५-१८)

سرمایہ پر عمل

## सम्पत्ति-२३२

### ६३ -तिर्खालु जनावरहरूलाई पानी दिने

**लाभः**स्वर्गमा प्रवेश मिल्नेछ।

**प्रामाणः** अबू हुरैराह (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसुल (स.) ले भन्नु भएको छ: एक जान इनार मा पानी खान आए, इनार मा उत्रिएर उनले पानी खाये, इनार माथि तिर्खाएको कुकुर देखे जस्को जिब्रो बाहिर निस्किरहेको थियो, उनले कुकुरमाथी दाय लाग्यो, उनले आफ्नो छालाको मोजा फुकालेर, त्यस्मा पानी भरेर, कुकुर लाई पानी खवाइ दिए। अल्लाह ले प्रतिदान मा उनलाई स्वर्गमा प्रवेश दिनुभए।

इब्न हिब्बान (543) र यसलाई सहिह मानेका छन्।

## सम्पत्ति-२३३

### ६४ - ऋण तिर्दा वा माग्दा चोखो मन राख्नु

**लाभ:** स्वर्गमा प्रवेश मिल्नेछ।

**प्रमाण:** अब्दुल्लाह बिन अम्र (रअ) ले बताउनुभयो कि अल्लाहको रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: एक व्यक्तिलाई स्वर्गमा प्रवेश मिल्यो, जो चोखो मनले बाँकी ऋण तिर्न गर्थ्यो।

अहमद (७०८२) र अहमद शाकिरले यसलाई साहिहको श्रेणीकरण गरे।

## सम्पत्ति-२३४

### 65- कोही प्रिय को मृत्यु हुदा अल्लाह को खातिर धैर्य राख्नु र राम्रो प्रतिफल को आशा राख्नु।

**लाभ:** स्वर्गमा प्रवेश मिल्नेछ।

**प्रमाण:** अबू हुरैराह (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसुल (स.) ले भन्नु भएको छ: अल्लाहले भन्नुहुन्छ: मेरो निष्ठावान भक्तको लागि स्वर्ग बाहेक अरू कुनै प्रतिफल छैन जसले मेरो निम्ति धैर्य राख्छ, जब मैले उस्को प्रिय लाई यस संसारमा मृत्यु दिन्छु।

बुखारी (६४२४,

سرمایہ پر عمل

## सम्पत्ति-२३५

### ६६ - लाज गर्नु

**लाभ:** स्वर्गमा प्रवेश मिल्नेछ।

**प्रमाण:** अबू हुरैराह (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसुल (स.) ले भन्नु भएको छ: लाज गर्नु (इमान) विश्वास को भाग हो, र इमान वाला हरू (निष्ठावानहरू) स्वर्गमा हुनेछन्)

अहमद (10661), तिर्मिधि (2009), र जहबि र अल्बानीले यो सहिहमा वर्गीकृत गरे।

سرمایہ پر عمل

## सम्पत्ति- २३६

### 67 -सुरह अल-इखलासको लागि प्रेम

**लाभ:** स्वर्गमा प्रवेश मिल्नेछ।

**प्रमाण:** ★अनास बिन मलिक (रअ) बाट वर्णन छ कि: अन्सारका एक व्यक्तिले मस्जिद कुबामा तिनीहरू को नमाज मा इमामत गर्थे, र जब जब उनले नमाजको इमामत मा उनीहरूको लागि एक सूरह पढ्थे, उनले [कुल हुवा अल्लाहु अहद] पढेर सुरु गर्थे, जब रसुल (स.) तिनीहरू कहाँ आए, तिनीहरूले उनलाई त्यसको (अन्सारको इमामत) बारेमा खबर गरे।

★ रसुल (स.) ले ति इमाम सित सोध्नु भयो : तिमी प्रत्येक रक'तमा यो सुरा किन पढ्छौ? उहाँले भन्नुभयो: हे अल्लाहको रसूल मलाई यो सुरह प्रिय छ ,अल्लाहका रसूल (स.) ले भन्नु भएको छ, "तिम्रो यस सुरह को प्रेमले तिमीलाई स्वर्गमा प्रवेश गराउनेछ।

तिर्मिधि (२९०१), र इब्न अल - अरबी र अल्बानीले यसलाई सहिह दर्जा दिए

سرمایہ پر عمل

## सम्पत्ति-२३७

### ६८ - पीडित व्यक्तिलाई सान्त्वना दिनु:

**लाभ**: सान्त्वना दिने वाला ले कयामत को दिनमा सम्मान को अचकन लगाउनेछ।

**प्रमाण:** मुहम्मद बिन अम्र बिन हज्म (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसुल (स.) ले भन्नु भएको छ: कुनै पनि मुस्लिम ले आफ्नो भाइ लाई विपत्तिमा सान्त्वना दिन्छ भने, अल्लाहले उसलाई कयामत को दिनमा सम्मान को अचकन पहिराइदिनेछन्।

इब्न माजा (1601) र अल्बानीले हसनमा वर्गीकृत गरे।

سرمایہ پر عمل

## सम्पत्ति-२३८

### 69- अल्लाह सँग तिन पटक स्वर्ग माग्नु

**लाभ:** स्वर्गले यस्तो व्यक्ति लाई प्रवेश गराउन अल्लाह सित बिन्ती गर्छ।

**प्रमाण:** अनस बिन मलिक (रा) बाट यो भनिएको थियो कि अल्लाहका रसूलले भन्नुभयो: जसले अल्लाहसँग तीन पटक स्वर्ग माग्दछ, स्वर्गले भन्नेछ: "हे अल्लाह, उसलाई स्वर्गमा प्रवेश गराई दिनु होस।"

अहमद (१३३७५), तिर्मिधि (२५७२), नसाई अल - कुब्रा (७९०७), इब्न माजा (४३४०), इब्न हिब्बान (१०१४) र उनले, सुयुती र अल्बानीले यसलाई साहिहको श्रेणीमा राखे।

سرمایہ پر عمل

## सम्पत्ति-२३९-२४४

### ७०-७२- न्यायी शासक, युवावस्थामा अल्लाहको उपासनामा हुर्कनु, मस्जिदसँग जोडिनु, र सुन्दरी र उच्चवर्ग महिलाले प्रलोभनमा गर्न चाहेमा भन्नु कि म अल्लाहसँग डराउँछु, , दान कार्य लुकाउने, र एकान्तमा अल्लाहको यादमा रुने।

**लाभ:** कयामतको दिन अल्लाहको सिंहासन को छाँया मा ठाउँ पाउनु।

**प्रमाण:** अबू हुरैराह (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसुल (स.) ले  भन्नु भएको छ: "जुन दिन सात जना मानिसहरूलाई अल्लाहले आफ्नो छाया प्रदान गर्नेछ, त्यस दिन उसको सिंहासनको छाया बाहेक अरू कुनै छाया हुनेछैन, (ति सात जाना हुन्) न्यायी शासक, जवान मानिस जो अल्लाहको उपासनामा हुर्केको छ, एक मानिस जसको हृदय मस्जिदसँग जोडिएको छ (जसले मस्जिदको पाँच अनिवार्य सामूहिक प्रार्थना प्रदान गर्दछ, दुई व्यक्तिहरू जसले केवल अल्लाहको निम्ति एक अर्कालाई प्रेम गर्छन् र त्यसै आधार मा भेट्छन् र अलग हुन्छन्, एक व्यक्ति जसले अवैध यौन संभोगको लागि एक उच्च वर्ग को आकर्षक महिला को तलब अस्वीकार गर्दछ र भन्छ: म अल्लाहसँग डराउँछु, र एक व्यक्ति जसले गोप्य रूपमा दान दिन्छ कि दायाँ हात को दानकार्य बायाँ हातलाई  थाह पाउदैन(अर्थात् कसैले जान्दैन), र यस्ते व्यक्ति जसले एकान्तमा अल्लाहलाई सम्झन्छ र उसको आँखा आँसुले भरिन्छ।

बुखारी (६६०) र मुस्लिम (१०३१)





## सम्पत्ति-२४५

### 76 - अल्लाह को बाटो मा योद्धा लाई छाया गर्नु।

**लाभ:** कयामत को दिन छायामा हुनु।

**प्रमाण:** उमर बिन अल - खत्ताब (रअ) भन्नु हुन्छ: "मैले अल्लाहको रसूल (स.) ले भनेरहेको सुनेको छु कि: जसले एक योद्धा (मुजाहिद) को टाउको छायाँ गर्दछ, अल्लाहले उसलाई कयामत को दिनमा छायाँ गर्नेछन्।

अहमद (१२८) र अर्नाउतले यसलाई साहिह श्रेणीकरण गरे।




## सम्पत्ति-२४६

### ७७ – न्याय गर्नु

**लाभ:** अल्लाहको साम्‌ मोतीको उच्चासनमा विराजमान हुनेछन्।

**प्रमाण:** अब्दुल्लाह इब्न अम्र इब्न अल -'आस (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसुल (स.) ले  भन्नु भएको छ: -"  यस संसारमा न्याय गर्ने मानिसहरू, कयामत को दिनमा

सर्वशक्तिमान अल्लाहको अगाडि न्याय गर्ने प्रतिफल स्वरूप मोतीको उच्चासनमा विराजमान हुनेछन् ।

अहमद (६५६०) र अहमद शाकिरले यसलाई साहिह श्रेणीकरण गरे ।

سرمایہ پر عمل

## सम्पत्ति-२४७

### 78- मुस्लिम भाइलाई उस्को खुसि को लागि अल्लाहले मनपराको तरीका अनुसार भेट गर्नु

**लाभ:** कयामतको दिनमा खुसीको प्राप्ति।

**प्रमाण:** अल्लाहका रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नु भएको छ: "जसले आफ्नो मुस्लिम भाइ सँग त्यसको खुसी अनुसार उसलाई नै खुसी पार्न भट गर्दछ, अल्लाहले उसलाई कयामत को दिनमा खुशी प्रदान गर्नुहुनेछ ।

तबरानी अल - सघिर (1178), हैथमी, दिम्याती र मा मुन्ध्रीले यसलाई हसनको दर्जा दिए ।

سرمایہ پر عمل

## सम्पत्ति-२४८

### 79 - एक मुस्लिम को पाप लुकाउनु

**लाभ:** कयामत को दिन यस्ता मानिसहरूका पापहरू लुकाइनेछ ।

**प्रमाण:** ★अबू हुरैराह (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसुल (स.) ले भन्नु भएको छ: " जसले यस संसारमा कुनै व्यक्तिको पाप ढाक्छ, अल्लाहले क़ियामतको दिन उस्को पाप ढाक्नेन् ।

★ अब्दुल्लाह बिन उमर (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसुल (स.) ले भन्नु भएको छ: "जसले मुसलमानको पाप ढाक्छ, अल्लाहले उसको पापलाई कयामत को दिन ढाक्नेछ ।

मुस्लिम (२५९०) (२५८०), बुखारी (२४४२)

سرمایہ پر عمل

# सम्पत्ति-२४९

**80 - कसैको आवश्यकता पूरा गर्न  कोसिस गर्नु,यहासम्म कि आवश्यकता पुरा होस्**

**लाभ:** जब सबैको खुट्टा कम्पित हुन्छ, ऊ स्थिर हुनेछ, र यो कर्म मस्जिद नब्वीमा इतीकाफ गर्नु भन्दा धेरै राम्रो छ।

**प्रमाण:** इब्न उमर (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसुल (स.) ले  भन्नु भएको छ : मलाई कोडि भाई सगँ उस्को आवश्यकता पूरा गर्न  लाई हिडनु यस मस्जिद -मस्जिद नब्वीमा- मा  एक महिना को लागि इतीकाफ गर्नु भन्दा धेरै प्रिय छ,  र जसले आफ्नो भाइको आवश्यकता पूरा गर्न कोसिस गर्दछ, जबसम्म त्यो पूरा हुँदैन, अल्लाहले उसलाई त्यो दिन स्थिर राख्नुहुनेछ जुन दिन सबैका खुट्टा डगमगाउनेछन्।

तबरानीले अल-कबीर (१३६४६) मा र अल्बानीले यसलाई सहिहको दर्जा दिएका छन्।

سرمایہ پر عمل

# सम्पत्ति-२५०

**८१ - सुत्नुअघि भन्नु ( अल्लहुम्म अस्लम्तु नफ्सी इलैक)**

**लाभ:** फित्रत (एकेश्वरवाद आस्था) माथी मृत्यु ।

**प्रमाण:** अल-बारा' बिन 'अजीब (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसूल (स.) ले भन्नु भएको छ: जब अल्लाह को रसूल ओछयानमा जानुहुन्थ्यो, उहाँ आफ्नो जिउ को दाहिने तर्फ बाट सुत्नुहुन्थ्यो र पढ्नुहुन्थ्यो: 'अल्लाहुम्मा अस्लमतु नफ्सी इलैका, वा वज्जाहतु वाज्हि इलैका, वा फव्वादतु अमरी इलैका, वा 'अलजा'तु जह्री इलैका, रग्घबतान् वा रहबतान् इलैका, ला मल्जा वा ला मन्जा इल्ला इलैक,. अमान्तु बिकितबिकल - लधी अन्जलत, व नबियिकल - लधी अर्सालत ' र नबी (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नु भएको छ: "जसले यो प्रार्थना भन्छ र त्यहि रात्रि उस्को मृत्यु भयो बने, ऊ फित्रत (एकेश्वरवाद आस्था) माथी मर्छ ।

बुखारी (६३१५) र मुस्लिम (२८१०)

سرمایہ پر عمل

## सम्पत्ति-२५१

### 82 – रमजान महिनामा उम्रा गर्नु

**लाभ:** हज वा रसूल (स.) संग हज गर्ने प्रतिफल को प्राप्ति।

**प्रमाण:** ★ इब्न अब्बास (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसूल (स.) ले भन्नु भएको छ: रमजान महिनामा `उमराह गर्नु हज वा मेरो साथ हज गर्न बराबर हो

★ इब्न उमर (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसूल (स.) ले भन्नु भएको छ: त्यस्मा (रमजान मा) उम्राह गर्नु हज वा – आर्को हदिस अनुसार- म संग हज गर्ने बराबर हो

बुखारी (१८६३) र मुस्लिम (१२५६)

बुखारी (१७७२) र मुस्लिम (१२५६)

سرمایہ پر عمل

## सम्पत्ति-२५२

### ८३ - मण्डलीमा फजर नमाज पढ्नु र सूर्य उदाउँदासम्म अल्लाहको जिक्र गर्नु, त्यस पछि दुई रकाअत नमाज पढ्नु

**लाभ:** हज र 'उम्रा बराबर प्रतिफल।

**प्रमाण:** अनस बिन मलिक (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसूल (स.) ले भन्नु भएको छ: जस्ले मण्डलीमा फजर नमाज पढ्छ , त्यसपछि सूर्योदय सम्म अल्लाह लाई सम्झि बस्छ, त्यसपछि दुई रकाअत पढ्छ, उसलाई एक हज र उम्रा को जस्तै प्रतिफल मिल्नेछ ।अल्लाहका रसूलले भन्नुभयो: पूर्ण, पूर्ण, पूर्ण (प्रतिफल मिल्नेछ)।

तिर्मिधि (५८६) र अल्बानीले यसलाई सहीहको श्रेणीमा राखे।

سرمایہ پر عمل

## सम्पत्ति-२५३

### 84- राम्रो ज्ञान  सिक्न वा सिकाउन मस्जिद जानु।

**लाभ:** हज जस्तै प्रतिफलको प्राप्ति।

**प्रमाण:** अबू उमामा ((रअ) ले उल्लेख गर्नु हुन्छ कि रसूल (स.) ले भन्नु भएको छ: जो कोही मात्र राम्रो ज्ञान र भलो कर्म हरू सिक्न वा सिकाउन मस्जिद जान्छ, उस्लाई पूर्ण हज को प्रतिफल प्राप्त हुनेछ।

तबरानीले अल-कबीर (७४७३) मा र अल्बानीले यसलाई सहिहहसनको दर्जा दिएका छन्।

سرمایہ پر عمل

## सम्पत्ति-२५४

### 85 - ज्धुल अल - हिज्जामा पुण्य कर्म गर्नु

**लाभ:** यो अल्लाहको मार्गमा युद्ध गर्नु भन्दा राम्रो हो, सिवाय त्यो व्यक्ति जो आफ्नो ज्यान र आफ्नो धन लिएर युद्ध गर्न जान्छ र फर्केर आउँदैन (शहीद हुन्छ)।

**प्रमाण:** इब्ने अब्बास (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसूल (स.) ले भन्नु भएको छ: अरू कुनै दिन को पुण्य कर्महरू भन्दा ज्धुल अल-हिज्जा महिना को पहिलो १० दिनमा गरिने पुण्य कर्महरू अल्लाह लाई अतिनै मन पर्छ, यो अल्लाहको मार्गमा युद्ध गर्नु भन्दा राम्रो हो, सिवाय त्यो व्यक्ति जो आफ्नो ज्यान र आफ्नो धन लिएर युद्ध गर्न जान्छ र फर्केर आउँदैन (शहीद हुन्छ)।

अबु दाउद (२४३८) र अल्बानीले यसलाई सहिहको दर्जा दिए।

سرمایہ پر عمل

## सम्पत्ति-२५५

### ८६ - विधवा वा गरिबहरू को लागि प्रयास गर्नु

**लाभ:** यस कर्म को प्रतिफल अल्लाहको मार्गमा युद्ध गर्नु जस्तै हो,र जो लगातार रोजा बस्छ, र रात्रि नमाज को लागि न थाकिकन खडा हुन्छ जस्तै प्रतिफल हो।

**प्रमाण:** अबू हुरैर (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसूल (स.) ले भन्नु भएको छ: “विधवाहरू र गरिबहरू को मदत गर्न प्रयास गर्ने अल्लाहको बाटोमा युद्ध गर्ने जस्तै हो” , अबू हुरैर (रअ) ले भन्नहुन्छ : मलाई लाग्छ कि उहाँले (स.) थप भन्नुभयो: " त्यो प्रयास गर्ने व्यक्ति आराम नगरी ( रात्रि नमाजको लागि) खडा हुने र निरन्तर उपवास बस्ने व्यक्ति जस्तै हो। बुखारी (६००७) र मुस्लिम (२९८२)

سرمایہ پر عمل

## सम्पत्ति-२५६

### 87 - अल्लाह को निम्ति युद्ध गर्ने वाला लाई समपुर्ण सामाग्रि दिएर पुर्ण रूपले तयार गर्नु यहा सम्म कि कुनै कुराको आवश्यता बाँकि न रहोस्

**लाभ:** तयार गर्ने वाला लाई योद्धा जस्तै प्रतिफल मिल्नेछ

**प्रमाण:** ★ जैद बिन खालिद (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसूल (स.) ले भन्नु भएको छ: जसले अल्लाहको मार्गमा योद्धा लाई सुसज्जित गर्दछ, उसले लडाईमा भाग लिएको जस्तै छ।

★ उमर बिन खत्ताबले भने: "मैले अल्लाहको रसूल (स.) ले भनिरहो को सुनेको छु कि: जसले अल्लाहको मार्गमा एक योद्धालाई पूर्ण रूपमा सुसज्जित नभएसम्म सुसज्जित गर्दछ, उसले योद्धा जस्तै प्रतिफल पाउनेछ, जबसम्म युद्ध गर्ने व्यक्ति मर्दैन वा फर्केर आउँदैन।

बुखारी (२८४३) र मुस्लिम (१८९५)

अहमद (१२८), इब्न माजा (२७५८) रअर्नाउत यसलाई सहिह दर्जा दिए

سرمایہ پر عمل

## सम्पत्ति-२५७

**88 - अल्लाहको बाटो मा निस्किएको एक योद्धा को परिवार को हेरचाह गर्नु**

**लाभ:** उसलाई योद्धा जस्तै प्रतिफल दिइनेछ

**प्रमाण:** जैद बिन खालिद (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसूल (स.) ले भन्नु भएको छ: जसले अल्लाहको मार्गमा योद्धा लाई सुसज्जित गर्दछ, उसले लडाईमा भाग लिएको जस्तै हो, र जसले अल्लाह को बाटो मा निस्किएको एक योद्धा को परिवार को राम्ररी हेरचाह गर्छ, उसले लडाईमा भाग लिएको जस्तै हो।

बुखारी (२८४३) र मुस्लिम (१८९५)

سرمایہ پر عمل

## सम्पत्ति-२५८

**89- प्रत्येक महिना तीन दिनको लागि उपवास बस्नु**

**लाभ:** यस्को प्रतिफल एक वर्ष को लागि उपवास बस्नु जस्तै छ, र प्रतिफल दस गुणा धेरै हुन्छ।

**प्रमाण:** अब्दुल्लाह बिन अम्र (रअ) ले भन्नुहुन्छ कि रसूल (स.) म कहाँ आउनु भयो र भन्नु भयो: तिम्रो लागि पर्याप्त हुन्छ कि हरेक महिना तिन दिन रोजा बस, किन भने हरेक पुण्य दस गुणा धेरै हुन्छ, यसरी तिमी ले लामो जमाना सम्म रोज राखे जस्तो हुन्छ। बुखारी (६१३४) र मुस्लिम (३४१८)

سرمایہ پر عمل

## सम्पत्ति-२५९

**90 - रमजान पछि शव्वाल। मा छ वटा रोजा बस्नु।**

**लाभ:** लामो जमाना सम्म रोज राखे जस्तो प्रतिफल मिल्नेछ।

**प्रमाण:** अबू अयुब अन्सारी (रअ) ले वर्णन गरे कि अल्लाहको रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नु भयो: जसले रमजानको महिनामा रोजा राख्छ, र त्यसपछि शव्वालको छ दिनसम्म अझै रोजा राख्छ, यो उसले पुरा वर्ष रोजा राखेको जस्तै हुन्छ।

मुस्लिम (1164)

سرمایہ پر عمل

## सम्पत्ति-२६०

**91-शुक्रवारको दिन स्नान गर्नु, छिटो हिडेर (मस्जिद पुग्नु), चुप लाएर इमामको छेउमा बस्नु र व्यर्थ कुरा नगर्नु।**

**लाभ:** एक वर्षको उपवास र एक वर्षको रात्रि नमाज को प्रतिफल मिल्नेछ।

**प्रमाण:** अवस इब्न अवस अथ-थकाफी (रअ) को बयान छ कि मैले अल्लाहका रसूल (स.) लाई यसो भनिरहेको सुनेको छु: जसले (शुक्रबारको दिन) आफुलाई सफा सुग्घर बनाउछ, र नुहाउन्छ, र (शुक्रबारको नमाजको लागि) चाँडै जान्छ, हिँड्छ, सवारी गर्दैन, इमामको नजिकै बस्छ, ध्यान दिएर (प्रवचन) सुन्छ, र व्यर्थ कुरा गर्दैन, उसलाईको एक वर्षको उपवास र रात्रि नमाज को प्रतिफल मिल्नेछ ।

अहमद (१६४२६), नसाई अल - कुब्रा (१६९७), अबु दाउद (३४५) अल्बानीले यसलाई सहिह दर्जा दिए।

سرمایہ پر عمل

## सम्पत्ति-२६१

**92 - रोजा बस्ने मान्छे लाई इफ्तारि गराउनु**

**लाभ:** उपवास बस्ने व्यक्तृ समान प्रतिफल दिइन्छ ।

**प्रमाण:** जैद बिन खालिद अलजुहानी (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसूल (स.) ले भन्नु भएको छ: "जसले रोजा बसेको व्यक्तिलाई इफ्तार गराउन्छ, उसको लागि रोजा बसेको व्यक्ति जस्तै पुण्य हुन्छ, र रोजा बसेको व्यक्ति को पुण्य मा पनि कुनै कमी हुदैन।

तिर्मिधि (८०७), र सुयुती र अल्बानीले यसलाई साहिह श्रेणीकृत गरे ।

سرمایہ پر عمل

## सम्पत्ति-२६२

**९३- सय पटक “सुब्हानल्लाह” भन्नु**

**लाभ**: सय मुस्लिम गुलामलाई मुक्त गर्ने पुण्य र हजार पुण्य प्रप्ति ।

**प्रमाण:** ★ यो उम्म हनी बिन्त अबी तालिब ((रअ) ले उल्लेख गर्नु हुन्छ कि रसूल (स.) ले भन्नु भएको छ: सय पटक "सुब्हानल्लाह" भन्ने गर, किनकि यो कर्म ले इस्माइलको सन्तानबाट सय गुलाम हरूलाई मुक्त गर्नु बराबर पुण्य मिल्छ

★ सादबिन अबू वक्कास (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसूल (स.) ले भन्नु भएको छ: कि के तिमीहरुमध्ये कसैले पनि एक दिनमा एक हजार पुण्य कमाउन सक्दैन? कसैले सोध्यो, "हामीमध्ये कसैले कसरी एक हजार पुण्य कमाउन सक्छ? रसूल (स.) ले भन्नु भयो: १०० पटक "सुब्हानल्लाह" भन्नु, तिम्रो लागि एक हजार पुण्य लेखिदिनेछ, वा एक हजार पापहरू मेटीइदिनेछ।

मुस्लिम (२६९८)




# सम्पत्ति- २६३

## ९४- सय पटक 'ला इलाह इल्लल्लाहु वाहदहु ला शारिक लहु, लाहुल - मुल्कु वलहुल - हम्दु, वा हुवा `अला कुल्ली शायइन कदीर ' भन्नु र ' ला इलाह इल्लल्लाह ' १०० पटक भन्नु

**लाभ:** सय मुस्लिम गुलामलाई मुक्त गर्ने पुण्य प्रप्ति, र आकाश र पृथ्वीको बीचमा ठाउँ ति शब्दहरू ले भर्ने छ, र सय पुण्य मिल्नेछ।

**प्रमाण:** ★ अबु हुरैर (रअ) (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसूल (स.) ले भन्नु भएको छ: जसले एक दिन मा "ला इलाह इल्लल्लाहु वाहदहु ला शारिक लहु, लहुल - मुल्कु वलहुल - हम्दु, वा हुवा `अला कुल्ली शायइन कदीर" १०० पटक भन्छ, उस्लाई सय मुस्लिम गुलामलाई मुक्त गर्ने पुण्य मिल्छ, र सय पुण्य लेखिन्छ।

★ उम हानी बिन्त अबी तालिब (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसूल (स.) ले भन्नु भएको छ: तिमी 'ला इलाहा इल्लाल्लाह' पढ्ने गर।

इब्न खल्फले भने: "मलाई लाग्छ कि उहाँले यो पनि भन्नु भयो कि: "यो शब्दहरूले आकाश र पृथ्वीको बीचमा खाली ठाउँ भर्दछ, र त्यस दिन कुनै व्यक्तिको कर्म आकाश तिर जाने छैन कामको सिवाय जुन व्यक्तिको तिमि जस्तै कर्म गर्दछ।

बोखारी (३२९३) मुस्लिम (२६९१),

अहमद (27553), नसाई अल - कुब्रा (10613) र ,अल्बानीले यसलाई हसनको दर्जा दिये।

سرمایہ پر عمل

## सम्पत्ति-२६४

**९५- ”ला इलाह इल्लल्लाहु वाहदहु ला शारिक लहु, लहुल - मुल्कु वलहुल - हम्द्, वा हुवा `अला कुल्ली शायइन कदीर”१० पटक पढ्नु**

**लाभ:** चार मुस्लिम गुलाम मुक्त गर्ने प्रतिफल मिल्छ।

**प्रमाण:** अमर बिन मैमुन (रअ(रअ) ले उल्लेख गर्नु हुन्छ कि रसूल (स.) ले भन्नु भएको छ: जसले दस पटक ”ला इलाह इल्लल्लाहु वाहदहु ला शारिक लहु, लहुल - मुल्कु वलहुल - हम्द्, वा हुवा `अला कुल्ली शायइन कदीर” पढ्छ, उस्लाई यो कर्म ले इस्माइलको सन्तानबाट ४ गुलाम हरूलाई मुक्त गर्ने बराबर पुण्य मिल्छ।

बुखारी (६४०४), मुस्लिम (२६९३)

سرمایہ پر عمل

## सम्पत्ति-२६५

**९६- काबाको सात पटक परिक्रमा गर्ने र दुई रकआत नमाज पढ्नु**

**लाभ:** एक गुलाम लाई मुक्त गर्ने पुण्य, र हरेक पाइला मा एक पुण्य को प्रतिदान

**प्रमाण:**★ अब्दुल्लाह बिन उमर (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसूल (स.) ले भन्नु भएको छ: "जसले काबाको सात पटक परिक्रमा गर्छ र त्यसलाई गन्दछ, उसले गुलाम लाई मुक्त गरेको जस्तै हो।

★अब्दुल्लाह बिन उमर (रअ) भन्नु हुन्छ कि, मैले अल्लाहका रसूल (स.) लाई भनिरहेको सुनेको छ: जसले काबाको सात पटक परिक्रमा गर्छ र दुई रकात पढ्छ, उसले गुलाम लाई मुक्त गरेको जस्तै हो।

★अब्दुल्लाह बिन उमर (रअ) भन्नु हुन्छ कि, मैले अल्लाहका रसूल (स.) लाई भनिरहेको सुनेको छ कि: "जसले काबा को सात पटक तवाफ गर्दछ, उस्ले एक पाइलातल र आर्क पइला माथि गर्द, अल्लाहले ऊबाट एक पाप मेटाइदिनु हुन्छ र एक पुण्य लेखदिनु हुन्छ, र एक श्रेणि उच्च गर्दिनु हुन्छ।

तिर्मिधि (९५९), अहमद (४५४८) र अल्बानीले यसलाई साहिह वर्गीकृत गरे

इब्न माजा (२९५६) र अल्बानीले यसलाई सहीहको श्रेणीमा राखे।

अहमद (४५४८), इब्न हिब्बान (३६९७), तिर्मिधि (९५९), र अल्बानीले यसलाई साहिह वर्गीकृत गरे।

سرمائے پر عمل

## सम्पत्ति-२६६-२६८

### ९७-९९ - कसैलाई दूध  खान दिनु वा पैसा सापट दिनु, वा कसैलाई बाटो देखाइ दिनु।

**लाभ:** एक गुलाम लाई मुक्त गर्ने पुण्य मिल्छ

**प्रमाण:** अल-बरा बिन आजीबले (रअ) भन्नु हुन्छ कि,  मैले अल्लाहका रसूल (स.) लाई भनिरहेको सुनेको छु कि:  कसले कसैलाई दूध  खान दिन्छ, वा पैसा सापट दिन्छ, वा कसैलाई बाटो देखाइ दिन्छ, उसले एक गुलाम लाई मुक्त गर्ने पुण्य पाउनेछ।

अहमद (18810), तिर्मिधि (1957)  अल्बानीले यसलाई सहिह दर्जा दिए।

سرمایہ پر عمل

## सम्पत्ति-२६९

### १०० - सय पटक 'अल- हम्दु लिल्लाह' भन्नु

**लाभ:** अल्लाह को बाटो मा सय वटा काठी दार र लगाम कसिएको घोडा हरू को दान को पुण्य प्राप्ति

**प्रमाण:** उम्मे हानि (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसूल (स.) ले भन्नु भएको छ: "१०० पटक 'अल- हम्दु लिल्लाह' भन्नु, यो  पुण्य मा अल्लाह को बाटो मा सय वटा काठी दार र लगाम कसिएको घोडा हरू दान बराबर  हो

अहमद (२७५५३), नसाई अल - कुब्रा (10613) रअल्बानीले यसलाई हसनको दर्जा दिये।

سرمایہ پر عمل

# सम्पत्ति-२७०

## १०१ - 'अल - हम्दु लिल्लाही अदद मा खलक' भन्नु, र तेसरी नै 'सुब्हानल्लाह ' भन्नु

**लाभ:** दिन र रात सबै जिक्र गर्नु भन्दा धेरै हो।

**प्रमाण:** अबु उमामा (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसूल (स.) ले मलाई देख्नु भयो कि मैले आफ्नो ओठ चलाइरहेको छु, उनले मलाई सोधे: हे अबू उमामाह! तिमीले  के पढ्दैछौ? मैले भने: 'मैले अल्लाहको जिक्र गर्दैछु। उनले भन्नुभयो: म तिमी लाई यस्तो कुरा बताउछु जुन्  दिन र रात भरि जिक्र गर्नु भन्दा उत्तम हो,  तिमीले भन्नु: 'अल-हम्दु लिल्लाही अदद मा खालक, वा अल-हमदु लिल्लाही मिल्अ मा खलक, वा अल-हम्दुलिल्लाही अदद मा फिस्समावाति वा मा फिल अर्दि, वा अल-हम्दु लिल्लाही अदद मा अह्सा किताबुहु, वा अल-हम्दु लिल्लाही मिल्अ मा अह्सा किताबुहु, अल-हम्दु लिल्लाही अदद कुल्ली शाय्इन, वा अल-हमदु लिल्लाही मिल्अ कुल्ली शाय्इन' र त्यसपछि 'सुब्हानल्लाह ' पनि त्यसरि नै भन्नु, र त्यसपछि उहाँले भन्नुभयो: यो तिमीले आफ्नो पछि आउने वाला हरू लाई पनि सिकाउ।

अहमद (२२५७३), नसाई अल - कुब्रा (९९२१), तबरानी अल - काबीर (७९५६) र अल्बानीले यसलाई साहिहको दर्जा दिए।

سرمایہ پر عمل

## सम्पत्ति- २७१

**१०२- 'सुब्हानल्लाही वा बिहामदीहि, अदद खल्किही, वा रिदा नफ्सिही, वा जिनत अर्शीही, वा मिदाद कलिमातिही' तिन चोटि भन्नु**

**लाभ:** यो जिक्र धेरै जिक्र हरू भन्दा वजन मा गरुङ्गो छ।

**प्रमाण:** रसुस (स.) को श्रीमती जुवैरियाह बिन्त अल-हरिथ (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसूल (स.) बिहान को नमाज पढेर उनी कहाँ बाट जानु भयो, र त्यतिबेला उनी आफ्नो नमाज पढ्ने स्थान मै हुनुहुन्थ्यो,

दिन लागि सके पछि रसूल (स.) फर्किनु भयो, त्यतिबेला सम्म उनको श्रीमती आफ्नो नमाज पढ्ने स्थान मै हुनुहुन्थ्यो,

रसूल (स.) ले उनी सगँ बन्नु भयो : तिमी अहिले सम्म त्यहि आवस्था म छौ जसमा मैले छोडेर गएको थिए, श्रीमती ले जवाफमा 'हो' भन्नुभयो

रसूल (स.) ले भन्नु भयो : "यहा बाट निस्केर मैले चार शब्द तीन पटक पढें, जुन जिक्र तिमीले बिहानैदेखि पढेको सबै जिक्रहरू भन्दा वजन मा गरुङ्गो छ। यी शब्द हरू हुन्: 'सुब्हानल्लाही वा बिहामदीहि, अदद खल्किही, वा रिदा नफ्सिही, वा जिनत अर्शीही, वा मिदाद कलिमातिही'।

मुस्लिम (२७२६)

سرمایہ پر عمل

## सम्पत्ति-२७२

**१०३- 'ला हौला वा ला कुव्वत इल्ला बिल्लहि' भन्नु**

**लाभ:** स्वर्गको खजाना मध्ये एक।

**प्रमाण:** अबु मुसा अश्अरी (रअ) ले वर्णन गर्नु हुन्छ कि रसूल (स.) ले उनी सँग भन्नु भएको: "के म तिमीलाई स्वर्ग को शब्द वा खजानाको बारेमा बताउँ? उहाँले भन्नुभयो: हे अल्लाहको रसूल (स.) निश्चय नै बताउनु होस्: रसूल (स.) ले भन्नु भयो: 'ला हौला वा ला कुव्वाता इल्ला बिल्लाह' भन्नु, 'अ, यो स्वर्गको खजानाहरू मध्ये एक खजाना हो)। बुखारी (६३८४) र मुस्लिम (२७०४)

## सम्पत्ति-२७३

**104 - एक नमाज पछि आर्क नमाज पढ्नु यसरी कि बिज मा कुनै ब्यर्थ कुरा नहोस्**

**लाभ:** यो कर्म इल्लीयीन (खास किसीमको किताब) मा लेखिन्छ

**प्रमाण:** अबू उमामह (रअ) (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसूल (स.) ले भन्नु भएको छ: (नमाज पछिको नमाज पढ्नु यसरी कि बीचमा कुनै व्यर्थ कुरा नहोस, यो कर्म इल्लियुनमा लेखिन्छ।

अहमद (२२७३५), अबू दाऊद (१२८८) रअर्नाउत यसलाई सहिह दर्जा दिए

## सम्पत्ति-२७४

**105- शहीद भएर मृत्यु होस, भनेर अल्लाहसित सच्चा मनले बिन्ती गर्नु**

**लाभ:** अल्लाह को बाटो मा शहीद हुनु को पुण्य प्रिप्ति

**प्रमाण**:★ सहल बिन हनीफ (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसूल (स.) ले भन्नु भएको छ: जसले साँचो मन ले अल्लाह सित शहीद भएर मृत्यु होस् भनेर प्रार्थना गर्छ, उस्ले ओछ्यानमै मर्ने भए पनि अल्लाह ले उसलाई शहीदको दर्जा दिनुहुनेछ।

अबू ताहिरले ( सच्चा मनको )शब्द उल्लेख गरेछैनन्

★ अनस बिन मालिक (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसूल (स.) ले भन्नु भएको छ: "जुन मानिसले साँचो मन ले शहादत खोज्छ,उ शहिद भएर नमरे पनि उसले त्यसको प्रतिफल पाउनेछ।

मुस्लिम (१९०९), (१९०८)

سرمایہ پر عمل

## सम्पत्ति-२७५

### 106- मात्र नफिल नमाज वा ध्दोहा नमाज – सुर्य उदाइ सके पछिको नमाज- को नियत गरेर बाहिर निस्कनु.

**लाभ:** यस्ले उमरा बराबर पुण्य मिल्छ ।

**प्रमाण:**★ अबू उमामाह (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसूल (स.) ले भन्नु भएको छ: "जो नफिल नमाज पढ्न लाई निस्कन्छ, त्यो पूर्ण उम्रा जस्तै हो ।

★अबू उमामाह (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसूल (स.) ले भन्नु भएको छ:, "जो ध्दोहा नमाज पढ्न जान्छ, र उस्को उद्देश्य मत्र त्यहि नै हो भने, उसले उम्रा गर्ने व्यक्तिको जस्तै प्रतिफल पाउनेछ ।

अहमद (22735), अबू दाऊद (558), तबरानी कबीर (७५७८) र अल्बानीले यो हसन वर्गीकृत गरे

سرمایہ پر عمل

## सम्पत्ति-२७६

### 107- कुबा 'मस्जिदमा नमाज पढ्नु

**लाभ:** यस्ले उमरा बराबर पुण्य मिल्छ ।

**प्रमाण:** सहल बिन हनिफ (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसूल (स.) ले भन्नु भएको छ: "जो कोही यस मस्जिद – कुबा- मस्जिदमा आउँछ र नमाज पढ्छ, उस्ले उमराह बराबर पुण्य पाँउन्छ ।

नसाई अल - कुब्रा (७८०) र अल्बानीले यसलाई साहिह वर्गीकृत गरे ।

سرمایہ پر عمل

## सम्पत्ति-२७७

### १०८- सय पटक "अल्लाहु अकबर" भन्नु

**लाभ:** पट्टी लगाएको स्वीकृत सयवटा कुरबानिको जनावरहरू को कुरबानि बराबर पुण्य मिल्नेछ।

**प्रमाण:** उम्मे हानि बिन्त अबुतालिब (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसूल (स.) ले भन्नु भएको छ: र तिमीले 'अल्लाहु अकबर' सय पटक भन्नु, यस्ले सयवटा पट्टी लगाएको स्वीकृत कुरबानिको जनावरहरू को कुरबानि बराबर पुण्य मिल्नेछ।

अहमद (२८०३६) नसाई अल - कुब्रा (१०६१३) र अल्बानीले यसलाई हसनको दर्जा दिये।

سرمایہ پر عمل

## सम्पत्ति-२७८

### १०९- भलाइको आदेश दिनु र सत्य धर्म तर्फ बोलाउनु

**लाभ: दान गर्नु को पुण्य मिल्छ र त्स कर्म लाई हेरि त्यस्तै गर्न् वालाको पुण्य पनि प्राप्त हुन्छ।**

**प्रमाण:**★ अबु जर (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसूल (स.) ले भन्नु भएको छ: ... भलाइको आदेश दिनु दान गर्नु जस्तै हो।

★अबु हुरैर (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसूल (स.) ले भन्नु भएको छ: जसले अरूलाई सही मार्ग को पालना गर्न बोलाउँछ, उसलाई उस्को पालना गर्ने हरूको पुण्य बराबरको प्रतिफल मिल्नेछ, त्यस्ले पालना गर्ने हरूको पुण्य मा कुनै कमी हुने छैन।

मुस्लिम (७२०) मुस्लिम (२६७४)

سرمایہ پر عمل

## सम्पत्ति-२७९

### ११० - कुकर्म बाट मनाहि गर्नु

**लाभ:** दान गर्नु बराबर पुण्य मिल्छ

**प्रमाण:** अबू जर (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसूल (स.) ले भन्नु भएको छ: कुकर्म बाट मनाहि गर्नु दान कार्य हो

मुस्लिम (७२०)

سرمائے پر عمل

## सम्पत्ति-२८०-२८१

**111_112- मानिसलाई उसको जनावरमा सहयोग गर्नु र जनावर माथि सवारी चढ्न सहयोग गर्ने, वा उसलाई उसको सामान जनावर माथि बोकाउन मद्दत गर्ने**

**लाभः** दान गर्नु बराबर पुण्य मिल्छ।

**प्रमाणः** अबू हुरैराह (रअ) ले बताउनुभयो कि अल्लाहको रसूल (स.) ले भन्नुभयो: व्यक्तिले आफ्नो प्रत्येक जोर्नी मा दान दिनु पर्छ, र कुनै मानिसलाई उसको जनावरमा सहयोग गर्नु र जनावर माथि सवारी चढ्न सहयोग गर्नु, वा उसलाई उसको सामान जनावर माथि बोकाउन मद्दत गर्नु, सबै दान समान हो।

बुखारी (2891) र मुस्लिम (1009)

سرمایہ پر عمل

## सम्पत्ति-२८२

**११३ – दुहा (सुर्यदय पछिको नमाज) को दुई रकातहरू**

**लाभः** प्रत्येक जोर्नी बदला दान को पुण्य

**प्रमाणः** अबू जर ((रअ) ले उल्लेख गर्नु हुन्छ कि रसूल (स.) ले भन्नु भएको छ: हरेक दिन तिमीहरूको शारीर मा रहेको प्रत्येक जोर्नी को बदला दान दिनु पर्छ ...- उहाँले भन्नुभयो -...र प्रत्येक जोर्नी को बदला दान, सुर्यदय पछिको दुई रकात नमाज ले पर्याप्त हुन्छ। मुस्लिम (७२०)

سرمایہ پر عمل

## सम्पत्ति-२८३

**११४ – ऋण दिनु**

**लाभः** आधा दान गर्नु बराबर पुण्य मिल्छ

**प्रमाणः** इब्न मस्उद (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसूल (स.) ले भन्नु भएको छ: ऋण दिनु ले आधा दान गर्नु जस्तै पुण्य मिल्छ।

अहमद (३९८८) र अल्बानीले यसलाई सहीहको श्रेणीकरण गरे।

سرمایے پر عمل

# सम्पत्ति-२८४-२८५

**115-116 - फजर र ईशा को नमाज मण्डलीमा पढ्नु**

**लाभ:** रात्रि नमाज को पुण्य प्राप्त हुन्छ।

**प्रमाण**: उस्मान बिन अफान (रअ) को वर्णन छ कि, मैले अल्लाहको रसूल (स.) लाई यसो भनिरहेको सुनेको छु कि: यदि कसैले मण्डलीमा इशाको नमाज पढ्छ भने, उसले आधा राती नमाज पढेको जस्तै हो; र यदि कसैले मण्डलीमा फजरको नमाज पढ्यो भने, उसले पूरा रात नमाज पढेको जस्तै हो। मुस्लिम (६५६)

سرمایہ پر عمل

# सम्पत्ति-२८६

**117- मस्जिद अल – हराम (मक्का) मा नमाज पढ्नु**

**लाभ:** मस्जिद अल–हराम मा पढिएको एक नमाज एक लाख नमाज भन्दा उत्तम हो।

**प्रमाण:** उमर बिन खत्ताब (रअ) को वर्णन छ कि, मैले अल्लाहको रसूल (स.) लाई यसो भनिरहेको सुनेको छु कि: मस्जिद अल–हराम को एक नमाज अरू ठाउँ को एक लाख नमाज भन्दा उत्तम हो।

अहमद (१४९२०), इब्न माजा (१४०६), र सुयुती र अल्बानीले यसलाई साहिहको श्रेणीकरण गरे।

سرمایہ پر عمل

# सम्पत्ति-२८७

**118- मस्जिद अन- नाबावी (मदिना) मा नमाज पढ्नु**

**लाभ:** मस्जिद अन- नाबावी मा पढिएको एक नमाज १००० नमाज भन्दा उत्तम हो।

**प्रमाण:** अबू हुरैर (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसूल (स.) ले भन्नु भएको छ: मेरो यो मस्जिद मा पढिएको एक नमाज मस्जिद अल-हरम को नमाज बाहेक, अन्य ठाउँ भन्दा हजार नमाज भन्दा उत्तम हो। बुखारी (११९०) र मुस्लिम (१३९४)

سرمایہ پر عمل

# सम्पत्ति-२८८

**११९- मण्डलीमा नमाज वा मण्डलीमा इमामसँग नमाज पढ्नु।**

**लाभ**: नमाज को पुण्य सत्ताइस वा बीस र तीस को बिचमा वा पच्चीस गुणा बढ्छ।

**प्रमाण:** ★ इब्न उमर (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसूल (स.) ले भन्नु भएको छ: मण्डलीमा नमाज पढ्नु, मानिसले एक्लैको नमाज पढ्नु भन्दा २७ दर्जा हो।

★ अबू हुरैर (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसूल (स.) ले भन्नु भएको छ: इमाम संग एक नमाज, व्यक्ति द्वारा एक्लै पढिएको नमाज भन्दा पच्चीस गुणा बढी उत्कृष्ट हुन्छ।

★ अबू हुरैराह (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसूल (स.) ले भन्नु भएको छ: तिमीहरूले सामूहिक रुप ले पढेको नमाज, बजार वा घरमा एक्लै पढिएको नमाज भन्दा बीस र केहि (बीस र तीस को बिचमा) गुणा बढी उत्तम हुन्छ।

बुखारी (६४५) (६४८) (२११९) र मुस्लिम (६५०) (६४९) (२४९)

سرمایہ پر عمل

# सम्पत्ति-२८९

**१२०- मानिसहरूले देख्न नसक्ने ठाउँमा नफिल नमाज पढ्नु, र घरमा नमाज पढ्नु।**

**लाभ:** यसरि नमाज पढ्नु ले नमाज पच्चीस गुणा बढी उत्कृष्ट हुन्छ, र यो अनिवार्य नमाज को नफिल नमाज माथि प्राथमिकता जस्तै हो।

**प्रमाण:** ★ सुहैब ((रअ) ले उल्लेख गर्नु हुन्छ कि रसूल (स.) ले भन्नु भएको छ: एक नफिल नमाज जहाँ कसैले देखदैन, मानिसहरूको बीचमा नमाज भन्दा पच्चीस गुणा बढी उत्कृष्ट छ।

★ सुहैब बिन (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसूल (स.) ले भन्नु भएको छ: घरमा पढिएको नमाजको दर्जा, जहाँ मानिसहरूले देखछन् त्यहा को नमाज भन्दा यसरी नै श्रेष्ठ छ जसरी नफिल नमाज को तुलनामा अनिवार्य नमाज श्रेष्ठ छ।

अबू याला इब्न हजर) द्वारा "अल - मतलिब अल - आलिया"(574) पुस्तकमा वर्णन गरिएको छ, र अल्बानीले यसलाई साहिह वर्गीकृत गर्यो।

तबरानीले अल-कबीर (७३२२) मा र अल्बानीले यसलाई सहिहको दर्जा दिएका छन्।

سرمایہ پر عمل

# सम्पत्ति-२९०

## 121- क़ुरआन पढ्नु

**लाभ:** पुण्य कर्म हो, र प्रतिफल दस गुणा बढ्छ, र कुरान पढ्नेहरूको लागि सिफारिसकर्ताको रूपमा आउनेछ।

**प्रमाण:** ★ अब्दुल्लाह इब्ने मस्उद (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसूल (स.) ले भन्नु भएको छ: "जसले अल्लाहको किताबमा एउटा अक्षर पढ्छ, उसलाई पुण्य कर्म गर्छ, र त्यो पुण्य दस गुणा बढ्छ, मैले यो भन्दिन कि अलिफ- लाम-मीम एक अक्षर हो, तर अलिफ एक अक्षर हो, लाम अक्षर हो र मीम एक अक्षर हो।

★ अबु उमामाह (रअ) ले उल्लेख गर्नु हुन्छ कि मैले रसूल (स.) लाई भनिरहेको सुनेको छु कि: कुरआन पढ्दै गर, किनकि कयामत को दिन यो पढ्नेहरूको लागि सिफारिस कर्ता को रूपमा आउनेछ।

तिर्मिधि (२९१०), र सुयुती र अल्बानीले यसलाई साहिह श्रेणीकृत गरे।

मुस्लिम (८०४)

سرمایہ پر عمل

# सम्पत्ति-२९१

## 122 – मुआज्धिन लाई जवाफ दिएपछि रसूल (स.) माथि दरूद पठाउनु

**लाभ**: प्रतिफल दस गुणा बढ्छ

**प्रमाण:** अब्दुल्लाह इब्ने अमर बिन अलआस (रअ) ले उल्लेख गर्नु हुन्छ कि उनले रसूल (स.) ले भनिरहेको सुने कि: "जब तिमीहरूले मुअद्दिनको अजान सुन तब उस्ले भनेझै बोलेर जवाफ देऊ, त्यस पछि म माथि दरुद पठाऊ, किन भने जस्ले म माथि दरूद पठाउन्छ अल्लाहले उस माथि दस कृपा आशिष् पठाउनु हुन्छ।

मुस्लिम (३८४)

سرمایہ پر عمل

## सम्पत्ति-२९२

### १२३- कुरबानी गर्नु

**लाभ:** कयामत को दिन कर्म जोख्ने तराजुमा ७० गुणा धेरै हुन्छ।

**प्रमाण:** 'अली बिन अबी तालिब (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसूल (स.) ले आफ्नो छोरी फातिमा लाई भन्नु भए: हे फातिमा, आफ्नो कुरबानीको जनावरको कुरबानी हेर्न जाऊ र, किन भने रगतको पहिलो थोपा झर्न साथ हरेक पाप क्षमा गरिनेछ, र कयामत को दिन यो जनावर र त्यस्को रगत र मासु ल्याइनेछ र तम्रो कर्म जोख्ने तराजुमा सत्तरी गुणा बढी राखिनेछ,

अबु सइद खुद्री (रअ) ले सोध्नु भयो : के यो रसूल (स.) को परिवारको लागि मात्र हो, किनकि तिनीहरू असल कामको अझ योग्य छन्, वा यो रसूल (स.) को परिवारको साथ सम्पूर्ण उम्मात (विश्वयायि मुस्लिम समुदय) को लागि पनि हो? रसूल (स.) ले भन्नु भए : - बरु यो परिवारको साथ सम्पूर्ण उम्मात (विश्वयायि मुस्लिम समुदय) को लागि पनि हो

बैहकी अल कुबरा (19227) र सुयुती ले यसलाई हसन वर्गीकृत गरे।

سرمایہ پر عمل

## सम्पत्ति-२९३

### १२४- ""सुब्हानल्लाहि-ल- अजीम सुब्हानल्लाहि वा बिहाम्दिह " भन्नु।

**लाभ:** कयामत को दिन कर्म जोख्ने तराजुमा गरुङ्गो हुन्छ

**प्रमाण:** अबू हुरैर (रअ) ले उल्लेख गर्नु भयो कि अल्लाहका रसूल (स.) ले भन्नु भएको छ रिपोर्ट: दुई शब्दहरू यस्ता छन् जुन् मुख मा बोल्न हल्का छन्, पुण्य को तराजू मा भारी छन्, अल्लाह लाई प्यारो छन्: ति शब्द हुन "सुब्हानल्लाहि-ल- अजीम, सुब्हानल्लाहि वा बिहाम्दिह

बुखारी (६४०६) र मुस्लिम (२६९४)

سرمایہ پر عمل

## सम्पत्ति-२९४

### १२५- धैर्य राख्नु

**लाभ:** अल्लाहले असिमित बदला प्रदान गर्नु हुन्छ

**प्रमाण:** अल्लाहले भन्नु भएको छ: "धैर्य गर्नेहरूलाई लाई उनीहरूको प्रतिफल असिमित दिइनेछ।" [अज - जुमर: 10]

سرمایہ پر عمل

## सम्पत्ति-२९५

### 126 - निष्ठावान पुरुष र महिला विश्वास लागि क्षमा माग्न

**लाभ:** प्रत्येक निष्ठावान पुरुष र महिला को बदला पुण्य प्राप्ति

**प्रमाण:** ओबादा बिन सामित (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसूल (स.) ले भन्नु भएको छ: "जसले ईमानवाला पुरुष र महिलाका लागि क्षमा माग्छ, अल्लाहले उसलाई प्रत्येक विश्वासी पुरुष र महिलाको बदला पुण्य लेखिदिनु हुन्छ।

तबरानी मसनाद शमीइन मा (3/234), अल्बानीले यसलाई हसनको दर्जा दिये।

سرمائے پر عمل

## सम्पत्ति-२९६-२९७

### १२७-128 – जनाजा(मृतकको अन्तिम संस्कार) मा हजिर हुनु, जनाजा साथै उस्को घर बाट निस्कनु, र जनाजा को नमाज पढ्नु, र जनाजाको पछि पछि हिड्नु, र मृतक लाई मट्याइदिनु, वा जनाजा को नमाज पढेर फर्कनु।

**लाभ:** जनाजा को नमाज पढेर , मृतक लाई मट्याउन गरेमा दुई किरात (विशाल पहाड) बराबर पुण्य पाइन्छ, र मात्र नमाज पढेर फर्किएमा एक किरात पुण्य लेखिनेछ।

**प्रमाण:** ★ अबु हुरैर  (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसूल (स.) ले भन्नु भएको छ: जो व्यक्ति जनाजा मा उपस्थित हुन्छ,  र  मात्र जनाजा को नमाज पढ्छ, उस्को लागि एक किरात जति पुण्य छ, र जो व्यक्ति जनाजा मा मृतक लाई मट्याइनु सम्म उपस्थित हुन्छ, उस्को लागि दुई किरात जति पुण्य छ, सोधियो: दुई क़िरात के हुन्?' उहाँले जवाफ दिनुभयो: दुई विशाल पहाड बराबर।

★ अबू हुरैर (रअ) ले उल्लेख गर्नु हुन्छ कि उनले रसूल (स.) लाई भनिरहेको सुने कि : "जो व्यक्ति जनाजा साथै उस्को घर बाट निस्कन्छ, र जनाजा को नमाज पढ्छ, र जनाजाको पछि पछि हिड्छ, र  मृतक लाई मट्याउन्छ, उस्ले पुण्य को दुई किरात पाउनेछ, प्रत्येक किरात उहुद पहाड को बराबर हुन्छ, र जो व्यक्ति मात्र नमाज पढेर फर्किन्छ, उस्ले  उहद पहाड बराबर पुण्य पाउनेछ।

बुखारी (१३२५) (47) र मुस्लिम (९४५)

سرمایہ پر عمل

## सम्पत्ति-२९८

**१२९-      पाप वा नाता तोड्ने कुराहरू सामेल नभएको प्रार्थना गर्नु।**

**लाभ:** यस्तो व्यक्तिको निम्ति कयामत को दिनको लागि पुण्य भणडार गरिन्छ।

**प्रमाण:** अबू सईद अल-खुदरी (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसूल (स.) ले भन्नु भएको छ: "कुनै पनि मुस्लिम जसले पापपूर्ण वा सम्बन्ध तोड्ने कुरा समावेश नभएको प्रार्थना गर्दछ, अल्लाहले त्यसलाई तीनवटा चीजहरू मध्ये एक दिनेछन्: या त उस्को प्रार्थना तुरन्तै कबुल गरिन्छ, वा अर्को संसारमा उसको लागि भण्डार गरिन्छ, वा त्यस प्रार्थना बराबरको कुनै कष्ट उस्बाट टाढा गरिदिइन्छ।"

मान्छे हरू ले भने : त्यसो भए हामी ले धेरै प्रार्थना गर्ने छौ, र उहाँले जवाफ दिनुभयो कि : अल्लाह ले अझ दिनु हुन्छ।

अहमद (११३०२) र अल्बानीले यसलाई सहीहको श्रेणीकरण गरे।

سرمایہ پر عمل

## सम्पत्ति-२९९

**१३० – पुण्य कर्म शुरू गर्नु**

**लाभ:** त्यस कर्म को प्रतिफल र जसले त्यो कर्म गर्छ उसबाट प्रतिफल को प्राप्ति

**प्रमाण:** जरिर बिन अब्दुल्ला (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसूल (स.) ले भन्नु भएको छ: "जसले इस्लाममा सुकर्म शुरू गर्दछ, उसको लागि त्यस कर्म को प्रतिफल हुन्छ र पछि आर्क ले त्यहि कर्म गरेकोमा त्यसको प्रतिफल पाउँछ।
मुस्लिम (१०१७)




## सम्पत्ति-३००

### १३१ – पुण्य कर्म को नियत

**लाभ:** कर्म को पुण्य मिल्नेछ

**प्रमाण:** अबू काबशाह अल-अन्मारी (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसूल (स.) ले भन्नु भएको छ: एक मानिस जसलाई अल्लाहले धन र ज्ञान प्रदान गर्नु भएको छ, र उसले आफ्नो धनको सम्बन्धमा आफ्नो ज्ञान अनुसार उचित ठाउँ मा खर्च गर्दछ, र एक मानिस जसलाई अल्लाहले ज्ञान प्रदान गर्नु भएको छ, तर उसलाई धन दिनु भएको छैन, र त्यस व्यक्ति ले भन्छन्: "यदि म सित ऊ जस्तै (धन) भएको भए, मेलै ऊ जस्तै कर्म गर्थे," अल्लाहको रसूलले (स.) ले भन्नुभयो: तिदुईटै प्रतिफल मा बराबर छन्।
अहमद (१८३०९ ), इब्न माजा (४२२८) र अल्बानीले यसलाई साहिह श्रेणीकरण गरे।




## सम्पत्ति-३०१

### १३२- अजान को बेला उपस्थित हुनु र पहिलो पङ्क्तिमा नमाज को लागि उभिनु

**लाभ:** यति धेरै प्रतिफल मिल्छ कि यदि त्यस्को लागि नाम निकाल्न चिट्ठा गर्नु पर्यो पनि आवश्यक गरिनेछ

**प्रमाण:** अबू हुरैराह (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसूल (स.) ले भन्नु भएको छ: यदि मानिसहरूले अजान को बेला उपस्थित हुन, र पहिलो पङ्क्तिमा नमाज को लागि उभिनु मा के प्रतिफल छ थाहा पाएको भए तिनीहरूले त्यस कर्म को लागि चिट्ठा पनि निकाल्ने थिए।।
बुखारी (२५६) र मुस्लिम (४३७)

سرمائے پر عمل

## सम्पत्ति-३०२-३०३

**१३३-१३४- पहिलो, दोस्रो वा तेस्रो प्रहारले (माउसुली) घरको छेपारो मार्नु**

**लाभ**: घरको छेपारो लाई पहिलो चोटि मै मारेकोमा एक सय पुण्य प्राप्ति, , र दोस्रो वा तेस्रो प्रहार मा मारेकोमा कम पुण्य मिल्नेछ।

**प्रमाण:** अबू हुरैरा (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसूल (स.) ले भन्नु भएको छ: यदि कसैले घरछेपारो लाई पहिलो प्रहारमा मार्छ भने उसको लागि सयवटा राम्रो कामहरू को पुण्य लेखिनेछ, यदि उसले दोस्रो पटक मार्यो भने पहिला भन्द कम पुण्य र यदि तेस्रो प्रहार मा मार्यो भने अझ कम पुण्य लेखिन्छ।

मुस्लिम (2240)

سرمائے پر عمل

## सम्पत्ति-३०४-३०६

**१३५-१३७- "अस्सलामु अलैकुम वा रहमतुल्लाहि वा बराकातुहु "," अस्सलामु अलैकुम वा रहमतुल्लाह "र" अस्सलामु अलैकुम "भन्नु**

**लाभ:** तीस, बीस र दस पुण्य मिल्नेछ।

**प्रमाण:** इमरान बिन हुसैन (रअ) ले उल्लेख गर्नु हुन्छ एक व्यक्ति रसूल (स.) कहाँ आयो र भन्यो: 'अस्सलामु अलैकुम', अल्लाहका रसूल (स.) ले सलामको जवाफ दिए र त्यो मानिस बस्यो, रसूल (स.) ले भन्नु भयो : दस, अर्को एक जना आयो र भन्यो: 'अस्सलामु'अलैकुम वा रहमातुल्लाहि', अल्लाहका रसूल (स.) ले सलामको जवाफ दिए र त्यो मानिस बस्यो, रसूल (स.) ले भन्नु भयो : बिस, तेस्रो व्यक्ति आयो र भन्यो: 'अस्सलामु अलैकुम वा रहमातुल्लाही वा बारकातुहु' अल्लाहका रसूल (स.) ले सलामको जवाफ दिए र त्यो मानिस बस्यो, रसूल (स.) ले भन्नु भयो : तिस।

अहमद (२०२६७), अबू दाऊद (५१९५), तिर्मिधि (२६८९), नसाई अल - कुब्रा (१००९७) र अल्बानीले यसलाई साहिहको दर्जा दिए।

سرمایہ پر عمل

## सम्पत्ति-३०७

### 138 - अल्लाहको बाटोमा सीमाहरूको रक्षा गर्दा मृत्यु हुनु

**लाभ:** - उसको कर्महरू कयामत को  दिनसम्म उसको लागि बढ्नेछ, र पुण्य कर्म जारी रहने छ।

**प्रमाण:** ★फदाला बिन उबैद (रअ) ले  बताउनु भयो कि अल्लाहका रसूल(स.) ले भन्नु भयो:  प्रत्येक  मानिषको कर्म उस्को मृत्युहुन साथ रोकिन्छ, सिवाये त्यस व्यक्ति को जस्को मृत्यु अल्लाहको बाटोमा सीमाहरूको रक्षा गर्दा भयो, र उसको कर्महरू कयामत को दिनसम्म उसको लागि बढ्नेछ, र ऊ कबरको परीक्षाबाट सुरक्षित हुनेछ।

★इरबाज बिन सारीया (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसुल (स.) ले भन्नु भएको छ: प्रत्येक मानिषको कर्म उस्को मृत्युहुन साथ रोकिन्छ, सिवाये त्यस व्यक्ति को जस्को मृत्यु अल्लाहको बाटोमा सीमाहरूको रक्षा गर्दा भयो,  कन भने उसको कर्महरू कयामत को  दिनसम्म उसको लागि बढीरहने छ, र उसले पउने रोजी पीइरहन्छ।

★ सलमान (रअ) ले बताउनु भयो कि :  मैले अल्लाहका रसूल (स.) ले भनिरहेको सुनेको छु कि: र जो कोही अल्लाहको बाटोमा सीमाहरूको रक्षा गर्ने मर्छ भने, कयामत सम्मउसको पुण्यकर्म बढि रहनेछ, ।

★ सलमान अल-फरासी (रअ) ले भन्नु हुन्छ कि : मैले अल्लाहका रसूल (स.) ले भनिरहेको सुनेको छु कि:  यदि अल्लाहको बाटोमा सीमाहरूको रक्षा गर्दा मृत्यु भयो भने, उसको पुण्य कर्म जारी रहनेछ।

अबू दाऊद (2500), तिर्मिधि (1621), अहमद (24584), र इब्न अल - अरबी र अल्बानीले यसलाई साहिह वर्गीकृत गरे

तबरानीले अल-कबीर (६४१) मा र अल्बानीले यसलाई सहिहको दर्जा दिएका छन्

मुस्लिम (१९१३), तिरमिदी (१६६५) र अल्बानीले यसलाई सहिहको दर्जा दिएका छन्

سرمایہ پر عمل

## सम्पत्ति-३०८


### 139- मोअज्धिन को जवाफ दिए पछि, अल्लाह सित रसूल (स.) को  लागि वसीला माग्नु, यो भनेर: (अल्लाहुम्मा रब्बा हजिही-द वातित्ताम्मह..)

**लाभ**: उसको निम्ति कयामत को दिन रसुल (स.) लाई सिफ़ारिश को अनुमति दिइनेछ।

**प्रमाण:** ★ जबिर बिन अब्दुल्लाह (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसुल (स.) ले भन्नु भएको छ: जसले अजान सुने पछि यो भन्छ : "अल्लाहुम्मा रब्बा हजिही-द वातित्ताम्मह वस्सलातिल् कायेमह, आति मुहम्मदनिल वसिलत वल फजिलह, वा-इब्अस् हु मुकामान महमुदान, अल्लजि वअद्तहु" कयामत को दिन त्यस व्यक्ति ले मेरो सिफारिस पाउनेछ

★ अब्दुल्लाह बिन अमर बिन अल-अस (रअ) ले उल्लेख गर्नु हुन्छ कि उनले रसुल (स.) लाई भनिरहे को सन्नु भएको छ: जब तिमीहरूले मुअद्दीनको अजान सुन, तब उस्ले भनेझै भनेर जवाफ देउ,र फेरि म माथि दरुद पठाँउ, किन भने जस्ले म माथि दरूद पठाउन्छ अल्लाहले उस माथि दस कृपा आशिष् पठाउनु हुन्छ, फेरि अल्लाह सित मेरो लागि "वसीला" माग, र "वसीला" स्वर्गको एक श्रेणी हो जुन मात्र अल्लाह को भक्तहरू को लागी उचित छ, र म आशा गर्दछु कि मै नै त्यो भक्त हुनेछु, र जसले मेरो लागी वसिला माग्द छ उसले सिफारिस पाउनेछ।

बोखारी (६१४)मुस्लिम (३८४)




## सम्पत्ति-३०९

### १४०- बिहान र साँझ दस पटक रसुल (स.) माथि दरूद पठाउँनु

**लाभ:** कयामत को दिन रसुल (स.) को सिफ़ारिश प्राप्त हुन्छ।

**प्रमाण:** अबु दर्दा (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसुल (स.) ले भन्नु भएको छ: "जसले मलाई बिहान दस पटक र साँझ दस पटक दरुद पठाउँछ, उसलाई कयामत को दिन मेरो सिफारिस प्राप्त हुन्छ।

तबरानीले यस हदीसलाई दुई सनद ले बायान गरे, ती मध्ये एक जय्येद हो र यसका सबैजाना विश्वसनीय छन्, जसरी हैथमीले "मजमा अल - जावेद" (10)120) 17022 मा भने, र सुयुतीले यसलाई हसनको रूपमा वर्गीकृत गरे।

سرمایہ پر عمل

## सम्पत्ति-३१०

### १४१- सुरह अल-बकराह र आले-'इमरान को वाचन

**लाभ:** ति दुई सुरह ले तिनीहरूलाई पढ्ने वाला हरूको लागि सिफारिस गर्नेछन्

**प्रमाण:** अबु उमामह अल-बाहीली (रअ) (रअ) ले उल्लेख गर्नु हुन्छ कि उनले रसुल (स.) लाई ले भन्नु भएको छ:

कुरान पढ्ने गर ; यो आफ्ना वाचरहरूको लागि सिफारिस कर्ताको रूपमा आउँनेछ, र (जहरावैनल)दुई सुन्दर उज्ज्वल सुरह पढ्नेगर: अल-बकारा र आले-इमरान; किनभने तिनीहरू कयामत को दिन दुईवटा बादल, वा शितल छाँया, वा पङ्क्तिमा पखेटा फैलाएर दुई बथानमा उडिरहोको पंक्षीहरू जस्तै आफ्नो वाचन गर्ने वालाहरू को समर्थन गर्दै अउनेछन्,

मुस्लिम (८०४)

سرمایہ پر عمل

## सम्पत्ति-३११

### १४२- आफ्ना आमाबाबुका मित्रहरूसँग सम्बन्ध कायम राख्नु

**लाभ**: भलाइको उत्कृष्ट कार्य।

**प्रमाण:** अब्दुल्लाह बिन उमर (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसुल (स.) ले भन्नु भएको छ: व्यक्तिले आफ्नो बुबाका प्रियजनहरू सँग राम्रो नाता र व्यवहार राख्नु भलाईको उत्तम कार्य हो।

मुस्लिम (२५५२)

سرمایہ پر عمل

## सम्पत्ति-३१२

### 143- सुरह {इधा जुल्जिलात} पढ्नु

**लाभ:** आधा कुरानको पढ्ने बराबर पुण्य मिल्छ।

**प्रमाण:** इब्न 'अब्बास (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसुल (स.) ले भन्नु भएको छ:

सुरह {इधा जुल्जिलात} आधा कुरानको बराबर छ।

तिर्मिधि (3152), इब्न कय्यिम र सुयुतीले यसलाई साहिह वर्गीकृत गरे।

سرمایہ پر عمل

## सम्पत्ति-३१३

**१४४- {कुल हुवल्लाहु अहद} पढ्नु**

**लाभ:** एक तिहाइ कुरानको बराबर पुण्य प्राप्त हुन्छ

**प्रमाण:** अबु दर्दा (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसुल (स.) ले भन्नु भएको छ:अल्लाहका रसूल सल्लल्लाहु अलैहि व सल्लमले भन्नु भएको छ: "के तिमीहरूमध्ये कसैले पनि एक रातमा एक तिहाई कुरआन पढ्न सक्दैन? तिनीहरू सोधे: कसरी एक तिहाइ कुरान (एक रातमा) पढ्न सक्छ? , उहाँले भन्नुभयो: भन्नुहोस्: {कुल हुवल्लाहु अहद} कुरआनको एक तिहाइ बराबर हो। मुस्लिम (811)

سرمایہ پر عمل

## सम्पत्ति-३१४

**145- सुरह {कुल या आय्युहल- काफिरन} पढ्नु**

**लाभ:** कुरानको एक चौथाइ बराबर पुण्य प्राप्त हुन्छ

**प्रमाण:** इब्न अब्बास (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसुल (स.) ले भन्नु भएको छ: {कुल या अय्युहल-काफिरन} कुरानको एक चौथाई बराबर छ।

तिर्मिधि (३१५२), र सुयुती र अल्बानीले यसलाई साहिह श्रेणीकृत गरे।

سرمایہ پر عمل

## सम्पत्ति-३१५

**146- बिहानै मस्जिदमा जानु र कुरानको केही श्लोकहरू पढ्नु**

**लाभ:** ( पढिएको श्लोक हरूको संख्या जे भए पनि) त्यति नै संख्यामा ऊँटहरू भन्दा उत्तम छ।

**प्रमाण:** उक्बा बिन अमीर (रअ) ले वर्णन गरे कि: जब हामी सुफ्फामा ( मस्जिद नब्वी मा एक ठाँउ) थियौं, अल्लाहका रसूल (स.) आउनुभयो र भन्नुभयो: तिमीहरू मध्ये कसले हरेक बिहान बुत्हान वा अल-अकीक (मदिना मा ठाउँ को नाम) सम्म गएर त्यहाँ बाट दुईवटा ठूला ठूला hump भएका ऊँटहरू पाप नगरी वा नाताको सम्बन्ध नतोडिकन ल्याउन चाहन्छ-? हामीले भन्यौं: अल्लाहको रसूल(स.), हामी यो गर्न चाहन्छौं।
उहाँले भन्नुभयो, "किन तिमीहरूमध्ये कोही पनि बिहानको समयमा मस्जिदमा गएर अल्लाहको किताबबाट दुईवटा श्लोकहरू पढ्दैन वा ज्ञान प्राप्त गर्दैन,? त्यसो गर्नु दुई ऊँटभन्दा उत्तम हो, र तीन श्लोकहरू (तीन) ऊँटभन्दा उत्तम हो, र चार श्लोकहरू (चार) ऊँटभन्दा उत्तम हो , र पढिएको श्लोक हरूको संख्या जे भए पनि त्यति नै संख्यामा ऊँटहरू भन्दा उत्तम हो
मुस्लिम (८०३)

# खण्ड चार:
# स्वयम् आत्मिक उद्देश्यहरू पूरा गर्न कार्य हरू
# (३१ सम्पत्तिहरू)

سرمایہ پر عمل

# सम्पत्ति-३१६

## १-अल्लाह को डर

**लाभ:** मृत्युको समयमा फरिशताहरूले अल्लाह बाट सुसमाचार सुनाउँछन् , र अल्लाहको कृपा प्राप्त हुन्छ, र कुरानबाट लाभ हुन्छ।

**प्रमाण:** ★ अल्लाह ले भन्नु हुन्छ: यी तिनीहरू हुन् जसले ईमान ल्याए र आत्मसंयमी रहे , तिनीहरूको निम्ति सांसारिक जीवनमा पनि शुभसन्देश छ, र परलोकमा पनि। अल्लाहको कुरामा परिवर्तन हुँदैन, यहि त ठूलो सफलता हो (युनुस ६३-६४)

★अल्लाह ले भन्नु हुन्छ: र डर मान जसबाट तिमीमाथि दया गरियोस्(अल अन्आम १५५)

★अल्लाह ले भन्नु हुन्छ: मेरो दयालुताबाट सबैकुरा अच्छादित छन्। र त्यो दया ती मानिसहरूको नाममा अवश्य लेख्नेछु जो अल्लाहसित डरछन् (अल आराफ १५६)

★अल्लाह ले भन्नु हुन्छ: हे मोमिनहरू ! अल्लाहसित डर र उसको रसुलहरूमाथि ईमान ल्याऊ। अल्लाहले तिमीलाई आफ्नो दयाको दुईगुणा भाग प्रदान गर्नेछ (अल हदिद २८)

★अल्लाह ले भन्नु हुन्छ: यस किताब (कुरआनलाई अल्लाहको ग्रन्थ हुनु) मा कुनै संदेह छैन(अल बकरह २)

★अल्लाह ले भन्नु हुन्छ: र नि:सन्देह यो (कुरआन) परहेजगारहरूको(अमात्मसयंमीहरूको) निम्ति एउटा उपदेश हो(अल हाक्काह ४८)

سرمائے پر عمل

# सम्पत्ति-३१७-३१८

२-३ - हज र उम्रामा मुणडन गर्नु वा कपाल काट्नु

**लाभ:** रसूल (स.) ले दुई पटक वा तीन पटक टाउको मुण्डन गर्नेहरूमाथि कृपा को लागि प्रार्थना गर्नुभयो, र केवल एक पटक कपाल काट्नेहरूका लागि।

**प्रमाण:** अब्दुल्लाह बिन उमर (रअ) ले उल्लेख गर्नु हुन्छ कि  रसूल (स.) ले भन्नुभएको छ: "हे अल्लाह! मुण्डन गर्नेहरूमाथि कृपा गर्नुहोस्, मानिसहरूले भने: "हे अल्लाहका रसूल (स.) जसले आफ्नो कपाल काट्छ  (उसको लागि पनि प्रार्थना गर्नु होस्), रसूल (स.) ले भन्नु भयो: "हे अल्लाह! मुण्डन गर्नेहरूमाथि कृपा गर्नुहोस्, मानिसहरूले भने: "हे अल्लाहका रसूल (स.) जसले आफ्नो कपाल काट्छ  (उसको लागि पनि प्रार्थना गर्नु होस्), रसूल (स.) ले भन्नु भयो: जसले आफ्नो कपाल काट्छ  (उ माथि पानि कृपा होस्) लैस ले भन्नु भयो :  मलाई नाफेले एक वा दुई पटक बताए  कि: मुण्डन गर्नेहरूमाथि कृपा होस्, र उबैदुल्लाह ले भने कि नाफे ले बताए र चौथो पटक "र कपाल काट्नेहरू" भने।

बुखारी (१७२७) र मुस्लिम (१३०१)

سرمایہ پر عمل

# सम्पत्ति-३१९

## ४- अस्रको नमाज अघि चार रकत नमाज पढ्नु

**लाभ:** रसूल (स.) (ले) यस्तो व्यक्तिको लागि कृपा को प्रार्थना गर्नु भएको छ।

**प्रमाण:** इब्ने उमर (रअ) ले उल्लेख गर्नु हुन्छ कि  रसूल (स.) ले भन्नुभएको छ: अल्लाहले अस्रको नमाज भन्दा पहिले चार रकअत पढ्नेहरू माथि कृपा गरून्।

अबू दाऊद (१२७१), तिर्मिधि (४३०), अहमद (६०८८), इब्न हिब्बान (२४५३), र उनीले, सुयुति र इब्न बजले यसलाई साहिहको दर्जा दिए।

## सम्पत्ति-३२०

### ५– अल्लाहको जिक्र को निम्ति भेला हुनु

**लाभः** अल्लाहको कृपा आउन्छ, र फरिशताहरूले आकाशसम्म आफ्नो पखेटाले ढाकि दिन्छन

**प्रमाणः** ★अबू हुरैरा र अबू सईद खुद्री (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसूल (स.) ले भन्नुभएको छः मानिसहरू जब अल्लाहलाई सम्झन र जिक्र गर्न निम्ति बस्द छन्, तब फरिशताहरूले (आफ्नो पखेटाले) ढाकि दिन्छन, र (अल्लाह) को कृपा ले छोपि दिन्छ।

★अबू हुरैरा (रअ) बाट कथीत छ कि अल्लाहका रसूल (स.) ले भन्नु भएको छ किः केहि अल्लाहको फरिश्ताहरू बाटोमा यताउता जिक्र गर्नेवाला हरूको खोजीमा हिंड्ने गर्छन्, जब केहि जिक्र गर्ने मानिसहरूलाई भेट्दछन्, उनीहरूले एकअर्कालाई पुकार्छन् र भन्छन्, "आऊ, जुन कुरा तिमीले खोजिरहेका छौ, र तिनीहरूले आफ्नो पखेटाले तिनीहरूलाई घेरेर राख्छन्, यहाँसम्म कि तल्लो आकाश पूर्ण रूपमा ढाकिन्छ छ, रसूल (स.) ले भन्नु हुन्छः अल्लाह ले ति फरिश्ता सगँ सोध्नुहुन्छन्, -र उहाँलाई पहिलै देखिनै ज्ञान छ-, मेरो भक्तहरू ले के भनिरहेको छन्?, फरिशताहरूले भन्छन्: तिनीहरूले सुब्हानल्लाह, अल्लाहुअक्बर, अल्हमदुलिल्लाह, र प्रशस्त रूपले प्रशंसा गरिरहेका छन्,

मुस्लिम (२७००) बुखारी (६४०८)

## सम्पत्ति-३२१

### ६- क्याम अल-लैल (रात्रि नमाज) को लागि उठ्नु र आफ्नो पत्नीलाई पनि उठाउनु, उसको अनुहारमा पानी छर्केर भए पनि।

**लाभः** अल्लाहको कृपा प्राप्ति।

**प्रमाण:** जाबिर बिन अब्दुल्लाह (रअ) ले बताउनुहुन्छ कि अल्लाहको रसूल (स.) ले भन्नुभयो: अल्लाहले राती उठेर नमाज पढ्ने र आफ्नो पत्नीलाई नमाज को लागि उठाउने मानिस माथि कृपा गरून्; यदि पत्नी उठ्न मानेन भने, उसको अनुहारमा पानी छर्किने गर्छ, अल्लाहले रातमा उठेर नमाज पढ्ने र आफ्नो श्रिमान लीई उठाउने महिला माथि दया गरून्; यदि श्रिमान उठ्न मानेन भने, उसको अनुहारमा पानी छर्किने गर्छे।

अबू दाऊद (1308), नसाई अल - कुब्रा (1302), र सुयुती र अल्बानीले यसलाई साहिह वर्गीकृत गरे।

سرمایہ پر عمل

## सम्पत्ति-३२२

**७ - किनबेच र पैस लेनदेन गर्दा सरलता अपनाउनु।**

**लाभ:** अल्लाहको कृपा प्राप्ति।

प्रमाण: जाबिर बिन अब्दुल्लाह (रअ) को वर्णन छ कि अल्लाहका रसूल (स.) ले भन्नुभयो: अल्लाहको कृपा उसमाथि होस् जसले खरीद, बिक्री र आफ्नो पैसा फिर्ता माग्नमा सरलता अपनाउन्छ।

बुखारी (2076),

سرمایہ پر عمل

## सम्पत्ति-३२३

**८- पाप वा सम्बन्ध तोड्ने जस्तो कुरा समावेश नभएको प्रार्थना गर्नु**

**लाभ:** यस्ता प्रार्थनाहरू तुरुन्तै स्विकार गरिन्छ।

**प्रमाण:** अबू सइद अल - खुद्री (रअ) ले उल्लेख गर्नु हुन्छ कि अल्लाहका रसुल (स.) ले भन्नु भयो: "कुनै मुस्लिम ले पाप वा सम्बन्ध तोड्ने जस्तो कुराहरू बाट मुक्त कुराहरूको प्रार्थना गर्छ भने , अल्लाह ले तीन कुराहरू मध्य एक कुरा प्रदान गर्नु हन्छ: या त उस्को प्रार्थनी तुरन्तै स्विकार हुन्छ, वा अर्को संसारमा उस्को लागि भण्डार गरिदिइन्छ, वा उस्लाई त्यस प्रार्थना बराबर दुष्ट बाट सुरक्षित गरिदिइन्छ

श्रोता हरू ले भने " त्यसो भए हामीले झन बढि प्रार्थना गर्छौं, रसुल (स) ले भन्नु भयो : अल्लाह ले झनै बढि दिनु हुन्छ

अहमद (११३०२) र अल्बानीले यसलाई सहीहमा श्रेणीकरण गरे।

سرمایہ پر عمل

## सम्पत्ति- ३२४

### 9-कसैको अनुपस्थितिमा उस्कै लागि प्रार्थना गर्नु

**लाभ:** प्रार्थनाको स्विकार गरिन्छ र फरिशता हरू ले त्यस्ता व्यक्तिको लागि प्रार्थना गर्छन् ।

**प्रमाण:** अबु दर्दा (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसूल (स.) ले भन्नुभएको छ: कुनै मुस्लिमले अनुपस्थित मुस्लिम भाईको लागि गरेको प्रार्थना स्विकार गरिन्छ, हरेक चोटि जब उसले आफ्नो भाइको भलाइको लागि प्रार्थना गर्छ, यस विशेष कार्यको लागि नियुक्त फरिशता ल् भन्छ: अमीन! तिम्रो लागि पनि त्यस्तै कल्याण होस).

मुस्लिम (2733)

سرمایہ پر عمل

## सम्पत्ति-३२५

### 10 -रात्रि को विशेष समय मा अन्तिम एक तिहाइ रात बाँकी हुदा अल्लाह सित प्रार्थना गर्नु

**लाभ:** प्रार्थना हरू कबुल गरिन्छ।

**प्रमाण:**★ जाबिर (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसूल (स.) ले भन्नुभएको छ: "रात्रिमा एक समय यस्तो हुन्छ कि, त्यस समयमा कुनै मुसलमानले अल्लाहसँग यस दुनिया र आखिरत् (परलोक) मा भलाईको लागि प्रार्थना गर्यो भने, उस्ले मीगेको कुरा प्रदान गरिन्छ, र यो समय प्रत्यक रातमा हुन्छ ।

★अबू हुरैरा (रअ) बाट कथीत छ कि अल्लाहका रसूल (स.) ले भन्नु भएको छ, " हाम्रा , धन्य र उच्चमहान पालनकर्ता अल्लाह, प्रत्येक रात एक तिहाई रात बाँकी हुँदा तल्लो आकाशमा अवतरित हुन्छन्, र भन्दछन्: मलाई कसले बोलाउँछ त मैले स्विकार गरूँ? कसले म सगँ माग्छ त मैले उस्लाई प्रदान गरूँ? कसले क्षमा याचना गर्छ त मैले उसलाई माफ गरिदिउँ?

मुस्लिम (757),बुखारी (११४५) र मुस्लिम (७५७)

سرمایہ پر عمل

## सम्पत्ति-३२६

### 11-बुधवार जोहर र अस्र को बीचको समयमा प्रार्थना

**लाभ:** प्रार्थना हरू कबुल गरिन्छ।

**प्रमाण:** जाबिर इब्न अब्दुल्लाह (रअ) ले भन्नुभयो: अल्लाहको रसूल (स.) ले सोमबार, मंगलबार र बुधबार मस्जिद- अलफत्ह मा प्रार्थना गर्नुभयो, बुधबार को दिन प्रार्थना स्विकार गरियो, यो कुरा ले रसुल (स.) को अनहार उज्यालो भयो,

जाबिर (रअ) ले भन्नुहुन्छ कि: जब जब मलाई कुनै कष्ट समस्य भयो मैले त्यही समय लाई पर्खियेे,र प्रार्थना गरे र मेरो प्रार्थना स्विकार गरियो।

अहमद (14787) र अल्बानीले यसलाई हसनको दर्जा दिये।

سرمایہ پر عمل

## सम्पत्ति-३२७

### 12- युनुस (अस) ले गरेको प्रार्थना गर्नु "ला इलाहा इल्ला अन्ता सुब्हानक इन्नि कुन्तु मिनाज्जालिमीन"

**लाभ:** प्रार्थना हरू कबुल गरिन्छ।

**प्रमाण:** साद (रअ) (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसूल (स.) ले भन्नुभएको छ:, युनुस (अस) ले ह्वेलको पेटमा गरेको प्रार्थना "ला इलाहा इल्ला अन्ता सुब्हानक इन्नि कुन्तु मिनाज्जालिमीन" हो, कुनै पनि मुस्लिमले कुनै पनि कुरा को लागी यो प्रार्थना को माध्यम ले बिन्ती गर्यो भने , प्रार्थना स्विकार गरिन्छ।

नसीई अल - कुब्रा (१०४१७), तिर्मिधि (३५०५),अहमद (३५०५) र अल्बानीले यसलाई साहिह वर्गीकृत गरे।

سرمایہ پر عمل

## सम्पत्ति-३२८

**13- शुक्रबारको विशेष समयमा उभिएर नमाज पढ्नु र प्रार्थना गर्नु।**

**लाभ:** प्रार्थना कबुल गरिन्छ।

**प्रमाण:** अबू हुरैराह (रअ) ले उल्लेख गर्नु हुन्छ कि अल्लाहका रसूल (स.) ले शुक्रबारको बारेमा कुरा गर्दै भन्नुभयो: शुक्रबारको एक समय छ, जसमा एक मुस्लिम ले नमाज पढे र कुनै पनि कुरा को लागि प्रार्थना गर्यो भने, उस्लाई त्यो कुरा प्रदान गरिन्छ, र उहाँले (उहाँमाथि शान्ति होस्) आफ्नो हातले संकेत गर्नुभयो कि यो समयको अवधि धेरै नै छोटो छ।

बुखारी (९३५) र मुस्लिम (८५२)

سرمایہ پر عمل

## सम्पत्ति-३२९

**१४ - प्रार्थना गर्दा हात उठाउनु**

**लाभ**: प्रार्थना कबुल गरिन्छ।

**प्रमाण:** सलमान फारसी (रअ) ले उल्लेख गर्नु हुन्छ कि रसूल (स.) ले भन्नुभएको छ: अल्लाह लज्जाशील र दानी हुनुहुन्छ, कुनै व्यक्तिले मागिरहदा उठाएको दुईटा हात रित्तो फर्काउन लाज मान्नु हुन्छ।

तिर्मिधि (3556), र सुयुती र अल्बानीले यसलाई साहिह श्रेणीकृत गरे।

سرمایہ پر عمل

## सम्पत्ति-३३०

**१५-अजान र इकामा बीच प्रार्थना गर्नु ।**

**लाभ**: प्रार्थना कबुल गरिन्छ।

**प्रमाण:** अनस बिन मलिक (रअ) ले उल्लेख गर्नु हुन्छ कि  रसूल (स.) ले भन्नुभएको छ: अजान र इकामाको बीचमा गरिएको प्रार्थना अस्वीकार हुदैन।

अबु दाउद (521) र अल्बानीले यसलाई सहिहको दर्जा दिए।

سرمایہ پر عمل

## सम्पत्ति-३३१

**१६- मुअध्दिनको अजान को जवाफ दिएपछि प्रार्थना गर्नु**

**लाभ:** प्रार्थना कबुल गरिन्छ।

**प्रमाण:** अब्दुल्लाह इब्न अमर इब्न अल-आस (रअ) बाट वर्णन छ कि:  एक व्यक्तिले भन्यो:  हे अल्लाहका रसूल (स.): मुआध्दिनहरू ले हामीभन्दा बढी उत्तम पुण्य गर्छन्, अल्लाहका रसूल (स.) ले भन्नु भयो: "उनीहरूले जे अजान मा जे भन्छन् त्यही भन, र अन्तमा प्रार्थना गर, प्रदान गरिन्छ ।

अबू दाऊद (५२४), नसाई अल - कुब्रा (९७८९), इब्न हिब्बान (१६९५), र उनले र अल्बानीले यसलाई साहिह वर्गीकृत गरे ।

سرمایہ پر عمل

## सम्पत्ति-३३२

**17- राती उठ्दा "ला इलाहा इल-लाल्लाह वाह्दाहु ला शारिका लहु लहु-मुल्क..." भन्नु र फेरि प्रार्थना गर्नु।**

**लाभ:** प्रार्थना स्विकार गरिन्छ।

